# संसद दर्पण

वर्ष २ अंक ५ २०७३ श्रावण



व्यवस्थापिका-संसद सचिवालय,

सिंहदरवार, काठमाडौं

२०७३

# संसद दर्पण


| वर्ष २ | अंक ५ | २०७३ श्रावण |
|---|---|---|


सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को व्यवस्था वमोजिम प्रकाशित


**प्रकाशन समिति**

| | | |
|---|---|---|
| उपसचिव (सहायक प्रवक्ता) श्री सुदर्शन कुइकेल | - | संयोजक |
| शाखा अधिकृत श्री राजन घिमिरे | - | सदस्य |
| लेखा अधिकृत श्री केशवप्रसाद कोइराला | - | सदस्य |
| शाखा अधिकृत श्री संजय दाहाल | - | सदस्य |
| शाखा अधिकृत श्री लक्ष्मण अर्याल | - | सदस्य |
| शाखा अधिकृत (सूचना अधिकारी) श्री सहजित राई | - | सदस्य सचिव |



व्यवस्थापिका-संसद सचिवालय

सिंहदरवार, काठमाडौं
२०७३

**प्रकाशक :** सूचना तथा जनसम्पर्क शाखा

व्यवस्थापिका-संसद सचिवालय, सिंहदरवार, काठमाडौं

www.can.gov. np

information@can.gov.np

४२०००२१, ४२०००७२, ४२०१३४, ४२००२१०

**कम्प्यूटर सेटिङ्ग :** पूर्णेन्द्र पाण्डेय
करन भाट

**संख्या :** १००० प्रति

**मुद्रण :** व्यवस्थापिका-संसद सचिवालय, अफसेट प्रेस, संसद भवन, सिंहदरवार

# सम्पादकीय

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ मा व्यवस्था भए वमोजिमका विषयवस्तुहरुलाई समेटी व्यवस्थापिका-संसद सचिवालयले हरेक तीन-तीन महिनामा संसद दर्पण नामक पुस्तक प्रकाशन गर्दै आएको छ । यस पुस्तकले व्यवस्थापिका-संसद र सो अन्तर्गतका समितिहरुका गतिविधि तथा व्यवस्थापिका-संसद सचिवालयका गतिविधिहरुलाई अद्यावधिक गरी सार्वजनिक गर्ने उद्देश्यका साथ सुरुवात गरिएको पुस्तकको यस अंकमा २०७३ वैशाखदेखि ०७३ असारसम्म व्यवस्थापिका-संसद, यसका समितिहरु एवं व्यवस्थापिका-संसद सचिवालयमा भए गरेका कार्यहरुलाई समेटिएको छ ।

यस पुस्तकको प्रकाशनले व्यवस्थापिका-संसद र व्यवस्थापिका-संसद सचिवालयबारे जानकारी राख्ने जोसुकैको लागि पनि उपयोगी हुने कुरामा हामी विश्वस्त छौं । यस अंकमा समेट्न नसकिएका विषयवस्तुहरुलाई आगामी अंकहरुमा समेट्दै जाने कुरामा प्रकाशन समिति दृढ छ साथै प्रकाशनमा देखिएका कमी कमजोरीलाई आगामी अंकहरुमा सुधार गरिंदै जाने व्यहोरा अवगत गराउँदै पाठकहरुबाट महशुस गरिएका सुझाव एवं प्रतिक्रियाहरु लिखित वा मौखिक रुपमा information@can.gov.np मा वा ०१-४२००२१० पाउने अपेक्षा गर्दछौं । धन्यवाद ।

**प्रकाशन समिति**

# बिषय सूची

व्यवस्थापिका-संसद अन्तर्गतका विषयगत समितिका गतिविधिहरु ........ १

विधायन समिति ........ १

राज्य व्यवस्था समिति ........ ४

उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समिति ........ ८

सामाजिक न्याय तथा मानव अधिकार समिति ........ १२

सुशासन तथा अनुगमन समिति ........ १५

सार्वजनिक लेखा समिति ........ १८

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समिति ........ २३

कृषि तथा जलस्रोत समिति ........ २४

संसदीय सुनुवाई विशेष समिति ........ ३१

अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति ........ ३४

अर्थ समिति ........ ४०

वातावरण संरक्षण समिति ........ ४०

बिकास समिति ........ ४८

हुलाकी राजमार्ग बिरगञ्जका स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव ........ ४९

हुलाकी राजमार्ग जनकपुरको स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव ........ ५१

कर्णाली अञ्चलको समग्र विकासका सम्बन्धमा गरेको स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव ........ ५३

व्यवस्थापिका-संसद सचिवालय ........ ५६

विधेयक शाखामा दर्ता भएका विधेयकहरुको विवरण ........ ५६

सूचना तथा जनसम्पर्क शाखा ........ ५८

अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वयशाखा ........ ५९

शाखाबाट २०७३ वैशाख देखि असार मसान्त सम्म सम्पादित मुख्य कार्यहरुको विवरण ........ ५९

प्रश्न तथा विवरण शाखा ........ ५९

जनशक्ति विकास महाशाखा ........................................................................................................ ६०

कार्य व्यवस्था शाखा........................................................................................................................६३

विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था र प्रयोग ..........................................६३

संवैधानिक व्यवस्था.........................................................................................................................६३

संविधानको संक्रमणकालिन व्यवस्था.............................................................................................६३

व्यवस्थापिका-संसद नियमावलीमा रहेको व्यवस्था..........................................................................६३

२०४६ पछि हालसम्म प्रस्तुत विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी विवरण ..................... ६४

विश्वासको मत .................................................................................................................................६४

अविश्वासको प्रस्ताव ........................................................................................................................६४

अनुसूची १

आम्दानी, खर्च तथा आर्थिक कारोवारको विवरण ...............................................................६६

अनुसूचि–२

२०७३ वैशाख बाट २०७३ असार मसान्त सम्म बसेकाबैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण ..................................................................................................................७०

# व्यवस्थापिका-संसद

## व्यवस्थापिका-संसद अन्तर्गतका विषयगत समितिका गतिविधिहरु
## विधायन समिति

<table>
<tr><th>मिति</th><th>समितिको निर्णय</th></tr>
<tr><td>२०७३।१।३१</td><td>यस समिति अन्तर्गत गठित महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन आ.व.२०७०।७१ का सम्वन्धमा अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न मा० श्री शिव कुमारी गोतामे (सार्की) नगरकोटीज्यूको संयोजकत्वमा मा० श्री अन्जना चौधरी, मा० श्री कृपा राम राना, मा० श्री कृष्णभक्त पोखरेल, मा० श्री गोपाल गिरी, मा० श्री राम चन्द्र चौधरी, मा० श्री लाल बहादुर घले समेत सात सदस्यीय रहेको उपसमितिले तयार गरेको छलफल प्रतिवेदन समितिबाट पारित भयो।</td></tr>
<tr><td>२०७३।१।३१</td><td>यस समितिको मिति २०७३।१।३१ गतेको वैठकले व्यवस्थापिका संसदको वैठकबाट विधायन समितिमा तोकिनु भएका देहाय वमोजिमका माननीय सदस्यज्यूहरुलाई समितिको तर्फबाट स्वागत एवं विधायन समितिमा प्राप्त देवानी तथा फौजदारी संहिता विधेयकका सम्वन्धमा गठन भएको देहायका उपसमितिमा रहने गरी समावेश गरियो ।<br>देवानी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१ को उपसमिति<br><table><tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr><tr><td>१</td><td>मा.श्री टेकवहादुर गुरुङ</td></tr><tr><td>२</td><td>मा.श्री नरहरि आचार्य</td></tr></table><br>देवानी मुद्धाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१ को उपसमिति<br><table><tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr><tr><td>१</td><td>मा.श्री अशोक कोइराला</td></tr></table><br>फौजदारी कसुर सम्बन्धी प्रचलित कानुनलाई संसोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७१ को उपसमिति<br><table><tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr><tr><td>१</td><td>मा.श्री रमेश लेखक</td></tr></table><br>फौंजदारी मुद्दाको कार्यविधि सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१ को उपसमिति</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr>
<tr><td>१</td><td>मा.श्री नरेन्द्र विक्रम नेम्वाङ</td></tr>
</table>
फौजदारी कसुरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१ को उपसमिति
<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr>
<tr><td>१</td><td>मा.श्री आशा वि.क.</td></tr>
</table>
उपसमितिहरु वीच सहजीकरण र समन्वय गर्न बनेको समन्वय उपसमिति
<table>
<tr><th>सि.नं.</th><th>सदस्यको नाम</th></tr>
<tr><td>१</td><td>मा.श्री रमेश लेखक</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२०७३।३।३</td>
<td>यस समितिको मिति २०७२।६।१८ गते वसेको वैठकबाट समितिको वार्षिक प्रतिवेदन तयारी गरी समितिमा पेश गर्न मा० श्री कृष्णभक्त पोखरेलज्यूको सयोजकत्वमा मा० श्री अन्जना चौधरी मा० श्री गोपाल गिरी मा० श्री तारा देवि राई मा० श्री तारिणीदत्त चटौत मा० श्री राम नारायण विडारी मा० श्री राधेश्याम अधिकारी मा० श्री रेवती रमण भण्डारी समेत आठ सदस्यीय रहेको वार्षिक प्रतिवेदन मस्यौदा कार्यदल गठन भएको थियो। मिति २०७३।३।३ गते वसेको कार्यदलको वैठकले आवश्यक संशोधन एवं परिमार्जन सहित पारित गरी समिति समक्ष पेश भएको प्रतिवेदन समितिको मिति २०७३।३।३ गते वसेको वैठकले पारित गरी व्यवस्थापिका संसद समक्ष पेश गर्ने निर्णय भयो ।</td>
</tr>
<tr>
<td>२०७३।३।५</td>
<td>यस समितिको मिति २०७३।३।५ गतेको वैठकले व्यवस्थापिका संसदको वैठकबाट विधायन समितिमा तोकिनु भएका देहायका माननीय सदस्यज्यूहरुलाई समितिको तर्फबाट स्वागत एवं विधायन समितिमा प्राप्त देवानी तथा फौजदारी संहिता विधेयकका सम्वन्धमा गठन भएको देहायका उपसमितिमा रहने गरी समावेश गरियो ।<br>
१. फौजदारी कसुर सम्बन्धी प्रचलित कानुनलाई संसोधन तथा एकीकरण गर्न बनेको विधेयक २०७१ को उपसमिति
<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr>
<tr><td>१</td><td>मा.श्री सुवासचन्द्र नेम्वाङ्ग</td></tr>
</table>
२. फौजदारी मुद्दाको कार्यविधि सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७१ को उपसमिति
<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th></tr>
<tr><td>१</td><td>मा.श्री सिमाकुमारी वि.क.</td></tr>
</table>
</td>
</tr>
<tr>
<td></td>
<td>यस समितिमा प्राप्त भएका देवानी तथा फौजदारी संहिता विधेयकहश्रका सम्वन्धमा सरोकारावालहरुसंग राय सुझाव संकलनको लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गर्न समितिबाट स्वीकृत कार्ययोजना अनुसार देहाय वमोजिम कार्य सम्पन्न भयो।</td>
</tr>
</table>

<table>
<tr><td></td><td>

- मिति २०७३।१।१६ गते देखि २० गतेसम्म इलाम, धनकुटा र विराटनगरमा राय सुझाव र प्रतिक्रियाको लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गरियो ।
- मिति २०७३।२।२ गते देखि ८ गतेसम्म पोखरा, वाग्लुङ्ग र बुटवलमा राय सुझाव र प्रतिक्रियाको लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गरियो ।
- मिति २०७३।२।२२ गते देखि २९ गतेसम्म तुल्सीपुर, नेपालगञ्ज, सुर्खेत र जुम्लामा राय सुझाव र प्रतिक्रियाको लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गरियो ।
- मिति २०७३।३।१३ गते देखि १८ गतेसम्म महेन्द्रनगर र दिपायलमा राय सुझाव र प्रतिक्रियाको लागि अन्तर्क्रियात्मक कार्यक्रम संचालन गरियो ।

</td></tr>
<tr><td>२०७३।३।...</td><td>

विधायन समितिमा देहायका विधेयकहरु प्राप्त भएका छन ।

१. सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक

२. न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्वन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक

३. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

मिति २०७३।३।२४ गते वसेको समितिको वैठकले माथि उल्लेखित विधेयकहरुका सम्वन्धमा दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न देहायका उपसमिति गठन भयो ।

१. न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्वन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक उपसमिति

<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th><th></th></tr>
<tr><td>१</td><td>मा. श्री प्रेमवहादुर गिरी</td><td>संयोजक</td></tr>
<tr><td>२.</td><td>मा. श्री आशा वि.क.</td><td>सदस्य</td></tr>
<tr><td>३.</td><td>मा. श्री कर्णवहादुर थापा</td><td>सदस्य</td></tr>
<tr><td>४.</td><td>मा. श्री गोपाल गिरी</td><td>सदस्य</td></tr>
<tr><td>५.</td><td>मा. श्री लालवहादुर रावल</td><td>सदस्य</td></tr>
</table>

२. सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक उपसमिति

<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th><th></th></tr>
<tr><td>१</td><td>मा.श्री अन्जना चौधरी</td><td>संयोजक</td></tr>
<tr><td>२.</td><td>मा.श्री कु.टेकु नेपाली</td><td>सदस्य</td></tr>
<tr><td>३.</td><td>मा.श्री तारिणीदत्त चटौत</td><td>सदस्य</td></tr>
<tr><td>४.</td><td>मा.श्री प्रतिक्षा मुखिया तिवारी</td><td>सदस्य</td></tr>
<tr><td>५.</td><td>मा.श्री राम दुलारी चौधरी</td><td>सदस्य</td></tr>
<tr><td>६.</td><td>मा.श्री शिवकुमारी गोतामे (सार्की) नगरकोटी</td><td>सदस्य</td></tr>
</table>

</td></tr>
</table>

<table>
<tr><td></td><td>३. केही नेपाल कानूनलाई संशोधन्, एकीकरण, समायोजन र खारेज गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक उपसमिति<br>
<table>
<tr><th>सि.नं.</th><th>माननीय सदस्यको नाम</th><th></th></tr>
<tr><td>१</td><td>मा.श्री रमेश लेखक</td><td>संयोजक</td></tr>
<tr><td>२.</td><td>मा.श्री अकवाल अहमद शाह</td><td>सदस्य</td></tr>
<tr><td>३.</td><td>मा.श्री अशोक कोइराला</td><td>सदस्य</td></tr>
<tr><td>४.</td><td>मा.श्री आशा चतुर्वेदी</td><td>सदस्य</td></tr>
<tr><td>५.</td><td>मा.श्री कृपाराम राना</td><td>सदस्य</td></tr>
<tr><td>६.</td><td>मा.श्री रामसिंह यादव</td><td>सदस्य</td></tr>
</table></td></tr>
<tr><td>२०७३।३।३१</td><td>दफावार छलफल गरी समिति समक्ष प्रतिवेदन पेश गर्न गठित न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्वन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक उपसमितिले उक्त विधेयकका संशोधनकर्ता माननीय सदस्यहरु र कानून, न्याय तथा संसदीय मामिला सचिवज्यूलाई आमन्त्रण गरी संशोधन प्रस्ताव विधेयकमाथि व्यापक छलफल गरी सुझाव सहितको प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भयो ।</td></tr>
</table>

## राज्य व्यवस्था समिति

| मिति | काम |
|---|---|
| २०७३/०१/०२ | सशस्त्र प्रहरी बलको काम कारबाही र कार्य योजना सहितका विविध विषयमा सशस्त्र प्रहरी बल मुख्यालय, हल्चोकमा स्थलगत रुपमा भ्रमण गरी जानकारी लिने कार्यक्रम सम्पन्न भयो । |
| २०७३/०१/१६ | समितिको बैठकमा आमन्त्रित माननीय सामान्य प्रशासन मन्त्री र सामान्य प्रशासन मन्त्रालयकानिमित्त सचिवसँग "सामान्य प्रशासन मन्त्रालयको चालु आ.व.को बार्षिक नीति, कार्यक्रम र वजेट कार्यान्वयनको प्रगति तथा आगामी आ.व.का लागि प्रस्तावित नीति, कार्यक्रम तथा वजेट" सम्बन्धमा छलफल भयो । छलफल पश्चात समितिबाट सामान्य प्रशासन मन्त्रालयलाई देहाय बमोजिम निर्देश दिने निर्णय गरियो ।<br>• सामान्य प्रशासन मन्त्रालय अन्तर्गतका निकायहरुको चालु आ.व. २०७२/०७३ को कार्य प्रगतिको विवरण लिखित रुपमा ७ दिन भित्र उपलब्ध गराउन समिति सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।<br>• सामान्य प्रशासन मन्त्रालयको आगामी आ.व. २०७३/०७४ को नीति एवं कार्यक्रमका प्राथमिकताहरु लिखित रुपमा समितिमा उपलब्ध गराउन समिति सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।<br>• निजामति सेवा अन्तर्गत आधिकारिक ट्रेड युनियनको निर्वाचनको मिति पटक पटक परिवर्तन गरिएकोमा समितिको ध्यानाकर्षण भएको छ । अतः आगामी जेठ १९ गतेको लागि तय भएको निर्वाचन परिवर्तन नगर्न समिति सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ । |

| | |
|---|---|
| २०७३/०१/१७ | समितिको वैठकमा आमन्त्रित माननीय उप-प्रधान तथा रक्षा मन्त्री र रक्षा मन्त्रालयका सचिवसँग "रक्षा मन्त्रालयको चालु आ.व.को बार्षिक नीति, कार्यक्रम र वजेट कार्यान्वयनको प्रगति तथा आगामी आ.व.का लागि प्रस्तावित नीति, कार्यक्रम तथा वजेट" सम्बन्धमा छलफल भयो । उक्त छलफलका आधारमा समितिबाट रक्षा मन्त्रालयलाई देहाय बमोजिम निर्देश दिने निर्णय गरियो ।<br>● राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विधेयक यथाशक्य छिटो संसदमा पेश गर्न र राष्ट्रिय सुरक्षा नीतिको विस्तृत प्रारुप अबिलम्ब तयार गर्न समिति नेपाल सरकार, रक्षा मन्त्रालयलाई निर्देश गर्दछ ।<br>● नेपाली सेनालाई विपद व्यवस्थापन, क्षमता अभिबृद्धि लगायतका कार्यमा अझ प्रभावकारी बनाउनका लागि स्रोत साधन सम्पन्न बनाउनु पर्ने भएको हुँदा त्यसका लागि आवश्यक बजेट व्यवस्था गर्न समिति नेपाल सरकार, रक्षा मन्त्रालयलाई निर्देश गर्दछ ।<br>● नेपाली सेनाबाट प्रस्तुत भएको १० बर्षे दीर्घकालीन योजना कार्यान्वयनका लागि प्रत्येक आर्थिक बर्षका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्दै त्यसको सफल कार्यान्वयन तर्फ जोड दिन समिति नेपाल सरकार, रक्षा मन्त्रालयलाई निर्देश गर्दछ । |
| २०७३/०१/२२ | समितिको वैठकमा आमन्त्रित माननीय सामान्य प्रशासन मन्त्री, सामान्य प्रशासन मन्त्रालयका सचिव र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवसँग "संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हालै गरिएको कर्मचारी सरुवा तथा काजका सम्बन्धमा र गा.वि.स. सचिवको पदपूर्ति" सम्बन्धमा छलफल गरी सो सम्बन्धसम्बन्धमा जानकारी लिइयो । |
| २०७३/०१/३० | समितिको वैठकमा आमन्त्रित लोक सेवा आयोगका माननीय अध्यक्ष र सचिवसँग "समितिबाट लोक सेवा आयोगलाई दिइएको निर्देशन कार्यान्वयनको प्रगति र परिवर्तित सन्दर्भमा आयोगको कार्ययोजना र तयारीका सम्बन्धमा" छलफल भयो । उक्त छलफलका आधारमा समितिबाट नेपाल सरकार, अर्थ मन्त्रालय र लोक सेवा आयोगलाई देहाय बमोजिम निर्देश दिने निर्णय गरियो ।<br>● नेपालको संविधान अनुसार लोक सेवा आयोगको क्षेत्राधिकार विस्तार भएको र यस अनुसारको भूमिका वहन गर्न, आयोगको काम कारवाहीलाई आधुनिक प्रविधियुक्त बनाउन एवं आयोगको परीक्षा प्रणालीलाई थप बैज्ञानिक बनाउन, भुकम्पबाट भत्किएका आयोगका भौतिक संरचना पुनर्निर्मण गर्न लोक सेवा आयोगबाट औचित्य सहित माग भएको बजेटको व्यवस्था गर्न समिति नेपाल सरकार, अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।<br>● राज्यबाट प्रदान हुने सेवा प्रवाहलाई सर्वसाधारण जनता सम्म पुऱ्याउन राज्यको प्रतिनिधिको रुपमा गा.वि.स. सचिव रहेको तर हाल सम्म सबै गा.वि.स. हरुमा सचिवको पदपूर्ति हुन नसकेको तर्फ समितिको ध्यानाकर्षण भएको छ । अतः सचिवको पदपूर्ति अविलम्ब गर्न र यसका लागि लोक सेवा आयोगले पूरा गर्नु पर्ने दायित्व निर्वाह गर्न समिति नेपाल सरकार र लोक सेवा आयोगलाई निर्देश गर्दछ ।<br>समितिको आजको बैठकमा सामाजिक व्यवहार सुधार विधेयक, २०७१ का सम्बन्धमा प्रतिबेदन पेश गर्न गठित उपसमितिका संयोजक मा. नविन्द्रराज जोशीको तर्फबाट उपसमितिका सदस्य मा. गौरीकुमारी ओलीले उपसमितिले |

| | |
|---|---|
| | सम्पादन गर्नुपर्नेकार्य अझ बाँकी नै रहेको हुनाले उपसमितिको कार्यावधि मिति २०७३ असार मसान्त सम्म थप गर्न राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो । |
| २०७३/०२/०५ | श्री नेपाली सैनिक प्रतिष्ठान, खरिपाटी, भक्तपुरको काम कारवाही सहित विविध बिषयमा जानकारी लिन स्थलगत निरीक्षण तथा छलफल कार्यक्रम सम्पन्न भयो । |
| २०७३/०२/१० | श्री विरेन्द्र शान्ती कार्य तालिम केन्द्र, पाँचखालको काम कारवाही सहित विविध बिषयमा जानकारी लिन स्थलगत निरीक्षण तथा छलफल कार्यक्रम सम्पन्न भयो । |
| २०७३/०२/२१ | समितिको वैठकमा आमन्त्रित माननीय सामान्य प्रशासन मन्त्री, सामान्य प्रशासन मन्त्रालयका सचिव र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवसँग "संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हालै गरिएको कर्मचारी सरुवा तथा काजका सम्बन्धमा र गा.वि.स. सचिवको पदपूर्ति सम्बन्धमा," छलफल गरी सो सम्बन्धमा जानकारी लिइयो । |
| २०७३/०२/२७ | श्री नेपाली सैनिक वार कलेज, नगरकोट, भक्तपुरको काम कारवाही सहित विविध बिषयमा जानकारी लिन स्थलगत निरीक्षण तथा छलफल कार्यक्रम सम्पन्न भयो । |
| २०७३/०२/२८ | व्यवस्थापिका-संसद, राज्य व्यवस्था समिति र नेपाल प्रहरी बीच संघीय प्रणालीमा नेपाल प्रहरीको संरचनात्मक व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । |
| २०७३/०३/०७ | समितिको वैठकमा आमन्त्रित माननीय गृह मन्त्री, सामान्य प्रशासन मन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्री, गृह मन्त्रालयका सचिव, सामान्य प्रशासन मन्त्रालयका सचिव र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिवसँग "संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हालै गरिएको कर्मचारी सरुवा तथा काज र गा.वि.स. सचिवको पदपूर्ति सम्बन्धमा, गृह मन्त्रालयबाट भएको सरुवा तथा काजका सम्बन्धमा" सम्बन्धमा छलफल भयो । उक्त छलफलका आधारमा समितिबाट गृह मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई देहाय बमोजिम निर्देश दिने निर्णय गरियो ।<br><br>● संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय लगायतका मन्त्रालयमा हुने गरेको सरुवा एवं काज र यस सम्बन्धमा सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीहरुले व्यक्त गर्नुभएको धारणाहरुप्रति समितिको ध्यानाकर्षण भएको छ । अत: सरुवा एवं काज सम्बन्धमा विद्यमान निजामति सेवा ऐन र नियमावलीमा गर्नुपर्ने सुधार एवं परिमार्जनका बिषयहरु लिखित रुपमा ७ दिनभित्र यस समितिलाई उपलब्ध गराउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयलाई समिति निर्देश गर्दछ ।<br><br>● संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयबाट हालै गरिएको सरुवा एवं काजको विस्तृत विवरण समितिमा ७ दिनभित्र उपलब्ध गराउन सम्बन्धित मन्त्रालयहरुलाई समिति निर्देश गर्दछ । |
| २०७३/०३/१२ | समितिको वैठकमा आमन्त्रित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, सामान्य प्रशासन मन्त्रालयका सचिव र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिवसँग "राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जनशक्ति व्यवस्थापन र कार्य सञ्चालन प्रक्रियाका सम्बन्धमा" छलफल भयो । उक्त छलफलका आधारमा समितिबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र नेपाल सरकार, सामान्य प्रशासन |

| | |
|---|---|
| | मन्त्रालयलाई देहाय बमोजिम निर्देश दिने निर्णय गरियो ।<br>● भूकम्प अति प्रभावित १४ जिल्लाहरुमा उप-क्षेत्रीय कार्यालय तथा अन्य प्रभावित जिल्लाहरुमा आवश्यक संरचना अविलम्ब स्थापना गरी पुनर्निर्माण लगायतका अन्य सेवा तदारुकताका साथ संचालन गर्न समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।<br>● राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको माग अनुसार आवश्यक जनशक्ति आपूर्ति गर्न विभिन्न स्तरका कर्मचारीहरु अविलम्ब उपलब्ध गराउन समिति नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ । |
| २०७३/०३/१७ | ● समितिको बैठकमा एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICIMOD)बाट तयार गरिएको"The Impact of Nepal's 2015 Gorkha Earthquake-Induced Geohazards"प्रतिवेदन प्रस्तुत भई छलफल भयो ।<br>● समितिको २०७३/०३/२० गते बस्ने बैठकमा बर्षायामको समयमा उत्पन्न हुन सक्ने बाढी, पहिरो लगायत प्राकृतिक प्रकोप व्यवस्थापनका लागि सरकार र सम्बन्धित निकायहरुबाट भईरहेका पूर्व तयारीको अवस्थाका सम्बन्धमा छलफल गर्न मा. उप-प्रधान तथा रक्षा मन्त्री, मा. गृह मन्त्री, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका उल्लेखित बिषय सँग सम्बन्धित पदाधिकारीहरु तथा नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधिलाई आमन्त्रण गर्ने निर्णय गरियो । |
| २०७३/०३/२० | समितिको बैठकमा बर्षायामको समयमा उत्पन्न हुन सक्ने बाढी, पहिरो लगायत प्राकृतिक प्रकोप व्यवस्थापनका लागि सरकार र सम्बन्धित निकायहरुबाट भईरहेका पूर्व तयारीको अवस्थाका सम्बन्धमा छलफल भयो । उक्त छलफलका आधारमा समितिबाट देहाय बमोजिम निर्देश दिने निर्णय गरियो ।<br>● "बर्षायामको बर्षायामको समयमा हुन सक्ने बाढी, पहिरो लगायतका प्राकृतिक प्रकोपको समयमा उद्धार एवं राहतको कार्यलाई प्रभावकारी बनाउन केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहका निकाय एवं संस्थाहरुलाई स्रोत साधन सहित पूर्ण तयारीको अवस्थामा रहन एवं आपसी समन्वय प्रभावकारी बनाउनका लागि समन्वयात्मक बिशेष कार्य सञ्चालन केन्द्र (Co-ordinated Special Operation Center)स्थापना गरी कार्य गर्न समिति नेपाल सरकार, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललाई निर्देश गर्दछ र उपरोक्त सरकारी निकायहरुसँगको समन्वयमा विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न नेपाल रेडक्रस सोसाइटीको ध्यानाकर्षण गर्दछ ।<br>● बाढी, पहिरो, भूकम्प लगायतका प्राकृतिक प्रकोपको समयमा उद्धार एवं राहतको कार्यलाई प्रभावकारी बनाउन नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतका निकायहरुबाट औचित्य सहित माग भएको बजेट उपलब्ध गराउन समिति नेपाल सरकारलाई निर्देश गर्दछ ।<br>● प्राकृतिक प्रकोपको समयमा हुन सक्ने मानवीय एवं भौतिक क्षतिलाई कसरी कम गर्न सकिन्छ भन्ने बिषयमा अभिमूखिकरण एवं पूर्वाभ्यासलाई व्यापक रुपमा जनस्तरमा सञ्चालन गर्ने व्यवस्था मिलाउन समिति नेपाल सरकारका सम्बन्धित निकायलाई निर्देश एवं नेपाल रेडक्रस सोसाइटीको ध्यानाकर्षण |

| | |
|---|---|
| | गर्दछ ।"<br>समितिको २०७३/०३/२१ गते बस्ने बैठकमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण आयोगबाट भए गरेका काम, कारबाहीहरुका सम्बन्धमा छलफल गर्ने निर्णय गरियो । |
| २०७३/०३/२१ | समितिको बैठकमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण आयोगबाट भए गरेका काम, कारबाहीहरुका सम्बन्धमा जानकारी लिन आयोगका अध्यक्षसँग छलफल भयो । |

# उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३।१।७ | • नेपाली सेना सार्वजनिक निकाय भएकोले त्यस्तो निकाय वाट हुने खरिद प्रकृयामा सार्वजनिक खरिद ऐन र नियमावली पूर्णतः पालना हुन पर्ने र यस्तो निकाय अझ पारदर्शी र उत्तरदायी हुनुपर्नेमा समितिको गम्भीर ढंङ्गले ध्यानाकषर्ण भएकोले यस सम्वन्धमा थप अझ छलफल गर्न समितिको आमामी वैठकमा मा. रक्षामन्त्री, नेपाली सेनाका अधिकारी, उजुरीकर्ता उद्योगी व्यवसायी, उद्योग विभाग, गुणस्तर तथा नापतौल विभाग लगायत सम्वन्धित सरोकारवालाहरुसंग छलफल गरी निष्कर्षमा पुग्ने निर्णय भयो ।<br>• महिला उद्यमशीलता विकास उपसमितिको संयोजक पदमा मा. श्री छाँयाँ शर्मा पन्त लाई मा. सभापतिज्यूले प्रस्ताव गर्नु हुँदा बैठकले अनुमोदन गऱ्यो ।<br>• समिति अन्तरगत गठित अन्य उपसमितिहरुले आपसमा वैठक गरेर एकहप्ता भित्र संयोजक चयन गर्न उपसमितिका मा. सदस्यहरलाई बैठकमा मा. सभापतिले निर्देशन दिनु भयो । |
| २०७३।१।१० | • एल.पी. ग्याँसको आपूर्ति, भण्डारण र वितरण व्यवस्थाको तत्कालीन र दिर्घकालीन कार्ययोजना वनाई दुई हप्ता भित्र समिति समक्ष पेश गर्न आपूर्ति मन्त्रालयलाई पुनः निर्देशन दिने ।<br>• उपभोक्ताहरुले अझै पनि सहज रुपले एल.पी. ग्याँस प्राप्त गर्न नसकिरहेको अवस्थामा वितरण प्रणालीमा समस्या देखिएकोले उद्योगी, बिक्रेता र विरतकहरुलाई उपभोक्ता प्रतिको जिममेवारी पुरा गर्ने, गराउने कार्यमा आपूर्ति मन्त्रालयले आवश्यक नीति तथा व्यवस्था साथै भएका ऐन कानून र निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन र अनुगमनमा गम्भिररुपले पहल लिन निर्देशन दिने ।<br>• एल.पी. ग्याँसको आपूर्ति र वितरण प्रक्रीयालाई व्यवस्थित गर्न यस अघि व्यवस्थापिका-संसद र संसदीय समितिवाट पेश भएका प्रतिवेदनहरुका सुझावहरु अविलम्व कार्यान्वयन गर्न, गराउन आपूर्ति मन्त्रालयलाई पुनः निर्देशन दिने ।<br>• उपभोक्ताहरुले सहज रुपले एल.पी. ग्याँस प्राप्त गर्ने वातावरण वनाउन उपभोक्ताकार्ड लगायत सिलिण्डर सहज तवरले साट्न सक्ने व्यवस्था गर्न के कस्तो प्रकृया अवलम्वन गर्नु आवश्यक हुन्छ भन्ने सन्दर्भमा नेपाल आयल निगम र |

| | |
|---|---|
| | व्यवसायी बीच गृहकार्य गरी नेपाल आयल निगमले एक महिना भित्र मन्त्रालय मार्फत संसदीय समितिमा पेश गर्ने गराउने व्यवस्थाकालागि आपूर्ति मन्त्रालयलाई निर्देशन दिने ।<br>● मुलुकमा स्थापित औद्योगिक क्षेत्रहरुको वर्तमान अवस्था साथै प्रस्तावित नयाँ औद्योगिक क्षेत्रहरुको उद्देश्य र आवश्यकताका सम्वन्धमा जानकारी लिन समितिको आगामी १४ गते वस्ने वैठकमा माननीय उद्योगमन्त्रीलाई आमन्त्रण गर्ने । |
| २०७३।०१।१४ | ● मुलुकको आर्थिक समृद्धि अबको अनिवार्य शर्त र आवश्यकता भएकोमा व्यवस्थापिका-संसद्को यो समिति सचेत रहेकोले उद्योगमैत्री वातावरण बनाउने कार्यमा आवश्यक नीति निर्माण लगायत अन्तर मन्त्रालय समन्वय गर्ने कार्यमा समितिको राय, सल्लाह सुझाव र मार्गनिर्देशनसहित कार्य गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिने ।<br>● औद्योगिकीकरण, उद्योगमैत्री औद्योगिक नीति, लगानीको वातावरण, श्रम सम्बन्ध लगायतका विषयहरु समेतमा अन्तर मन्त्रालयगत सरोकार रहने हुनाले समितिको आगामी बैठकमा अर्थ, कृषि, वन, पर्यटन, श्रम, उद्योग र वाणिज्य मन्त्रालय लगायत सम्बद्ध मन्त्रालयहरुसँग छलफल गर्ने ।<br>● हाल सञ्चालनमा रहेका औद्योगिक क्षेत्रहरु पूर्ण क्षमतामा सञ्चालन गरी देखिएका समस्याहरु प्रभावकारी रुपले समाधान गर्न साथै नयाँ औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्रहरुको स्थापना गर्दा अध्ययन अनुसन्धान गरी औद्योगिक सम्भाव्यताका आधारमा क्षेत्रगत रुपले गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिने ।<br>● वर्तमान समयमा देखिएको आपूर्ति र उपभोक्ताको हित सम्बन्धी विषय, उत्तरी नाका चालु गर्ने विषय लगायत उद्योगी व्यवसायीहरुको समस्या सम्बन्धी अध्ययनका लागि देहाय बमोजिमको कार्यक्रम सहित मा. सदस्यहरुको एक टोलीले ४ नं. प्रदेशको स्थलगत अध्ययन भ्रमण गर्ने र सो कार्यक्रमको स्वीकृतिका लागि सम्माननीय सभामुखज्युमा अनुरोध गर्ने ।<br>भ्रमण गर्ने स्थान : ४ नं प्रदेश अन्तर्गत पर्ने कास्की, मुस्ताङ्ग जिल्लाहरु<br>भ्रमण कार्यक्रम : मिति २०७३ बैशाख १६ गते देखि ऐ. २१ गतेसम्म<br>भ्रमणमा रहने मा. सदस्यहरु<br>१. मा. श्री महेन्द्र शेरचन<br>२. मा. श्री चन्द्र महर्जन<br>३. मा. श्री नागेन्द्र थारु<br>४. मा. श्री जनक बुढा<br>५. मा. श्री कञ्चनचन्द्र वादे<br>६. मा. श्री शयन्द्र बान्तवा |
| २०७३।०२।०९ | ● उपभोक्ताहरुले वर्तमान समयमा भोग्नुपरेको समस्याहरु र संसदीय समितिले खेल्नुपर्ने भूमिकाका सम्वन्धमा उपभोक्ता अधिकारका लागि क्रियाशील विभिन्न संघ संस्थाका पदाधिकारीहरुसंग छलफल भयो ।<br>● आजको बैठकमा उपभोक्ता अधिकारकर्मीहरुले दैनिक उपभोग्य वस्तुहरुको मूल्य अनियन्त्रित किसिमले वृद्धि भएको, अनुगमनका लागि जिम्मेवार सरकारी निकायहरुले प्रभावकारी रुपले अनुगमन गर्न नसकेको, औषधी लगायत स्वास्थ्य क्षेत्रमा उपभोक्ताहरु लुटिदै आएको सरकारले औषधीको मूल्य निर्धारण गरेतापनि व्यवसायिको |

| | |
|---|---|
| | दवावमा कार्यान्वयनमा आउन नसकेको, शिक्षा र यातायात क्षेत्रमा समेत चरम रुपमा उपभोक्ता ठगिएको, जस्ता विषयहरु समिति समक्ष राख्नुभएको थियो ।<br>● बजारमा वस्तु तथा सेवाको मूल्य अनुगमन, नियन्त्रण र विश्लेषणका लागि कानूनी एवं संरचनागत व्यवस्था हुनु पर्ने, बजार अनुगमनका लागि जिम्मेवार आपूर्ति व्यवस्थापन विभागलाई प्रभावकारी वनाइनुपर्ने, संयुक्त वजार अनुगमन निर्देशिका वमोजिम कार्य हुनु पर्ने, उपभोक्ता हित संरक्षण परिषद् लगायतका निकायहरु क्रियाशील हुनुपर्ने, संसदीय समितिले मन्त्रालय, विभागलाई जिम्मेवार वनाउन प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने र विषयगत रुपमा उपसमिति वनाई जनताले अनुभूति गर्ने गरी कार्य गर्नु गराउनु पर्ने लगायतका सुझावहरु वैठकमा प्रस्तुत भएका थिए ।<br>● उपभोक्ता अधिकारकर्मीहरुसंगको छलफल पश्चात उपभोक्ताहरुले भोग्नुपरेको समस्या सम्वन्धमा उठेका विषयहरुलाई तत्काल सम्वोधन गर्न के कस्ता कार्ययोजना सहित कार्यसम्पादन गर्ने र सरकारलाई कसरी उत्तरदायी तुल्याई आम उपभोक्ता हरुको समस्या समाधान गर्ने भन्ने योजना सहितको सुझाव एक हप्ता भित्र पेश गर्न माननीय जनक बुढाको संयोजकत्वमा मा. श्री दिलमान पाखिन, मा. श्री मन कुमार गौतम, मा. श्री शयन्द्र वान्तवा, मा. श्री अनारकली मिया, मा. श्री रमेश लामा, मा. श्री राज्य लक्ष्मी श्रेष्ठ रहनु भएको उपसमिति गठन गर्ने निर्णए भयो ।<br>● मिति २०७३।१।१६ देखी १।२० सम्म भएको संसदीय टोलिको मुस्ताङ्ग जिल्लाको कोरला नाका अवलोकन भ्रमणको प्रतिवेदन भ्रमण टोलिका संयोजक मा. महेन्द्र शेरचनज्यूले समिति समक्ष पेश गर्नुभयो ।<br>● त्यसैगरी दुर्गम जिल्लाहरुमा भएको खाद्यन्न अभाव साथै आउँदो वर्ष याम र चाडपर्वहरुकालागि आवश्यक खाद्य सम्वन्धी योजनाका सम्वनधमा छलफल गर्न आपूर्ति मन्त्री र नेपाल खाद्य संस्थानका पदाधिकारीलाई १२ गते वस्ने वैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय भयो । |
| २०७३।२।१२ | ● लामो खडेरीका कारण समेत थप खाद्यन्न अभावको पीडामा रहेका कर्णाली अञ्चलका हुम्ला, कालिकोट, डोल्पा र मुगु जिल्ला साथै बाजुरा जिल्लाका गाँउहरुमा कामकालागि खाद्यन्न अन्तरगत वितरण गर्ने सरकारको निर्णय अनुसार समयमै खाद्यन्न उक्त दुर्गम जिल्ला र गाँउहरुमा पुऱ्याउन साथै ढुवानी खर्च नपुगेको, वर्षातको समय भएको भन्ने कारण देखाई अभाव भएको क्षेत्रमा खाद्यन्न नपुगी संस्थानकै गोदाममा सड्न वा कुहिन नहुनेमा जिममेवार व्याक्तिहरु सचेत भई कार्य गर्न आपूर्ति मन्त्रालय र नेपाल खाद्य संस्थानलाई निर्देशन दिने ।<br>● आपूर्ति व्यवस्थापन विभगले हालसम्म गर्दै आएको वजार अनुगमन प्रभावकारी र उपलब्धीमूलक नभएको हुँदा बस्तुको खरिद गर्दाको स्रोतको मूल्य, राजस्व प्रयोजनकालागि कायम भएको मूल्य, ढुवानी, थोक तथा खुद्रा मूल्य समेतको विश्लेषण गरी खुद्रा तहमा मात्र नभै आयातकै स्रोत र थोक तहमा समेत अनुगमन गर्न, गराउन आपूर्ति मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो । |
| २०७३।३।१३ | ● उपभोक्ताहरुले भोग्नु परेको समस्या सम्वन्धमा उठेका विषयहरुलाई तत्काल सम्वोधन गर्न के कस्ता कार्ययोजना सहित कार्यसम्पादन गर्ने र सरकारलाई कसरी उत्तरदायी तुल्याई आम उपभोक्ताहरुको समस्या समाधान गर्ने भन्ने योजना सहितको सुझाव पेश गर्न गठित उपसमितिका संयोजक मा. श्री जनक बुढाले उपसमितिको प्रतिवेदन |

| | |
|---|---|
| | समितिमा पेश गर्नु भयो । उक्त प्रतिवेदनमाथि मा. सदस्यहरुले आ-आफ्नो धारणा प्रस्तुत गुर्नभयो ।<br>● समिति अन्तरगत गठित उपसमितिहरुको संयोजक चयनको विषय, आगामी बैठकको कार्यसूचि सम्वन्धी विषय र समितिलाई प्रभावकारी वनाउने विषय सम्वन्धमा मा. सदस्यहरुले आ-आफ्नो धारणा समिति समक्ष राख्नु भयो । |
| २०७३।३।१९ | ● विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकमाथि परेको संशोधन उपर दफावार छलफल भयो ।<br>● आजको बैठकमा माननीय उद्योग मन्त्रीले विधेयको आवश्यकता र औचित्यताका सम्वन्धमा समिति समक्ष प्रकाश पार्नुभयो । विधेयकको संशोधन उपर दफावार छलफल समितिको आगामी बैठकमा गर्ने निर्णय भयो । |
| २०७३।३।२० | ● समितिले आपूर्ति मन्त्रालय र आयल निगमलाई यसअघि दिएका निर्देशनहरुको कार्यान्वयन र एल.पी. ग्याँस सिलिण्डरको गुणस्तर तथा उपभोक्ताको सुरक्षा सम्बन्धी विषयमा मा. आपूर्ति मन्त्रीसहितको उपस्थितिमा भएको छलफल नसकिएको हुँदा समितिलाई मिति २०७३।३।२१ गते बस्ने बैठकमा निरन्तरता दिने निर्णय भयो । |
| २०७३।०३।२१ | ● समितिले आपूर्ति मन्त्रालय र आयल निगमलाई यसअघि दिएका निर्देशनहरुको कार्यान्वयन र एल.पी. ग्याँस सिलिण्डरको गुणस्तर तथा उपभोक्ताको सुरक्षा सम्बन्धी विषयमा मा. आपूर्ति मन्त्रीसहितको उपस्थितिमा छलफल हुँदा आपूर्ति मन्त्रालयलाई देहायबमोजिम निर्देशन दिने निर्णय भयो ।<br>● एल्.पी. ग्याँस लगायत पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउँदै लगी कम्तीमा ३ महिनालाई पुग्ने भण्डारण क्षमता बनाउने ।<br>● स्वचालित मूल्य प्रणालीको भावना र कानूनी प्रावधान बमोजिम मूल्य समायोजन गर्ने ।<br>● मूल्य स्थिरीकरण कोषको कार्यविधिमा संशोधन गरी कोषमा जम्मा हुने रकम को प्रतिशत बढाउने ।<br>● समितिले यस अघि दिएका निर्देशनहरु कार्यान्वयन गर्न गराउन यस समितिबाट गठन हुने उपसमितिसँग आवश्यक छलफल र प्राप्त निर्देशन बमोजिम कार्य गर्ने गराउने ।<br>● सिलिण्डरको मापदण्ड र सुरक्षात्मक उपायहरुलाई अझ परिमार्जित गरी उपभोक्ताको हितको पक्षमा कार्य गर्ने र सिलिण्डरको गुणस्तरका सम्बन्धमा कडाइका साथ अनुगमन गरी सिलिण्डर उत्पादक वा सिलिण्डर प्रयोग गर्ने उद्योगी जो सुकै दोषी देखिएतापनि कडा कानूनी कारवाहीको दायरामा ल्याउने ।<br>● उपभोक्ताले आफूसँग भएको जुनसुकै सिलिण्डरलाई पनि सहज रुपमा साट्न सक्ने नीतिगत र व्यवहारिक व्यवस्था अविलम्ब कार्यान्वयनमा ल्याउने । |

# सामाजिक न्याय तथा मानव अधिकार समिति

<table>
<tr><th>मिति</th><th>समितिको निर्णय</th></tr>
<tr><td>२०७२।१२।१७</td><td>

- नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनका निम्ति सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्ययोजनामा रहेका क्रियाकलापहरु निर्धारित समय सीमाभित्र प्रभावकारी ढंगले सम्पन्न गर्न आयोगलाई निर्देश गर्ने ।
- सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्ययोजनामा रहेका क्रियाकलापहरु निर्धारित समय सीमाभित्र सम्पन्न गर्न आवश्यक पर्ने पूर्ण र स्पष्ट कानूनी संरचना, भौतिक पूर्वाधार, प्रशासनिक संरचना, आवश्यक जनशक्ति तथा बजेट उपलब्ध गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई पुनः निर्देश गर्ने ।
- शान्ति तथा पुनर्निर्माण मन्त्रालय, द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना अन्तर्गत द्वन्द्वबाट प्रभावित क्षेत्रहरुमा गरिएका पुनर्निर्माण र पुनर्स्थापनाको विद्यमान अवस्थाको अध्ययन गर्न ती क्षेत्रहरुमा केही प्रतिनिधिमूलक जिल्लाहरु जुम्ला, रुकुम र अछामको स्थलगत अनुगमन भ्रमण गर्ने। उक्त जिल्लाहरुको स्थलगत भ्रमणका लागि देहाय बमोजिमका भ्रमण टोली गठन गरियो ।

१. भ्रमण स्थान : जुम्ला जिल्ला, भ्रमण मितिः २०७३।१।१५ देखि १७ सम्म

<table>
<tr><td>१</td><td>मा.श्री सुशील कुमार श्रेष्ठ -संयोजक</td></tr>
<tr><td>२.</td><td>मा.श्री कौशर शाह</td></tr>
<tr><td>३.</td><td>मा.श्री नरबहादुर थापा मगर</td></tr>
<tr><td>४</td><td>मा.श्री श्याम सुन्दर टिवडेवाल</td></tr>
<tr><td>५</td><td>मा.श्री हितराज पाण्डे</td></tr>
<tr><td>६.</td><td>मा.श्री ज्ञानुदेवी गैरे</td></tr>
</table>

२. भ्रमण स्थान : रुकूम जिल्ला, भ्रमण मिति २०७३।१।२१ देखि २३ सम्म

<table>
<tr><td>१</td><td>मा.श्री सुशील कुमार श्रेष्ठ -संयोजक</td></tr>
<tr><td>२.</td><td>मा.श्री अष्टलक्ष्मी शाक्य (बोहरा)</td></tr>
<tr><td>३.</td><td>मा.श्री केदार नन्दन चौधरी</td></tr>
<tr><td>४.</td><td>मा.श्री झुलबहादुर आले</td></tr>
<tr><td>५</td><td>मा.श्री दलजित वि.के.श्रीपाली</td></tr>
<tr><td>६</td><td>मा.श्री दुलारी हरिजन</td></tr>
</table>

३. भ्रमण स्थान : अछाम जिल्ला, भ्रमण मिति २०७३।१।२७ देखि ३१ सम्म

<table>
<tr><td>१</td><td>मा.श्री सुशील कुमार श्रेष्ठ -संयोजक</td></tr>
<tr><td>२.</td><td>मा.श्री उषा यादव</td></tr>
<tr><td>३.</td><td>मा.श्री कृष्णवहादुर छन्तेल थापा</td></tr>
</table>

</td></tr>
</table>

<table>
<tr><td></td><td>
<table>
<tr><td>४</td><td>मा.श्री नरभान कामी</td></tr>
<tr><td>५</td><td>मा.श्री बसुन्धारा रोकाया</td></tr>
<tr><td>६</td><td>मा.श्री राममाया बोगटी</td></tr>
</table>
<ul>
<li>संविधानमा व्यवस्था भएअनुरुप ७ वटा प्रदेशहरुमा महिला अधिकारको अवस्थाका बारेमा अध्ययन र अनुगमनका लागि कार्यक्रम संचालन गर्न समितिका सदस्य मा० श्री अष्टलक्ष्मी शाक्य(बोहरा)ज्यूको संयोजकत्वमा मा.श्री उषा यादव, मा.श्री कौशर शाह, मा.श्री गीता क्षेत्री र मा.श्री तेज कुमारी पौडेल रहेको महिला अधिकार अध्ययन तथा अनुगमन कार्यदल गठन गऱ्यो ।</li>
</ul>
</td></tr>
<tr><td>२०७३।१।१०</td><td>
<ul>
<li>नेपालको शान्ति प्रकृयालाई निश्कर्षमा पुऱ्याउनका निम्ति बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगको कार्ययोजनामा रहेका क्रियाकलापहरु निर्धारित समय सीमाभित्र प्रभावकारी ढंगले सम्पन्न गर्न तथा सम्पन्न गरिएका कामहरुको विवरण समितिलाई जानकारी गराउन आयोगलाई निर्देश गर्ने ।</li>
<li>बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगको कार्ययोजनामा रहेका क्रियाकलापहरु निर्धारित समय सीमाभित्र सम्पन्न गर्न आवश्यक पर्ने पूर्ण र स्पष्ट कानूनी संरचना, भौतिक पूर्वाधार, प्रशासनिक संरचना, आवश्यक जनशक्ति तथा बजेट अविलम्व उपलब्ध गराई समितिलाई १५ दिन भित्र जानकारी गराउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई पुन निर्देश गर्ने ।</li>
</ul>
</td></tr>
<tr><td>२०७३।१।१३</td><td>
<ul>
<li>देशमा ३७ जना युवाहरुलाई कोरिया स्थित पानी जहाजमा काम लगाइदिने भनी United Consultancy ले प्रतिव्यक्ति रु.आठ लाखका दरले उठाई सम्वन्धित कार्यालयका कर्मचारीहरुको मिलेमतोमा गरेको ठगी प्रकरणका सन्दर्भमा समितिको मिति २०७२।१।६ गतेको वैठकले सम्वन्धित मन्त्रालयलाई दिएको निर्देशन, उक्त निर्देशनको कार्यान्वयनमा देखिएको ढिला सुस्ती र उदासिनता तथा दोषी कर्मचारीहरुलाई मन्त्रालयले कारवाही गर्न नसकिरहेको वर्तमान अवस्थाका सन्दर्भमा अध्ययन अनुगमन गरी १५ दिन भित्र समिति समक्ष प्रतिवेदन पेश गर्न ५ सदस्यीय एक उपसमिति गठन गर्ने ।</li>
</ul>
</td></tr>
<tr><td>२०७३/०२/२५</td><td>
<ul>
<li>शान्ति तथा पुनर्निमार्ण मन्त्रालय, द्वन्द्धोत्तर शान्ति तथा पुनर्निमाण परियोजना अन्तर्गत द्वन्द्वबाट प्रभावित क्षेत्रहरु (जुम्ला, रुकुम र अछाम) मा गरिएका पुनर्निर्माण र पुनस्थापनाको विद्यमान अवस्थाको अध्ययन गर्न गठित स्थलगत अध्ययन अनुगमन टोलीका संयोजक माननीय सभापति श्री सुशिलकुमार श्रेष्ठज्यूले समितिमा प्रतिवेदन पेश गर्नु भयो ।</li>
<li>शान्ति तथा पुनर्निमार्ण मन्त्रालय, द्वन्द्धोत्तर शान्ति तथा पुनर्निमाण परियोजना अन्तर्गत द्वन्द्वबाट प्रभावित क्षेत्रहरुमा गरिएका पुनर्निर्माण र पुनस्थापनाको विद्यमान अवस्थाको अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदनमा रहेका कार्यान्वयनमा लैजाने विषयका सम्बन्धमा समितिमा सिफारिस गर्न मा० श्री अष्टलक्ष्मी शाक्य, मा० श्री कृष्णबहादुर छन्त्याल र मा० श्री हितराज पाण्डे रहनु भएको ३ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।</li>
<li>यही मिति २०७३ असार ३ गते शुक्रबारका दिन सक्रमणकालिन न्यायका सम्बन्धमा विज्ञहरु लगायतसँग छलफल गर्ने गरी आजको बैठक स्थगित गरियो ।</li>
</ul>
</td></tr>
</table>

| | |
|---|---|
| २०७३/०३/२१ | ● द्वन्द्वबाट प्रभावित जुम्ला, रुकुम र अछाम जिल्लाको पुनर्निर्माण तथा पुनर्स्थापनाको वस्तुस्थितिको स्थलगत अनुगमन पश्चात् तयार गरिएको संयुक्त प्रतिवेदनमा समितिले निर्णय लिनु पर्ने भनी सिफारिस गरिएका विषयवस्तुहरु अध्ययन गरी निर्णय/निर्देशनका लागि समितिमा सिफारिस गर्न र सो कार्यान्वयनको अनुगमन गर्न गठित तीन सदस्यीय कार्यदलको प्रतिवेदन पेश भयो ।<br>● काठमाडौको ताहाचलस्थित सोल्टी होटल परिसरमा रिक्रिएशन सेण्टर प्रा.लि. द्वारा सञ्चालित क्यासिनोका पूर्व कामदारहरुको तलब, भत्ता लगायतका सुविधा उपलब्ध नभएको सम्बन्धमा छलफल भई सो सम्बन्धमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न समितिको आगामी बैठकमा एक उपसमिति गठन गर्ने निर्णय गरियो ।<br>● कपिलवस्तु जिल्लाको चन्द्रौटा भन्ने स्थानमा विन्द्यावासिनी सशस्त्र प्रहरी गणका प्रहरीहरुद्वारा एक महिलामाथि बलात्कार भएको भन्ने सम्बन्धमा हालसम्मको अनुसन्धानको अवस्थाबारे नेपाल सरकारले के कस्तो कार्य अगाडि बढाएको छ सो सम्बन्धमा समितिको आगामी बैठकमा जानकारी दिन समिति सचिवलाई निर्देश दिइयो । |
| २०७३/०३/२२ | ● द्वन्द्वबाट प्रभावित जुम्ला, रुकुम र अछाम जिल्लाको पुनर्निर्माण तथा पुनर्स्थापनाको वस्तुस्थितिको स्थलगत अनुगमन पश्चात् तयार गरिएको संयुक्त प्रतिवेदनमा समितिले निर्णय लिनु पर्ने भनी सिफारिस गरिएका विषयवस्तुहरु अध्ययन गरी निर्णय/निर्देशनका लागि समितिमा सिफारिस गर्न र सो कार्यान्वयनको अनुगमन गर्न गठित तीन सदस्यीय कार्यदलको प्रतिवेदनमाथि छलफल भई सो पारित गरियो ।<br>● समितिको वार्षिक प्रतिवेदन तयार गर्न र समितिको आगामी आ.व. २०७३/०७४ को बार्षिक कार्यतालिका तयार गर्नका लागि मा० श्री हितराज पाण्डेको संयोजकत्वमा मा० श्री कमलाकुमारी घिमिरे, मा० श्री चन्द्रादेवी जोशी रहनु भएको ३ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो ।<br>● मिति २०७३ जेठ ३० गते कपिलवस्तु जिल्लाको चन्द्रौटा भन्ने स्थानमा विन्द्यावासिनी सशस्त्र प्रहरी गणका प्रहरीहरुद्वारा एक महिलामाथि बलात्कार भएको भन्ने घटनाको वस्तुस्थितिका सम्बन्धमा अध्ययन र सार्वजनिक सुनुवाइ गरी समितिमा प्रतिवेदन पेश गर्न मा० श्री अष्टलक्ष्मी शाक्य (बोहरा)को संयोजकत्वमा मा० श्री चम्पादेवी खड्का, मा० श्री दिलशोभा पुन (खड्का), मा० श्री दुलारी हरिजन र मा० श्री देवकरणप्रसाद कलवार रहनु भएको ५ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो ।<br>● मिति २०७३ असार २१ गते समितिमा सोल्टी होटलको हाताभित्र सञ्चालित नेपाल रिक्रिएसन सेण्टरका पूर्वकर्मचारीले दिएको उजुरीका विषयमा सम्बन्धित पक्षहरु समेतको उपस्थितिमा भएको छलफलको आधारमा सो विषयको बारेमा अध्ययन गरी समितिमा प्रतिवेदन पेश गर्न गर्न मा० श्री नरबहादुर थापा मगरको संयोजकत्वमा मा० ओङदी शेर्पा, मा० श्री कमला दोङ, मा० कौशर शाह, मा० श्री खड्ग बहादुर बस्याल रहनु भएको ५ सदस्यीय उपसमिति गठन गर्ने निर्णय गरियो।<br>● कपिलवस्तु जिल्लाको चन्द्रौटा भन्ने स्थानमा विन्द्यावासिनी सशस्त्र प्रहरी गणका प्रहरीहरुद्वारा एक महिलामाथि बलात्कार भएको भन्ने सम्बन्धमा हालसम्मको अनुसन्धानको अवस्थाबारे समितिको यही मिति २०७३ असार २४ गते बिहान |

<table>
<tr><td></td><td>८:०० बजे बस्ने बैठकमा माननीय गृह मन्त्री, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षकलाई आमन्त्रण गरी छलफल गर्ने गरी आजको बैठक स्थगित भयो ।</td></tr>
<tr><td>२०७३/०३/२४</td><td>● कपिलवस्तु जिल्लाको चन्द्रौटामा २०७३ साल जेठ ३० गते ३५ वर्षीय एक महिलामाथि विन्द्यावासिनी सशस्त्र प्रहरी गणका केही प्रहरीहरुद्वारा बलात्कार भएको भन्ने घटनाका सम्बन्धमा हालसम्मको अनुसन्धान प्रक्रिया र अनुसन्धानका क्रममा पक्राउ परेका प्रहरी कर्मचारीहरुको संख्या र पीडित महिलाले सांकेतिक रुपमा बताएको अपराधीहरुको हुलिया/संख्याबीच ठूलो अन्तर पाइएको सन्दर्भमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ । पीडितको शारीरिक र मानसिक अवस्था समेतलाई दृष्टिगत गर्दा अनुसन्धान कार्यमा मनोविज्ञ, मनोचिकित्सक लगायतको सहयोग लिनु आवश्यक देखिएको र भइरहेको अनुसन्धान अपर्याप्त देखिएकोले केन्द्रीय स्तरमा एक अनुसन्धान टोली गठन गरी अनुसन्धान प्रक्रियालाई अझै चुस्त र प्रभावकारी बनाउन गृह मन्त्रालयलाई निर्देशन दिने ।<br>● उक्त घटनाको पीडित पक्षलाई क्षतिपूर्ति र मनोसामाजिक परामर्शको व्यवस्था गर्नका लागि गृह मन्त्रालयलाई निर्देशन दिने ।<br>● देशमा बढ्दो हत्या, बलात्कार जस्ता घटनाको सुक्ष्म विश्लेषण सहितको अध्ययन अनुसन्धानकार्य अघि बढाउन र भविष्यमा यस किसिमका आपराधिक घटना हुन नदिन सुरक्षा निकाय मार्फत् निरोधात्मक कार्यक्रमहरु सञ्चालन गर्न, गराउन गृह मन्त्रालयलाई निर्देशन दिने ।<br>● समितिको अर्को बैठक सम्बन्धमा पछि सूचना गर्ने गरी स्थगित भयो ।</td></tr>
<tr><td colspan="2"><u>अन्य क्रियाकलाप/अन्तर्क्रिया कार्यक्रम</u><br>● यहि मिति २०७३ असार ३ गते, होटल हिमालय, ललितपुरमा "नेपालमा संक्रमणकालीन न्यायको अभ्यास र यसका चुनौतीहरु" विषयक अन्तरक्रिया कार्यक्रम समितिका माननीय सभापति, सदस्यज्यूहरु सहित विभिन्न सरोकारवालाहरुको सहभागितामा सम्पन्न गरियो ।<br>● अनशनरत डा० गोविन्द के.सी.को स्वास्थ्य स्थितिका बारेमा माननीय सभापति श्री सुशीलकुमार श्रेष्ठको नेतृत्वमा समितिका माननीय सदस्यज्यूहरु रहनु भएको एक टोलीले स्थलगत रुपमा जानकारी लिई पत्रद्वारा सम्माननीय प्रधानमन्त्रीज्यूलाई ध्यानाकर्षण गरायो ।</td></tr>
</table>

# सुशासन तथा अनुगमन समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३।०२।११ | ● सुशासन समितिले केन्द्र लगायत विभिन्न स्थानहरुमा सम्पन्न गरेका गोष्ठी तथा अनुगमन सम्बन्धमा समितिमा समिक्षा हुँदा कार्यक्रमहरु सफल भएको र राष्ट्र निर्माण र सुशासन प्रबर्धनमा केन्द्र लगायत प्रादेशिक गोष्ठीमा सहभागी सरकारी तथा गैर सरकारी क्षेत्रसंग आबद्ध तथा संबद्ध विभिन्न तह र तप्काका व्यक्तिहरुबाट प्राप्त व्यापक सुझाव तथा प्रतिक्रियाहरु उपयोगी भएको ठहर गर्दै उक्त सुझावहरु सरकार तथा राष्ट्र निर्माण र सुशासन प्रबर्धनमा सरोकार राख्ने गैरसरकारी निकायलाई कार्यान्वयणको लागि लेखी पठाउने निर्णय भयो । आगामी दिनहरुमा यस प्रकारका गोष्ठी तथा अनुगमन कार्यहरु दात्री तथा गैरसरकारी निकायसंगको |

| | |
|---|---|
| | सहकार्यमा गर्नु परेको अवस्थामा आबश्यकता, औचित्यता र ब्यबहारिक पक्षलाई हेरी यस सम्बन्धमा गठित सरकारी तथा गैर सरकारी क्षेत्रबीचको सम्बन्ध तथा भूमिका व्यवस्थापन उपसमितिको सिफारिसमा समितिको निर्णयानुसार गर्ने निर्णय भयो ।<br>● पूर्व पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा गठित उपसमितिको मध्यकालिन प्रतिबेदन उप समितिका संयोजक मा. जनकराज जोशीले पेश प्रस्तुत गर्नु भएकोमा यही जेठ मसान्तसम्म अन्तिम प्रतिबेदन समितिमा पेश गर्ने गरी म्याद थप गर्ने निर्णय भयो ।<br>● समिति अन्तर्गत गठित उपसमितिहरुको संख्यामा हेरफेर तथा समितिमा प्राप्त उजूरीको प्रारम्भिक कारवाहीको लागि अख्तियारी दिने सम्बन्धमा देहाय बमोजिम मा. सदस्य र कार्यक्षेत्र रहेका तीन उपसमिति गठन गर्ने निर्णयको साथै समितिमा प्राप्त उजूरीको प्रारम्भिक कारवाही निर्णयको कार्यान्वयन मूल्यांकन तथा उजुरी व्यवस्थापन उपसमितिले गर्ने गरी सामन्य उजुरी उपसमितिबाटै फरफारक गर्ने र विशेष उजुरीवारे आबश्यक निर्णयको लागि राय सहितको प्रतिबेदन समितिमा पेश गर्ने निर्णय भयो ।<br>**सुशासन अध्यन तथा अनुगमन समितिः**<br>मा. अकवाल अहमद शाह<br>मा अमनलाल मोदी<br>मा. अम्बिका खवास राजबंशी<br>मा. उदय नेपाली श्रेष्ठ<br>मा. कृपासुर शेर्पा<br>मा. जनकराज जोशी<br>मा. दिलनाथ गिरी<br>मा. ध्यानगोविन्द रंजित<br>मा. नगेन्द्रप्रसाद कुमाल<br>मा. नरसिंह चौधरी<br>मा. मिलनकुमारी राजबंशी<br>**कार्यक्षेत्रः**<br>सुशासन सम्बन्धी विविध विषयमा अध्ययन गरी मुलुकमा सुशासन प्रवर्द्धनका लागि सुझावहरु प्रस्तुत गर्न तथा मुलुकको सार्वजनिक सेवा प्रवाह, बजार व्यवस्थापन लगायत नागरिकको प्रत्यक्ष सरोकारका विषयमा निरन्तर अनुगमन गरी राज्यका वर्तमान संयन्त्रहरुलाई सुशासन स्थापनामा क्रियाशील तुल्याउने ।<br>**निर्णयको कार्यान्वयन मूल्यांकन तथा उजुरी व्यवस्थापन उपसमिति**<br>मा. अमनलाल मोदी<br>मा. अमरबहादुर थापा<br>मा. अनिता परियार<br>मा. उदय नेपाली श्रेष्ठ<br>मा. पद्मनारायण चोधरी<br>मा. रामचन्द्र यादव<br>मा. सरोज शर्मा<br>मा. सुशीला नेपाल<br>मा. हर्कबोल राई |

| | |
|---|---|
| | **कार्यक्षेत्र:**<br>समितिले विगतमा गरेका निर्णय तथा निर्देशनहरु सम्बन्धित निकायले कार्यान्वयन गरे-नगरेको अध्ययन तथा ताकेता गर्न, समितिको बैठकको कार्यसूची निर्धारण एवम् बैठक व्यवस्थापनमा सहयोग गर्न तथा समितिमा प्राप्त उजूरीहरु माथि छलफल गरी आवश्यक निर्णय गर्ने ।<br>**सरकारी तथा गैर सरकारी क्षेत्रबीचको सम्बन्ध तथा भूमिका व्यवस्थापन उपसमिति**<br>मा. अकवाल अहमद शाह<br>मा. कमलादेवी महतो<br>मा. कल्पना शर्मा जोशी<br>मा. जनकराज जोशी<br>मा. जीतु गौतम<br>मा. नगेन्दकुमार कुमाल<br>मा. बहादुरसिंह लामा<br>मा. मिलनकुमारी राजबंशी<br>मा. रश्मी ठाकुर<br>**कार्यक्षेत्र:**<br>राष्ट्र निर्माणको क्रममा सरकार सँगै गैरसरकारी संघ-संस्था तथा निकायहरुलाई प्रभावकारी ढंगले आबद्ध गरी ती निकायको भूमिका र दायित्वलाई स्पष्ट पार्न, समान सहभागीता सुनिश्चित गर्न, अन्तरक्रिया एवम् सचेतना कार्यक्रमहरु मार्फत् जवाफदेहीता एवम् पारदर्शीता प्रबर्द्धन गरी मुलुकमा सुशासन स्थापनामा सहयोग गर्न गठन हुने उपसमिति ।<br>● अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगतमा सुशासन तथा अनुगमन समिति र आयोगको सहकार्यमा  सुशासन सम्बन्धमा गोष्ठी तथा अन्तर्क्रियाको आयोजन गर्ने विगतको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल हुँदा उपयुक्त समयको लागि पत्राचार गर्ने र आयोगको परामर्श प्राप्त भए पश्चात समितिले निर्णय गर्ने निर्णय भयो । |
| २०७३।०३।०६ | ● आजको बैठकमा समिति अन्तर्गत गठित “पूर्वपदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा अध्ययन, सिफारिस तथा सोको कार्यान्वयन तथा अनुगमन गर्न गठित उपसमितिको प्रतिवेदन २०७३” माथि छलफलहुँदा “पूर्व राजनैतिक पदाधिकारीहरु, निजामति, जंगी, प्रहरी तथा अन्य सरकारको सिफारिसमा सुविधाभोग गरिरहेका पूर्व पदाधिारीहरु र अन्यले राज्यकोषवाट लिएको र महालेखा नियन्त्रकको कार्यालयको लेखामा रहेका माथि उल्लेखित शीर्षकहरु अन्तर्गतका वार्षिक खर्चको विवरण दुई हप्ताभित्र पठाउन उक्त कार्यालयलाई लेखी पठाउने” र “यस विषयमा समितिले अध्ययन पूरा गरी टुंगो नलागाएसम्म यस विषयको कुनै विधेयक मस्यौदाको कारवाही अगाडि नबढाउन गृह मंत्रालयलाई सुझाव दिने” निर्णय भयो । प्रतिवेदन माथिको छलफल नटुंगिएकोले आउदो बैठमा जारि रहने निर्णय भयो । |
| २०७३।०३।२६ | ● आजको बैठकमा “पूर्वपदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा अध्ययन, सिफारिस तथा सोको कार्यान्वयन तथा अनुगमन गर्न गठित उपसमितिको प्रतिवेदन २०७३” माथि छलफल पूरा भै आवश्यक परिमार्जन गरी सर्वसम्मतिले समितिको प्रतिवेदनको रुपमा ग्रहण गऱ्यो । यो प्रतिवेदनलाई व्यवस्थापिका-संसदमा पेश गरी यसमा भएका सुझाव तथा निर्देशनहरु कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा |

| | |
|---|---|
| | पठाउने निर्णय गरियो । <br>● यस समितिका सदस्य मा० अम्मरबहादुर थापालाई समिति अन्तर्गत गठित सुशासन अध्ययन तथा अनुगमन उपसमितिको सदस्य रहने गरी थप गरियो । |

# सार्वजनिक लेखा समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३/०१/०७ | सोलु कोरिडोर १३२ के. भी. प्रसारण लाइन आयोजना सम्बन्धमा उर्जा मन्त्रालयका प्रतिनिधि र नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशककसँग छलफल भई देहायका निर्णय सर्वसम्मतिले गरियो: <br>● समितिले विगतमा यस विषयमा माग गरेका विवरणहरू विस्तृत रुपमा र माग गरिएको ढाँचामा प्राप्त नभएकोले आइन्दादेखि माग गरिएका विवरण सम्बन्धित सचिव र कार्यकारी प्रमुखबाट हस्ताक्षर गरी माग गरिएको ढाँचामा पेश गर्न निर्देशन दिने र यो व्यहोराको जनकारी सबै मन्त्रालय एवं निकायलाई दिने । <br>● सोलु कोरिडोर सम्बन्धमा देहायका विवरणहरू ०७३/०१/०८ गतेभित्र समितिमा आइपुग्ने गरी उपलब्ध गराउन पुन: पत्र लेख्ने, <br>क) सोलु कोरिडोर सम्बन्धमा हालसम्म भएका निर्णयका सम्पूर्ण विवरणहरू, <br>ख) टेण्डर प्रक्रियाका हालसम्मका कामकारवाहीका विस्तृत विवरणहरू, <br>ग) नेपाल सरकार र भारतीय निर्यात-आयात बैंकबीच भएका सम्झौता र शर्तहरू <br>घ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्णय र निर्देशनको विवरण, <br>ङ) सम्मानितसर्वोच्च अदालतको फैसलाको विवरण, <br>च) उजुरीकर्ताले उठाएका विषयको स्पष्ट र आधारयुक्त जवाफ र <br>छ) नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले गठन गरेको अध्ययन समितिको प्रतिवेदन । <br>● मा. उप-प्रधान तथा उर्जामन्त्री, उर्जा सचिव र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई ०७३/०१/०९ गते बिहान ११:०० बजे बस्ने बैठकमा आमन्त्रण गरी छलफल गर्ने । <br>● राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र गृह मन्त्रालयबाट प्राप्त पत्रको जानकारी समितिलाई गराईयो र सो सम्बन्धमा यथाशीघ्र सम्माननीय प्रधानमन्त्री, माननीय गृहमन्त्री, माननीय रक्षामन्त्री र सुरक्षा निकायका पदाधिकारीसँग छलफल गर्ने, <br>● लुथ्रान्स वर्ल्ड फेडेरेसन, सिंहदरबार पुनर्निर्माण र उर्जासम्बन्धी योजनामा डलरमा भुक्तानी गरी सम्झौता गर्ने लगायतका सबै उपसमितिहरूको कार्यावधि आजका मितिदेखि १ महिनाको लागि थप गर्ने, <br>● बेरुजु छलफल उपसमितिका कामकारवाहीहरू यथाशीघ्र सम्पन्न गर्ने गरी कार्ययोजना बनाई काम कारवाही गर्न उपसमितिहरूलाई निर्देशन दिने, <br>● समितिका बैठकमा निर्णय भएबमोजिम विभिन्न कार्यालय, निकाय, परियोजना |

| | |
|---|---|
| | आदिमा माग गरिएका विवरणहरू प्राप्त भएपछि यथाशिघ्र समितिका सदस्यहरूलाई सचिवालयले उपलब्ध गराउने ।<br>● आगामी बैठक मिति २०७३/०१/०९ गते विहान ११ बजे बस्ने गरी बैठक स्थगित भयो । |
| २०७३/०१/०९ | सोलु कोरिडोर १३२ के. भी. प्रसारण लाइन आयोजना सम्बन्धमा माननीय उप-प्रधान तथा उर्जा मन्त्री, उर्जा सचिव, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकसँग छलफल भई देहायका निर्णय सर्वसम्मतिले गरियो:<br>● समितिले सोसम्बन्धी थप जानकारी आवश्यक भएकोले तत्कालिन उर्जा सचिव र नेपाल विद्युत प्राधिकरणका तत्कालिन सञ्चालकसँग मिति २०७३/१/१० गते शुक्रबार बिहान ११ बजे छलफल गर्ने निर्णय भयो । |
| २०७३/०१/१० | सोलु कोरिडोर १३२ के. भी. प्रसारण लाइन आयोजना सम्बन्धमा तत्कालिन उर्जा मन्त्रालयका सचिव र नेपाल विद्युत प्राधिकरणका तत्कालिन सञ्चालकसँग छलफल भई देहायका निर्णय सर्वसम्मतिले गरियो:<br>● "सोलु कोरिडोर १३२ केभी प्रसारण लाइनको वोलपत्र स्वीकृतिसम्बन्धी प्रक्रिया अर्को निर्देशन नभएसम्म जहाँको तहीँ स्थगित गरी सम्बन्धित निकायलाई समेत जानकारी गराउन निर्देशन दिने र यस सम्बन्धमा ०७३/०१/१५ गते ३ बजे छलफल गर्ने । यसको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई दिने ।" |
| २०७३/०१/१५ | सोलु कोरिडोर १३२ के. भी. प्रसारण लाइन आयोजना सम्बन्धमा छलफल भई देहायका निर्णय सर्वसम्मतिले गरियो:<br>● सोलु कोरिडोर १३२ केभी प्रसारण लाइनको ठेक्का मूल्याङ्कन सम्झौतासम्बन्धी विषयमा विभिन्न चरणमा छलफल गर्दा बोलपत्रको सूचना तथा स्वीकृति, ठेक्का सम्झौता गरिएकोM/s. Mohan Energy Corporation Pvt. Ltd. ले पेश गरेका बोलपत्रसम्बन्धी कागजातको आधिकारिकता र सत्यताको बारेमा विभिन्न प्रश्नहरू उठेकाले यस विषयमा सम्बन्धित निकायसँग आवश्यक सोधपुछ एवं पत्राचार गरी देहाय बमोजिमका कागजातहरू संलग्न गरी आफ्नो लिखित धारणा उर्जा मन्त्रालयका सचिवसँग यथाशीघ्र माग गर्ने र सो बमोजिमको धारणा, प्रमाण, निर्णय र आधारहरू मन्त्रालयले यथाशीघ्र सार्वजनिक खरिद अनुगमन कार्यालयमा १/१ प्रति पठाउने र सार्वजनिक लेखा समितिलाई ६०/६० प्रति उपलब्ध गराउने ।<br>१. बोलपत्रको सूचनाका शर्त र बोलपत्रका शर्तहरूको प्रतिलिपि,<br>२. बोलपत्र आह्वान, मूल्याङ्कन, पुनःमूल्याङ्कन लगायतका निर्णयहरू,<br>३. सबैभन्दा कम कवोल गर्ने बोलपत्रदाताको बोलपत्र अस्वीकार गर्नुको औचित्यपूर्ण र कानूनी आधारहरू,<br>४. M/s. Mohan Energy Corporation Pvt. Ltd.ले पेश गरेका बोलपत्रसम्बन्धी कागजातको आधिकारिकता र सत्यता सम्बन्धमा सम्बन्धित कम्पनिबाट प्रमाणित गराई आवश्यक प्रमाण/कागजात र त्यस सम्बन्धमा मन्त्रालयको स्पष्ट धारणा,<br>५. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७२/६/५ मा लेखेको पत्रमा उठाइएका समान प्रकृतिका कामको बोलपत्र प्रक्रियाका सम्बन्धमा भएको विविधतासम्बन्धी विषय लगायत अन्य विषयमा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणको स्पष्ट धारणा, |

| | |
|---|---|
| | ६. नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले यस विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न श्री सुरेन्द्र राजभण्डारीको संयोजकत्वमा गठित समितिको प्रतिवेदन ।<br>७. सम्मानित सर्वोच्च अदालतबाट २०७२/१२/३ मा भएको आदेशको प्रति<br>● M/s. Mohan Energy Corporation Pvt. Ltd.को बोलपत्र स्वीकृति एवं सोसँग गरिएको सम्झौता प्रचलित सार्वजनिक खरिद ऐन/नियम बमोजिम भए नभएको सम्बन्धमा अध्ययन गरी विशेष गरी देहायका विषयमा यथाशीघ्र समितिमा लिखित राय पेश गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिवलाई निर्देशन दिने,<br>○ Bid Security सम्बन्धमा<br>○ Power of Attorney सम्बन्धमा<br>○ Joint Venture Agreement सम्बन्धमा<br>○ Role of each partner सम्बन्धमा<br>○ Technical Experience सम्बन्धमा |
| २०७३/०१/१६ | राष्ट्रिय परिचय-पत्र व्यवस्थापनसम्बन्धमा सम्माननीय प्रधानमन्त्री, माननीय गृह मन्त्री, गृह सचिव लगायत नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षकसँग छलफल गरी राष्ट्रिय परिचय पत्र व्यवस्थापनसम्बन्धी उपसमितिको प्रतिवेदनको निष्कर्ष र सुझाव मा निम्न निर्णयहरू समावेश गरी पारित गरियो:<br>● "राष्ट्रिय परिचय-पत्र व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालय र राष्ट्रिय परिचय-पत्र व्यवस्थापन केन्द्रले अगाडि बढाएको प्रक्रिया नागरिकका सूचना, तथ्याङ्क लगायत राष्ट्रिय सूचना तथ्याङ्कको सुरक्षाको प्रत्याभूतिलाई बलियो बनाउँदै यसको जिम्मेवारी नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय परिचय-पत्र व्यवस्थापन केन्द्रमा रहने गरी प्रक्रिया अगाडि बढाउन नेपाल सरकार गृह मन्त्रालयलाई निर्देशन दिने ।<br>● यस प्रक्रियाका बाँकी कामहरू सम्पन्न गर्दा पारदर्शिता, प्रतिस्पर्धा, गुणस्तरीयता, विश्वसनीयता र मितव्ययितालाई ध्यान दिँदै नेपाली जनताले सुलभ र उचित मूल्यमा राष्ट्रिय परिचय-पत्र प्राप्त गर्नेतर्फ कार्ययोजना बनाई कार्य गर्न निर्देशन दिने ।<br>● उपर्युक्त प्रणाली स्थापना पछि यसको स्तरोन्नति र क्षेत्राधिकार बृद्धि गरी यथाशीघ्र देशभर लागू गर्न र नेपाल सरकारले आफ्नो संरचनामार्फत सञ्चालन गर्न आवश्यक थप बजेटको व्यवस्था गरी छोटो समयमा कार्य सम्पन्न गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (मन्त्रिपरिषद), गृह मन्त्रालय एवं अर्थ मन्त्रालय समेतलाई निर्देशन दिने"<br>● यस निर्णयको कार्यान्वयनको जानकारी हरेक महिना समितिलाई उपलब्ध गराउन समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय परिचय-पत्र व्यवस्थापन केन्द्रलाई निर्देशन गर्दै आजको बैठक सम्पन्न भयो । |
| २०७३/०१/२२ | ● सचिवालयबाट माननीय सदस्यहरुलाई दिनु पर्ने निर्णय एवं कागजातहरु बैठक बस्नु २ दिन अगाडीनै उपलब्ध गराउने ।<br>● नेपाल प्रहरीको ज्याकेट खरीद सम्बन्धी विषयमा छलफल गर्दा सो सम्बन्धी सूचना तथा निर्णयका सबै कागजात प्रहरी प्रधान कार्यालयबाट छिटो भन्दा छिटो |

| | |
|---|---|
| | माग गर्ने र ज्याकेट लगायतका अन्य सामग्री खरिदको विगत ३ वर्षका विवरण, खरिद प्रक्रिया, आपूर्तिकर्ता, दररेट लगायतका तुलनात्मक विस्तृत विवरण समेत माग गर्ने र यस विषयमा पछि सम्बन्धित पदाधिकारीहरुलाई आमन्त्रण गरी छलफल गर्ने ।<br>● नेपाल टेलिभिजनमा भएको अनियमितता छानबिन उपसमितिको प्रतिवेदन कार्यान्वयन नभएको सम्बन्धमा संचार मन्त्रालयबाट सो प्रतिवेदन माग गर्ने र प्रतिवेदन कार्यान्वयन नहुनुको कारण पनि माग गर्ने ।<br>● एनसेलको पूँजी हस्तान्तरण गर्दा पूँजीगत लाभ कर असूल नगरेको भन्ने सम्बन्धमा छलफल हुँदा सो कर असूल गर्ने सम्बन्धमा हाल सम्म भएको कारवाही र प्रगति, कर असुली सम्बन्धी कानूनी व्यवस्था र यस्तै प्रकृतिका कारोबारमा भएको निर्णय, पूर्वादेश सम्बन्धी व्यवस्था र भएको कारवाही तथा शुरुमा एनसेललाई काम गर्न स्वीकृति दिँदाका शर्तहरु लगायतका विवरण अर्थ मन्त्रालयबाट माग गर्ने र विवरण प्राप्त भएपछि सम्बन्धित पदाधिकारीहरुलाई आमन्त्रण गरि छलफल गर्ने ।<br>● समितिको प्रतिवेदन तयार गर्ने सन्दर्भमा आवश्यक तयारी गर्न सचिवालयलाई निर्देशन दिने ।<br>● समितिमा प्राप्त निवेदनहरुको स्थिति र औचित्यता अध्ययन गरी आवश्यक कारवाही अगाडी बढाउने सम्बन्धमा पछि छलफल गर्ने । |
| २०७३/०१/३० | आजको बैठकमा देहाय बमोजिमका विषयहरूमा छलफल गरी सर्वसम्मतिले निम्नानुसारको निर्णय गरियो:<br>● इम्बोस नम्बर प्लेटसम्बन्धी विषयमा प्राप्त निवेदन र यातायात विभागद्वारा प्रस्तुत जवाफ माथि छलफल गर्दा यस सम्बन्धमा यातायात विभागका महानिर्देकलाई आमन्त्रित गरी छलफल गर्ने ।<br>● एनसेल प्रा.लि. ले पूँजिगत लाभकर नबुझाएको सम्बन्धमा यस अगाडि समितिबाट अर्थ मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय र उद्योग मन्त्रालय तथा आन्तरिक राजश्व विभाग, उद्योग विभाग, कम्पनि रजिष्ट्रारको र नेपाल दूरसञ्चार प्राधिकरणबाट निर्णय एवं कागजात माग भएकोमा अहिलेसम्म प्राप्त नभएकोले पुनँ ताकेता गर्ने र विवरण प्राप्त भएपछि विज्ञहरूलाई समेत आमन्त्रण गरी छलफल गर्ने ।<br>● गृह मन्त्रालयद्वारा प्राप्त नेपाल प्रहरीको पार्का ज्याकेट खरिद लगायतको विवरण र भि भि आइ पी र भि आइ पी हरूलाई उपलब्ध गराएको सुरक्षा सुविधा सम्बन्धी कागजात एवं विवरण जानकारी गराउनुको साथै सबै माननीयज्यूहरूलाई वितरण गरियो ।<br>● अर्को बैठक पछि तोकेपछि बस्ने गरी स्थगित भयो । |
| २०७३/०२/१६ | एनसेलको शेयर खरिद बिक्रीमा लाग्ने पूँजीगत लाभकर र शेयर हस्तान्तरणको इजाजत अनुमति प्रक्रियाका विषयमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्षसँग छलफल भयो । यस सम्बन्धमा समितिमा विगत देखि नै सरोकारवाला पक्षसँग छलफल हुँदै आएकोमा आजको बैठकमा समेत विस्तृत छलफल भई एनसेलको शेयर हस्तान्तरणमा लाग्ने पूँजीगत लाभकर यससम्बन्धी कानुन निर्माण भए पश्चात पटक पटक शेयर हस्तान्तरण भएको जानकारी सार्वजनिक हुँदा समेत अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, आन्तरिक |

| | |
|---|---|
| | राजश्व विभाग, कम्पनि रजिष्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणले आ-आफ्नो क्षेत्राधिकारको प्रयोग नगरी वेवास्ता गर्नुले मुलुकलाई प्राप्त हुनुपर्ने ठूलो रकमको राजश्व असुल उपर हुन सकेको देखिएन । स्वामित्त्व हस्तान्तरणको विषयमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्षले आजको बैठकमा कुनै जानकारी नभएको जानकारी दिनु र अन्य सम्बन्धित निकायका अधिकारीहरूले समेत पूँजीगत लाभकर असुल उपर गर्न नपर्ने मनसाय व्यक्त गर्नु बाट नियमनकारी सरकारी निकाय जिम्मेवारीपूर्ण ढङ्गले काम गर्दा रहेनछन् भन्ने स्पष्ट हुन आयो । यो पृष्ठभूमिमा जिम्मेवार निकायको गैह्र जिम्मेवारीपनले मुलुकलाई प्राप्त हुनुपर्ने ठूलो रकमको राजश्व असुल उपर गर्नमा समस्या देखिएको सम्बन्धमा अध्ययन गर्नुपर्ने निष्कर्ष सहित आजको बैठकले देहायका निर्णय गर्‍यो ।<br>● एनसेलको शेयर खरिद विक्रीमा नेपालको आयकर कानुन बमोजिम लाग्ने पूँजीगत लाभकर बिक्रेताबाट यथाशिघ्र असुल उपर गर्न र तत्सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकार (मन्त्रिपरिषद), अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, आन्तरिक राजश्व विभाग, कम्पनि रजिष्ट्रारको कार्यालय र नेपाल दूर सञ्चार प्राधिकरणलाई निर्देशन दिने ।<br>● विगतदेखि हालसम्म भएको एनसेलको शेयर खरिद बिक्री र उक्त खरिद बिक्रीमा बिक्रेताबाट असुल हुनुपर्ने पूँजीगत लाभकर वापतको रकम असुल नगर्ने निकाय एवं जिम्मेवार प्रमुखको सन्दर्भमा समेत अनुसन्धान र छानविन गरी तीन महिनाभित्र यस समितिलाई प्रतिवेदन दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने ।<br>● नेपाल प्रहरीको ज्याकेट खरिदमा भएको अनियमितता सम्बन्धमा छानविन गरी १ महिनाभित्र खरिद साम्रग्रीको दररेट सहितको तुलनात्मक प्रतिवेदन पेश गर्न मा. भरतकुमार शाहको संयोजकत्त्वमा मा. ममता गिरी, मा. राजेन्द्रकुमार केसी, मा. शत्रुधन महतो, मा. मीना पुन र मा. डोरप्रसाद उपाध्याय सदस्य रहेको उपसमिति गठन गर्ने ।<br>● नेपाल टेलिभिजनमा भएको अनियमितता सम्बन्धमा नेपाल टेलिभिजनका महाप्रबन्धक र उजुरीकर्तासँग आगामी बैठकहरूमा छुट्टाछुट्टै छलफल गर्ने ।<br>● समितिमा प्राप्त उजुरीहरूको प्राथमिकता निर्धारण गरी कार्यसूची तय गर्न मा. मिनेन्द्र रिजाल, मा. विकास लम्साल र मा. मीना पुन सदस्य रहेको परामर्श उपसमितिको परामर्शअनुरुप सभापतिले एजेण्डा तय गर्ने । |
| २०७३/०३/०६ | ● नेपाल टेलिभिजमा भएको भनिएको अनियमितताका निवेदकहरु तथा महाप्रवन्धकसँग छलफल गरियो ।<br>● अर्को बैठकमा थप आवश्यक छलफल गरी निर्णयमा पुग्ने गरी आजको बैठक स्थगित भयो । |
| २०७३/०३/१२ | आजको बैठकमा नेपाल टेलिभिजनमा भएको अनियमितता सम्वन्धमा छलफल भयो । विगत बैठकहरुमा यस विषयमा नेपाल टेलिभिजनका महाप्रवन्धकसँग भएको छलफल र निवेदकसँग भएको छलफलका साथै समितिमा प्राप्त अन्य कागजातहरुको सन्दर्भमा मा. सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भएको थियो । यसै पृष्ठभूमिमा आजको बैठकले देहायका निर्णयहरु गर्‍यो । |

| | |
|---|---|
| | ● मिति २०७१।११।०८ मा सञ्चालक समितिका सदस्य श्री भुवनप्रसाद आचार्यको संयोजकत्वमा गठित ५ सदस्यीय उपसमितिको प्रतिवेदन, मिति २०७१।१०।२१ गते सञ्चालक समितिको निर्णयबाट श्री अनुप नेपालको संयोजकत्वमा गठित ३ सदस्यीय उपसमितिको प्रतिवदेन र मिति २०७३।०१।२९ गते सहसचिव श्री रामचन्द्र ढकालको संयोजकत्वमा गठित ३ सदस्यीय कार्यदलका प्रतिवदेनहरु ( जसले समान प्रकृतिको निष्कर्ष सहित समाधानको सिफारिस गरेको छ), कार्यान्वयन नहुनुका कारणहरु सम्वन्धमा छानविन, अध्ययन गरी १ महिना भित्र समिति समक्ष प्रतिवेदन पेश गर्न मा. श्री डोरप्रसाद उपाध्यायको संयोजकत्वमा देहायका मा. सदस्यहरु रहनुहुने पाँच सदस्यीय उपसमिति गठन गर्ने र मनोनयन हुन बाँकि एक सदस्यको मनोनयन मा. सभापतिले पछि गर्ने ।<br>१. मा. श्री विकास लम्साल<br>२. मा. श्री मोहन बस्नेत<br>३. मा. श्री पार्वती डि.सि. चौधरी<br>● उपसमितिले प्रतिवेदन पेश गरी समितिमा छलफल भई टुङ्गो नलागेसम्म उपरोक्त वमोजिम उपसमितिहरुका प्रतिवेदनमा दोषी भनी किटान गरिएका महाप्रवन्धक लगायतका कर्मचारीहरुलाई पदिय जिम्मेवारी वमोजिमको कामकारवाही गर्न नदिने गरी सूचना तथा सञ्चार मन्त्रालयले तत्काल उनीहरुलाई व्यवस्थापन गर्न निर्देशन दिने ।<br>● समितिमा भएका छलफलका विषयलाई नेपाल टेलिभिजनले प्रसारण नगरेको सम्वन्धमा उठेका विषयमा समेत छलफल भई त्यस्तो कार्य आइन्दा नगर्न र नेपाल टेलिभिजनका कामकारवाहीहरु व्यवस्थित हुन नसक्नाका सर्न्दभमा समेत थप अध्ययन गरी उपसमितिले प्रतिवदेनमा समावेश गरी पेश गर्ने ।<br>● सिंहदरबारभित्रको सडक र नाली निर्माण तथा मर्मत लगायतका काम र खर्चसम्बन्धमा अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदन, २०७३ उपर छलफल भई पेश गरेको प्रतिवेदनलाई समितिको आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो । |

# महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३।०२।११ | बैठकले स्वास्थ्य मन्त्रालयलाई खोप सम्बन्धमा देहाय बमोजिम निर्देशन दिने निर्णय भयो :<br>● स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग अन्तर्गत सञ्चालित कार्यक्रमहरुको लागि विनियोजित बजेटमध्ये हरेक आर्थिक वर्षको अन्त्य सम्ममा खर्च नभएको नेपाल सरकारको श्रोत मध्येबाट रु ५० करोड (अक्षरुपी पचास करोड) खोप कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने, |

| | |
|---|---|
| | • विद्यमान स्वास्थ्य कर कोषबाट हरेक आर्थिक वर्षमा निश्चित प्रतिशत रकम खोप कोषमा जम्मा गर्ने व्यवस्था गर्ने,<br>• निजी क्षेत्रको आर्थिक योगदानलाई खोप प्रति आकर्षित गर्न खोप कोषमा दान ( Donation) गर्ने व्यक्ति वा संस्थालाई कोषको जम्मा गरेको रकममा लाग्ने कर छुट दिने व्यवस्था मिलाउने । |
| २०७३।०३।१२ | • "महिलाहरुले प्रयोग गर्ने परिवार नियोजनका अस्थायी साधनहरुले उनीहरुको स्वास्थ्यमा पार्न सक्ने प्रतिकूल प्रभावलाई दृष्टिगत गरी गुणस्तरीय सेवाकोलागि WHOsf मान्यता अनुरुप PQStandardकै डिपोप्रोभेरा लगायत सबै गर्भ निरोधक साधनहरु उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई निर्देशन गर्दछ ।" |
| २०७३।०३।२८ | • कञ्चनपुर जिल्लामा भएको रामदुलारी राना जघन्य हत्याकाण्डको अनुसन्धान प्रक्रियामा देखिएका कमिकमजोरीबारे सुक्ष्म अध्ययन गरी अनुसन्धान प्रक्रियामा संलग्न व्यक्तिको गल्ती कमजोरी देखिएमा यथासक्य चाँडो कडा कानूनी कारवाही प्रक्रिया अगाडि बढाउन गृहमन्त्रालयलाई निर्देशन गर्दछ,<br>• कञ्चनपुर घटनामा संलग्न सम्पूर्ण दोषीहरुलाई कानूनी दायरामा ल्याई अनुसन्धान प्रक्रियालाई जारी राख्न गृह मन्त्रालयलाई निर्देशन गर्दछ,<br>• कञ्चनपुर जिल्लामा रामदूलारी रानाको जघन्य हत्याबाट पिडीत परिवार र पिडीतलाई सहयोग गर्ने अधिकारकर्मीहरुलाई समेत शान्ति सुरक्षाको प्रत्याभूति गर्दै मृतकको नावालक छोराको पालनपोषणको लागि तत्काल यथोचित प्रवन्ध मिलाउन गृहमन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई निर्देशन गर्दछ, |

# कृषि तथा जलस्रोत समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३।०१।०२ | • बैठकमा राष्ट्रिय ऊर्जा निवारण तथा विद्युत दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना २०७२, ऊर्जा मन्त्रालयका कार्यक्रमहरुको हालसम्मको प्रगति तथा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गर्न व्यस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । बैठकमा ऊर्जा मन्त्रालयका सचिव डा. सुमनप्रसाद शर्माले राष्ट्रिय ऊर्जा निवारण तथा विद्युत दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना २०७२, को संक्षिप्त प्रस्तुती गर्नु भयो । |
| २०७३।०१।०५ | • बैठकमा राष्ट्रिय ऊर्जा निवारण तथा विद्युत दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना २०७२, ऊर्जा मन्त्रालयका कार्यक्रमहरुको हालसम्मको प्रगति तथा |

| | |
|---|---|
| | आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गर्न व्यवस्थापिका-संसद, कृषितथाजलस्रोत समितिको बैठक समितिका सभापति माननीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो । <br><br> ● नेपाल सरकारले घोषणा गरेको "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अबधारणा पत्र र कार्ययोजना, २०७२" को सन्दर्भमा यस समितिमा सरोकारवाला निकायहरूसंगको छलफलमा व्यक्तधारणा र विगतको अनुभवलाई हेर्दा कानूनीआधार नभएमा यस्तो घोषणा केवल घोषणामा मात्रै सिमित रहने संभावना देखिन्छ । अत: यस कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यन्वयनमा लैजानका लागि कानूनी आधार दिन सरकारले तयार गर्दै गरेको ऊर्जा संकटनिवारण विधेयकलाई संसदको आउँदो सत्रमा पेश गर्ने गरीतर्जुमागर्न ऊर्जा मन्त्रालयलाई निर्देशनदिने । <br><br> ● राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अबधारणा पत्र र कार्ययोजना, २०७२ लाई प्राथमिकताका आधारमा क्रमबद्ध गरी साप्ताहिक कार्यतालिका बनाउन र सो अनुसारको प्रगति मासिक रुपमा समितिमा बुझाउन ऊर्जा मन्त्रालयलाई निर्देशन दिने । <br><br> ● राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अबधारणा पत्र र कार्ययोजना, २०७२ कार्यन्वयनको सन्दर्भमा प्रारम्भिक दुई महिनाको अवस्था हेर्दा केही क्षेत्रमा सकारात्मक शुरुवात भएतापनि धेरै क्षेत्रहरूमा काम अगाडि वढ्न सकेको देखिएन । यो अवस्थालाई समेत मध्यनजर गर्दै कार्ययोजना कार्यन्वयनमा सहजीकरण गर्न, समन्वय र अनुगमन गर्न तथा जनतालाई वास्तविक अवस्थाको जानकारी गराउन समितिका सभापतिको नेतृत्वमा पाँच सदस्यीय "राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अबधारणा पत्र र कार्ययोजना, २०७२ कार्यान्वयन सहजीकरण तथाअनुगमन समिति" गठन गर्ने । उक्त समितिमा अन्य सदस्यहरु मा. श्री अमृतकुमार बोहरा, मा. श्री काशीनाथ अधिकारी, मा. श्री किरण यादव रमा. श्री कृष्ण धिताल रहनु हुने रउक्त समितिको वैठक १५।१५दिनमा बसी सरोकारवाला निकायसंग कार्ययोजना कार्यान्वयबारे आवश्यक जानकारी लिने तथा अनुगमन गर्ने र सोको प्रतिवेदन प्रत्येक महिना समितिमा प्रस्तुत गर्ने । <br><br> ● यस समितिमा २०७२ पौष ७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा सरोकारवाला निकायहरूलाई समेत आमन्त्रण गरी राष्ट्रिय ऊर्जा सुरक्षा, ऊर्जा संकट न्यूनीकरण तथा जल विद्युत विकासका सन्दर्भमा आयोजनागत समस्या र समाधानका उपाय सहितको विस्तृत छलफल गरेको विदित नै छ । उक्त बैठक पश्चातको यस अवधिमा जलविद्युत आयोजनाहरूको निर्माण, उत्पादन, वितरण, प्रसारण लाईन निर्माण लगायतका विषयमा देखिएका समस्या समाधान गर्ने सन्दर्भमा भएका प्रगतिको अवस्था अत्यन्त न्यून देखिन आएको छ । अत: समितिको आजको बैठक उक्त बैठकले दिएका निर्देशनहरू तदारुकताका साथ कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको पुन: ध्यानाकर्षण गराउने । |
| २०७३।०१।०६ | ● बैठकमा पश्चिम सेती जलविद्युत आयोजना, माथिल्लो कर्णाली जलविद्युत आयोजना र अरुण तेश्रो जलविद्युत आयोजनाको हालसम्मको प्रगति सम्बन्धमा छलफल गर्न व्यवस्थापिका-संसद, कृषि तथा जलस्रोत समितिको बैठक समितिका सभापति |

| | |
|---|---|
| | मानिनीय श्री गगन थापाको सभापतित्वमा आज बस्यो ।<br><br>● बैठकमा नेपाल लगानी बोर्डका कार्यकारी प्रमुख श्री राधेश पन्तले उक्त आयोजनाहरुको वस्तुस्थितिका बारेमा प्रस्तुती गर्नु भएपछि त्यस सम्बन्धमा विस्तृत छलफल भयो । बैठकमा ऊर्जा मन्त्रालय, वन तथा भू संरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय तथा नेपाल प्राधिकरणका सम्बन्धित पदाधिकारीका साथै उक्त आयोजना प्रभावित क्षेत्रका माननीय सदस्यहरु समेत उपस्थित हुनु हुन्थ्यो ।<br><br>● **पश्चिम सेती जलविद्युत आयोजना सम्बन्धमाः**<br>क. पश्चिम सेती जलविद्युत आयोजना निर्माण गर्ने कुरामा कुनै विलम्ब गर्नु हुदैन भन्ने कुरामा समिति दृढछ । आयोजना तत्काल निर्माण गर्नुपर्ने राष्ट्रिय आवश्यकतातथा सुदूर पश्चिमवासीको उत्कट आकांक्षा र आवश्यकता समेत हो । यस आयोजनालाई अगाडि बढाउन तत्काल संयुक्त लगानी सम्झौता (JVA) गर्नु अपरिहार्य छ । अतःCTGIRNEA को बीचमा तत्काल संयुक्त लगानी सम्झौता हुनु अत्यावश्यक छ भन्ने ठहर गर्दै समितिले विगतमा पश्चिम सेती जलविद्युत आयोजनाका सन्दर्भमा दिएका निर्देशनलाई समेत स्मरण गराउँदै, आजको यो बैठक सम्बन्धित निकायले अतिरिक्त अग्रसरता लिई यस सम्बन्धमा देखिएका समस्या समाधनगर्न र अबिलम्ब संयुक्त लगानी सम्झौता गर्न निर्देशन दिने ।<br>ख. जलाशययुक्त आयोजनाको विद्युत खरिद दररेट निर्धारण सम्बन्धी नीति बनाउने कार्यलाई टुङ्गो लगाउन ऊर्जा मन्त्रालयले समिति बनाएको व्यहोरा मन्त्रालयले आजको बैठकमा जानकारी गराएको सन्दर्भमा यस कार्यलाई अबिलम्ब टुङ्गो लगाउन ऊर्जा मन्त्रालयलाई निर्देशन दिने ।<br><br>● **माथिल्लो कर्णाली जलविद्युत आयोजना सम्बन्धमाः**<br>क. माथिल्लो कर्णाली जलविद्युत आयोजनाको स्थानीयलाई उपलव्ध गराउने सेयरको निर्णय प्रकृयालाई अबिलम्ब टुङ्ग्याउन निर्देशन दिने।<br>ख. माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माणको कामलाई लक्षित समयभित्र टुङ्ग्याउने सुनिश्चितताका लागितालिका अनुसार काम सम्पन्न गर्नु आवश्यक छ र यसका लागि सम्बन्धित सबै निकायकाबीच सहयोग र समन्वय हुनु उत्तिकै जरूरी छ । अतः शीघ्र निर्धारित समयमा नै सम्पन्नहुने गरी काम अगाडि बढाउन र त्यस कार्यमा कुनै समस्या भए समितिलाई जानकारी गराउन लगानीबोर्ड लाई निर्देशन दिने ।<br>ग. माथिल्लो कर्णाली जलविद्युत आयोजनाको समितिबाट स्थलगत अध्ययन भ्रमण गर्ने।<br>घ. माथिल्लो कर्णाली जल विद्युत आयोजनाबाट तल्लो तटीय क्षेत्रमा पर्ने प्रभावका सन्दर्भमा अध्ययन गरी सिंचाइ विभागलाई बुझाएको प्रतिवेदन झिकाई त्यस सन्दर्भमा सिंचाइ मन्त्रालयलाई समितिमा बोलाएर छलफल गर्ने । |

| | |
|---|---|
| | ● **अरुण तेस्रो जलविद्युतआयोजना सम्बन्धमाः**<br>अरुण तेस्रो जलविद्युत आयोजनाका सन्दर्भमा यस समितिबाट स्थलगत अध्ययन अवलोकन भ्रमण सकिएपछि स्थलगत अध्ययन प्रतिवेदनका आधारमा बैठक बसी विस्तृत छलफल गर्ने । |
| २०७३।०२।०७ | ● व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठक बुढी गण्डकी जलविद्युत आयोजनाको हालसम्मको प्रगति सम्बन्धमा छलफल गर्न आज मिति २०७३।०२।०७ गते समितिका सभापति माननीय श्री गगनकुमार थापाको सभापतित्वमा बस्यो ।<br><br>● बुढीगण्डकी जलविद्युत आयोजना राष्ट्रिय महत्व र आवश्यकताको आयोजना हो । यो आयोजना बन्नुपर्छ भन्नेमा स्थानीय जनताको सकारात्मक सहयोग र प्रभावित क्षेत्रका जनप्रतिनिधी लगायत सवैको उत्साह र प्रतिवद्धता छ । तर राष्ट्रको आवश्यकता, आमजनताको उत्कट आकांक्षा र सवैको प्रतिवद्धताका वावजूद जुन गतिमा आयोजनाको काम अगाडि वढिरहेको छ यस किसिमको ढिलाईले आयोजना बन्न सक्छ भन्ने कुरामा पूर्ण रुपले आश्वस्त हुने अवस्था देखिदैन । अतः यस समितिको मिति २०७३ जेठ ३ गते भएको आयोजनाको स्थलगत अध्ययन अवलोकन भ्रमण पश्चातआज बसेको बैठकले बुढिगण्डकी आयोजना राष्ट्रिय संकल्प र प्राथमिकताका साथ अविलम्ब अगाडि बढाउनुपर्छ भन्ने सन्दर्भमा यस समितिले विगतमा दिएका निर्देशनलाई समेत स्मरण गराउदै बुढीगण्डकी आयोजना निर्माणको सुनिश्चिततताका लागि नेपाल सरकारलाई निम्न निर्देशन गर्दछ :-<br><br>● तत्काल गर्नुपर्ने कार्यका सन्दर्भमाः<br>क. आयोजना प्रभावकारी रुपमा अगाडि वढाउने सन्दर्भमा आयोजनाको नियमित काम गर्नका लागि कर्मचारी आवश्यक रहेको कुरा आयोजना विकास समितिले पटक पटक सम्बन्धित निकायलाई जानकारी गराएको तथा धादिङ र गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारीले मुआब्जा निर्धारण नापी लगायतका कार्यका लागि तत्काल आवश्यक कर्मचारीको व्यवस्था गर्न गृह मन्त्रालयमा माग गरेको सन्दर्भमा समितिको ध्यानाकर्षण भएको छ । अतःअविलम्ब आवश्यक बिज्ञ विशेषज्ञ र कर्मचारीको व्यवस्था गर्न निर्देशन दिने ।<br>ख. बुढिगण्डकी आयोजना प्रभावित क्षेत्रभित्रका भूकम्प पिडित जनताको अस्थायी आवास व्यवस्थापनका लागि अविलम्ब पुनर्निर्माण प्राधिकरण, उर्जा मन्त्रालय र आयोजना विकास समितिलाई समन्वय गरि टुङ्गाउन निर्देशन दिने ।<br>ग. सरकारको नीति तथा कार्यक्रममा राष्ट्रिय प्राथमिकतामा परिसकेको यस आयोजना निर्माण कार्य तदारुकताका साथ अगाडि वढाउनका लागि आगामी बजेटमा यस आयोजनालाई बिशेष प्राथमिकतामा राखी कम्तीमा मुआब्जाका लागि अंकित रकमको कम्तिमा ५०प्रतिशत रकम आगामी बजेटमा व्यवस्था गर्न निर्देशन दिने ।<br>घ. EIA रिपोर्ट ऊर्जा मन्त्रालयबाट वातावरण मन्त्रालयमा पठाइसकिएको सम्बन्धमा वातावरण मन्त्रालयले अविलम्ब टुंगो लगाउने ।<br>ङ. उक्त आयोजनाको लागि परामर्शदाताले बुझाएको आयोजनाको प्रारुपको सन्दर्भमा एक Panel of Expertबनाई त्यसबाट अनुमोदन गराएपश्चात् मात्र कार्यान्वयनमा लानु उपयुक्त हुन्छ भन्ने आयोजनाविकास समितिको भनाई समेत रहेको सन्दर्भमा यथाशीघ्र Panel of Expertबनाई कसरी |

| | |
|---|---|
| | अधिकतम राष्ट्रिय हित सुनिश्चितगर्न सकिन्छ त्यसको निर्क्योल गरी काम अघि बढाउने ।<br><br>● आयोजनाको प्रारुप (Modality) का सन्दर्भमा:<br>आयोजना विकासको प्रारुप (Modality) कस्तो हुने र यसको संस्थागत संरचना कस्तो रहने भन्नेमा अन्योल देखिन्छ । हाल बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको रुपमा रहेतापनि यसलाई कम्पनी बनाउने वा प्राधिकरण बनाउने वायस विकास समितिलाई नै अधिकार सम्पन्न बनाउने भन्नेमा फरक फरक धारणा रहेको र समिति स्वयंले समेत विकल्पमा छलफल गरि रहेको कुरालाई ध्यानमा राखी बुढीगण्डकी आयोजना कुन Modality मा बनाउने भन्ने सन्दर्भमा अविलम्ब निर्क्योल निकाल्न र राष्ट्रिय प्राथमिकताका साथ आयोजना तदारुकताका साथ निर्माण हुने सुनिश्चितता गर्ने ।<br><br>● बित्तीयव्यव स्थापनको सन्दर्भमा:<br>अनुमानित २५० खर्ब लाग्ने यस्तो ठूलो आयोजना निर्माणको लागि वित्तीय व्यवस्थापनको Modality के हो? यसको अविलम्ब टुङ्गो लगाउने । वित्तीय व्यवस्थापनको Modality तय गर्दा यस समितिले मिति २०७२ कार्तिक २५ गते दिएको निर्देशन (बुढीगण्डकी जलविद्युत आयोजनालाई राष्ट्रिय प्राथमिकतामा राखि देशको आन्तरिक स्रोतबाटै संचालन गर्नका लागि सम्बन्धित सबै पक्षसंग छलफल गरि अविलम्ब आयोजना अगाडि बढाउन नेपाल सरकारलाई निर्देशन दिने”भन्ने निर्णयलाई समेत मध्यनजर गरी टुङ्गो लगाउने ।<br><br>● पुनर्वास र पुनर्स्थापनाको सन्दर्भमा:<br>बुढीगण्डकी आयोजना निर्माणगर्दा यस आयोजनाको डुवान क्षेत्र र प्रभावित क्षेत्रको जग्गाअधिग्रहण गर्न, त्यस क्षेत्रकाजनताको समुचित रुपमा पुनर्वास र पुनर्स्थापना कार्य प्रभावकारी एवं व्यवस्थित र छिटो छरितो ढङ्गले टुङ्ग्याउन, डुवान क्षेत्रमा पर्ने वासिन्दाको व्यवस्थित बसोबासका लागि आयोजनाको प्रस्तावित रिङ्गरोडमा पहिचान भएका स्थानको अध्ययन र एकीकृत वस्ती व्यवस्थापन गर्न एक विस्तृत कार्ययोजना आवश्यक छ । साथै उक्त कार्य योजनाकसले बनाउने र कार्ययोजना अनुसारको काम कुन निकायले गर्ने भन्ने समेत निधो गर्न आवश्यक छ । अत:अविलम्व सोको निधो गरी कार्य योजना बनाउन र कार्यान्वयन गर्न निर्देशन दिने ।<br><br>● बुढीगण्डकी जलाशययुक्त आयोजनाबाट जलविद्युत उत्पादन गर्ने कुरासंगै यस आयोजनाबाट नेपालभित्रै के कसरी र कुन ढंगबाट कुनकुन क्षेत्रमा बहुउद्देश्यीय लाभलिन सकिन्छ यस विषयमा आयोजनाले यस समितिमा प्रतिवेदन बुझाउने ।<br><br>● यस जलाशययुक्त आयोजनाबाट तल्लो तटीय क्षेत्रमा के कस्तो फाइदा पुग्न जान्छ यस फाइदाको परिमाणीकरण कसरी गर्ने र त्यस वापत नेपालले के कस्तो लाभ प्राप्त गर्न सक्छ र त्यो कसरी प्राप्त गर्ने भन्ने विषयमा ऊर्जा मन्त्रालयको धारणा अविलम्ब यस समितिमा बुझाउने ।<br><br>● २०७३ वैशाख ५ गतेको बैठकमा समितिका सभापतिको नेतृत्वमापाँच सदस्यीय “राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र |

| | |
|---|---|
| | र कार्ययोजना, २०७२ कार्यान्वयन सहजीकरण तथा अनुगमन समिति गठन भएकोमा सोही समितिले लगानी बोर्डबाट संचालित जलविद्युत आयोजनाहरु र बुढी गण्डकी जलविद्युत आयोजनाको सम्बन्धमा समेत अध्ययन अनुगमन गर्ने व्यवस्था गर्ने ।<br>● मुक्त हलियाका सम्बन्धमा :<br>समितिका सभापतिको नेतृत्वमा बढीमा पाँच जना माननीय सदस्य र दुई जना कर्मचारी सहितको उपसमितिले २०७३ असार ६ गते देखि ८ गते सम्म डडेल्धुरा र कैलाली, कन्चनपुर जिल्लामा हलियामुक्ति पछिको अवस्था एवं समस्या सम्बन्धमा अध्ययन गर्ने। उपसमितिका अन्य सदस्य सभापतिले तोक्ने । |
| २०७३।०३।१३ | ● व्यवस्थापिका–संसद, कृषि तथा जलस्रोत समितिको बैठक मलनीति, रासायनिक मल उत्पादन, वितरण र प्रयोग एवं अनुदानको प्रकृति, प्रक्रिया एवं अवस्था,प्राङ्गारिक मलको उत्पादन परिमाण र प्रयोगको अवस्था । नेपालमा तरकारी र फलफूलको गुणस्तर र विषादिको प्रयोगको अवस्था र उचित प्रयोग एवं नियन्त्रणका सम्बन्धमा मन्त्रालयले गरेका प्रयासहरु बारे छलफल गर्न आज मिति २०७३।३।१३ गते समितिका सभापति माननीयश्री गगनकुमार थापाको सभापतित्वमा बस्यो ।<br>● बैठकमा कृषि विकास मन्त्रालयका सचिव एवं सम्वद्ध पदाधिकारीहरु, मल सम्बन्धी विषयमा ध्यानाकर्षण गर्नु हुने मा. सदस्य एवं नागरिक तथा उपभोक्ता हित संरक्षण मन्चका अध्यक्षको समेत उपस्थिति रहेको थियो ।<br>● कृषि सामग्रीकम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले आयात गरेको रासायनिक मल नाकावन्दीको कारण वीरगञ्ज सुख्खा बन्दरगाहमा रोकिएको र हाल ड्रेमरेज, डिटेन्सन तथा पोर्ट रेण्ट लगायतको शुल्क माग गरी बन्दरगाहबाट गेटपास जारी नगरेको सम्बन्धमा कृषि विकास मन्त्रालयले बाणिज्य मन्त्रालयलाई आवश्यक कारवाहीका लागि पत्राचार समेत गरेको भएतापनि हालसम्म गेटपास जारी हुन सकेको छैन । खेती लगाउने समयमा यसरी बन्दरगाहमा रासायनिक मल रोकिंदा किसानले समयमा मलपाउ ननसक्ने हुंदायसलाई गम्भीरतापूर्वक लिई “गेटपास” जारी गर्ने सम्बन्धमा परेको अप्ठेरोलाई तीनदिनभित्र टुङग्याई सहज रुपमा मल आयातको व्यवस्था मिलाउन र सो को जानकारी यस समितिलाई गराउन नेपाल सरकारलाई निर्देशन गर्दछ ।<br>● रासायनिक मलको आपूर्तीको अवस्था, रासायनिक मलको गुणस्तरको अवस्था, रासायनिक मलको प्रयोगको अवस्था र आवश्यकता, मलमा दिइएको अनुदानको अवस्था, अनुदान नीतिको पुनरावलोकनको आवश्यकता, गोदामघरको स्थापना र सरकारको प्रयास, वितरण प्रणाली र किसानको पहुँचको अवस्था, मल वितरणमा नीजी क्षेत्रको संलग्नता, रासायनिक मल कारखानाको आवश्यकता र स्थापना गर्न गरेको प्रयास, प्राङ्गारिक मल (भर्मिक मल समेत)को उत्पादन र प्रयोगको अवस्था र आवश्यकता, ADS ले मार्ग निर्देश गरे बमोजिम मल नीति निर्धारण गर्ने लगायतका बिषयमा बिस्तृत अध्ययन गर्न आवश्यक देखिएकोलेमा. श्री काशीनाथ अधिकारीको संयोजकत्वमामा. श्री किरण यादव, मा. श्री चन्द्रबहादुर कुंवर, मा. श्री |

| | | |
|---|---|---|
| | | मानबहादुर थारु, मा. श्री वलराम अधिकारी र मा. श्री राजु खनाल रहनु भएको अध्ययन उपसमिति गठन गर्ने र यस उपसमितिले सम्बन्धित सरोकारवाला निकायहरूसंग छलफल र आवश्यकता अनुसार स्थलगत अध्ययन (भारतको) समेत गरि दुईमहिनाभित्र समितिमा प्रतिवेदन पेश गर्ने । |
| | ● | नेपालमा खाद्यान्न,तरकारी र फलफूलको गुणस्तर र विषादी प्रयोगको अवस्था, विषादीको उचितप्रयोग,नियमन एवं नियन्त्रण र गुणस्तर बृद्धिका लागि सरकारले गरेका प्रयास, विषादी सम्बन्धी कानूनी प्रावधान र परिमार्जनका प्रयास, संरचनागतव्यवस्था, विषादी परीक्षण र गुणस्तर मापनका लागि प्रयोगशालाको निर्माणको अवस्था र प्रयास, जैविक उत्पादनका लागि भएगरेका प्रयास, फलफूल र तरकारी उत्पादन, संकलन, आयात निर्यात र वितरण केन्द्रमा परीक्षणका लागि भएगरेका प्रयास र आवश्यकता लगायतका विषयमा स्थलगत अध्ययन र सरोकारवाला निकायसंग थप छलफल आवश्यक देखिएकोले मा. श्री रामेश्वर ढुङ्गेलको संयोजकत्वमामा. श्री जमीन्द्रमान घले, मा. श्री तारामान गुरुङ, मा. श्री नवराज शर्मा, मा. श्री पुनाराम थापा र मा. श्री शारदाकुमारी विश्वकर्मा रहनुभएको एक अध्ययन उपसमिति गठन गर्ने र यस उपसमितिले सम्बन्धित सरोकारवाला निकायहरूसंग छलफल र आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गरि एक महिनाभित्र समितिमा प्रतिवेदन पेश गर्ने । |
| | ● | समितिको निर्णयानुसार विभिन्न मितिमा समिति/उपसमितिबाट स्थलगत अध्ययन भएका पश्चिम सेती जल विद्युतआयोजनाको प्रतिवेदन यस अघि नै समितिमा पेश भैसकेको र अरुण तेश्रो जलविद्युत आयोजनाको स्थलगत अध्ययन प्रतिवेदन आज पेश भएको छ । यी दुवै प्रतिवेदन तथा अन्य बुढी गण्डकी जलविद्युत आयोजना, माथिल्लो कर्णाली जल विद्युत आयोजना, तामाकोशी जल विद्युत आयोजना, माथिल्लो त्रिशूली जल विद्युत आयोजना, तथा चिया, अदुवा, अलैंची लगायतका विषयमा इलाम, पांचथर र ताप्लेजुङ जिल्लामा भएको स्थलगत अध्ययन प्रतिवेदन लगायतका सबै स्थलगत अध्ययन प्रतिवेदनहरु प्राप्त गर्ने र ती सबैलाई एकीकृत गरी समितिमा प्रतिवेदन पेश गर्न "राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र र कार्य योजना, २०७२ कार्यान्वयन सहजीकरण तथा अनुगमन समितिलाई जिम्मा दिने । |

# संसदीय सुनुवाई विशेष समिति

| मिति | समितिको निर्णय |
|---|---|
| २०७३/०३/०६ | ● व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को प्रावधान बमोजिम यस समितिको सभापतिको निर्वाचनको मिति तोक्न सम्माननीय सभामुखज्यूलाई अनुरोध गर्ने । <br> ● संसदीय सुनुवाई विशेष समितिको कार्यविधि निर्माण गर्नका निम्ति समितिका देहाय बमोजिम माननीय सदस्यहरु रहने तीन (३) सदस्यीय कार्यदल गठन गर्ने । <br> (१) मा० श्री अनिता कुमारी परियार <br> (२) मा० श्री आनन्दप्रसाद ढुंगाना <br> (३) मा० श्री गणेशमान गुरुङ्ग |
| २०७३/०३/०८ | ● व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८० को उपनियम (४) बमोजिम संसदीय सुनुवाई विशेष समितिको सभापति पदमा माननीय श्री कुल बहादुर गुरुङ्ग निर्विरोध निर्वाचित हुनुभयो । |
| २०७३/०३/०९ | ● यस समिति अन्तर्गत गठित कार्यविधि निर्माण कार्यदलले पेश गरेको “संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३” को मस्यौदालाई अवश्यक संशोधन सहित पारित गर्ने निर्णय गरियो । <br> ● सुनुवाईका लागि यस समितिसमक्ष हालसम्म प्राप्त पत्रहरुका सम्बन्धमा “संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३” को दफा १२ बमोजिम आमसञ्चारका माध्यमहरुमार्फत् सूचना सार्वजनिक गर्ने निर्णय गरियो । <br> ● प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७२/०६/१४ गतेको पत्रानुसार न्याय परिषद्को सदस्य पदमा प्रस्तावित श्री रामप्रसाद सिटौलाको सुनुवाईको विद्यमान स्थितिका सम्बन्धमा मिति २०७३/०३/१२ गते समितिको बैठक बसी छलफल गर्ने निर्णय गरियो । |
| २०७३/०३/१२ | ● समितिको आजको बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०७२/०६/१४ गतेको पत्रानुसार न्याय परिषद्को सदस्य पदमा प्रस्तावित श्री रामप्रसाद सिटौलाको सुनुवाईको विद्यमान स्थितिका सम्बन्धमा छलफल भयो । |
| २०७३/०३/२१ | ● समितिको आजको बैठकमा सर्वोच्च अदालतका प्रस्तावित प्रधानन्यायाधीश र निर्वाचन आयोगका प्रस्तावित प्रमुख निर्वाचन आयुक्तको विरुद्ध समितिमा प्राप्त सूचना तथा उजुरी खोल्ने निर्णय भयो । |
| २०७३/०३/२६ | ● समितिको आजको बैठकमा सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा प्रस्तावित श्री सुशीला कार्कीको बारेमा सूचना तथा उजुरी दिनेहरुमध्ये समितिमा उपस्थित उजुरीकर्ताहरु क्रमशः श्री राजीव गुरुङ्ग (पाटिहानी-५, चितवन), श्री तोयानाथ भट्टराई (जिरिखिम्ती-८, तेह्रथुम) र श्री मिलन पन्त ( |

| | |
|---|---|
| | हर्दिनेटा-५, गुल्मी) संग उहाँहरुको सूचना तथा उजुरीका सम्बन्धमा छलफल गरी थप जानकारी लिइयो । |
| २०७३/०३/२६ (दोस्रो बैठक) | ● संवैधानिक परिषद्को सचिवालयको प. सं. ०७२/०७३, च. नं. ३५, मिति २०७३/०१/२० को पत्रानुसार सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा नियुक्तिको लागि श्री सुशीला कार्कीलाई प्रस्ताव गरी नेपालको संविधानको धारा १२९ को उपधारा (२) र व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८५ तथा संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ बमोजिम प्रस्तावित नामको सम्बन्धमा आम नेपाली नागरिकहरुबाट प्रतिकृयाको लागि सार्वजनिक सञ्चार माध्यमहरुमार्फत् नाम सार्वजनिक गरी प्रतिकृया लिने र प्रस्तावित व्यक्तिलाई समितिसमक्ष आमन्त्रण गरी प्रस्तावित पदका सन्दर्भमा अवधारणा, कार्ययोजना र सोंच समेतको जानकारी लिई सुनुवाई गर्दा प्रस्तावित व्यक्तिको योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा श्री सुशीला कार्कीलाई सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा नियुक्तिका लागि सिफारिश गर्ने संवैधानिक परिषद्को निर्णय व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८५ को उपनियम (५) अनुसार अनुमोदन गर्ने ।<br>● संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ लाई आवश्यक परिमार्जन गर्नको निम्ति समितिका देहाय बमोजिम माननीय सदस्यहरु रहने तीन (३) सदस्यीय कार्यदल गठन गर्ने ।<br>(१) मा० श्री अनिता कुमरी परियार<br>(२) मा० श्री आनन्दप्रसाद ढुंगाना<br>(३) मा० श्री गणेशमान गुरुङ्ग |
| २०७३/०३/२७ | ● समितिको आजको बैठकमा सर्वोच्च अदालतको न्यन्यायाधीश पदमा प्रस्तावित एघार (११) जना न्यायाधीशहरुका सम्बन्धमा समितिमा प्राप्त सूचना तथा उजुरी खोल्ने निर्णय भयो । |
| २०७३/०३/२८ | ● समितिको आजको बैठकमा मिति २०७३ साल असार २६ गतेको निर्णय अनुसार संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ लाई परिमार्जन गर्न गठित कार्यदलले परिमार्जन गरी समितिमा पेश गरेको संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ माथि छलफल भयो । |
| २०७३/०३/३० | ● समितिको आजको बैठकमा संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ लाई परिमार्जन गर्न गठित कार्यदलले परिमार्जन गरी मिति २०७३ साल असार २८ गतेको बैठकमा पेश गरेको संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ लाई थप परिमार्जन सहित पारित गर्ने निर्णय भयो ।<br>● समितिको आजको बैठकमा सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित व्यक्तिहरुको सम्बन्धमा समिति समक्ष सूचना तथा उजुरि दिने दमक-८, झापाका श्री टंकप्रसाद आचार्यसंग उहाँहरुको सूचना तथा उजुरीका सम्बन्धमा छलफल गरी जानकारी लिइयो ।<br>● समितिको आजको बैठकमा सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित एघार ( ११) जना व्यक्तिहरुको संसदीय सुनुवाई मिति २०७३ साल साउन २ गते आईतवारदेखि क्रमश: गर्दै जाने निर्णय भयो । |

| | |
|---|---|
| २०७३/०४/१२ | ● समितिको आजको बैठकमा सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित श्री दिपक कुमार कार्की, श्री केदारप्रसाद चालिसे, श्री शारदाप्रसाद घिमिरे, श्री मीरा खड्का, श्री हरिकृष्ण कार्की र श्री विश्वम्भरप्रसाद श्रेष्ठबाट संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ को दफा १८ अनुसार प्रस्तावित पदका सम्बन्धमा आफ्नो योग्यता, अनुभव, अभिरुचि तथा उक्त पदको जिम्मेवारी निर्वाह गर्ने सन्दर्भमा अवधारणा, कार्ययोजना र सोंचका सम्बन्धमा जानकारी लिइयो ।<br>● समितिको मिति २०७३/०४/१३ गतेको बैठकमा सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित श्री ईश्वरप्रसाद खतिवडा, श्री आनन्दमोहन भट्टराई, श्री अनिलकुमार सिन्हा, श्री प्रकाशमान सिंह राउत र श्री सपना प्रधान मल्ललाई आमन्त्रण गरी संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ को दफा १८ अनुसार प्रस्तावित पदका सम्बन्धमा उहाँहरुको योग्यता, अनुभव, अभिरुचि तथा उक्त पदको जिम्मेवारी निर्वाह गर्ने सन्दर्भमा अवधारणा, कार्ययोजना र सोंचको जानकारी लिने । |
| २०७३/०४/१३ | ● समितिको आजको बैठकमा सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित श्री ईश्वरप्रसाद खतिवडा, श्री आनन्दमोहन भट्टराई, श्री अनिलकुमार सिन्हा, श्री प्रकाशमान सिंह राउत र श्री सपना प्रधान मल्लबाट संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ को दफा १८ अनुसार प्रस्तावित पदका सम्बन्धमा आफ्नो योग्यता, अनुभव, अभिरुचि तथा उक्त पदको जिम्मेवारी निर्वाह गर्ने सन्दर्भमा अवधारणा, कार्ययोजना र सोंचका सम्बन्धमा जानकारी लिइयो । |
| २०७३/०४/१६ | ● न्याय परिषद्को प. सं. २०९/०७२/०७३, मिति २०७२/१२/०२ को पत्रानुसार सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिको लागि श्री दिपक कुमार कार्की, श्री केदारप्रसाद चालिसे, श्री शारदाप्रसाद घिमिरे, श्री मीरा खड्का, श्री हरिकृष्ण कार्की, श्री विश्वम्भरप्रसाद श्रेष्ठ, श्री ईश्वरप्रसाद खतिवडा, डा० आनन्दमोहन भट्टराई, श्री अनिलकुमार सिन्हा, श्री प्रकाशमान सिंह राउत र श्री सपना प्रधान मल्ललाई प्रस्ताव गरी नेपालको संविधानको धारा १२९ को उपधारा (२) र व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८५ तथा संसदीय सुनुवाई विशेष समितिको कार्यविधि, २०७३ बमोजिम प्रस्तावित नामहरुको सम्बन्धमा आम नेपाली नागरिकहरुबाट प्रतिकृयाको लागि सार्वजनिक सञ्चार माध्यमहरुमार्फत् नाम सार्वजनिक गरी प्रतिकृया लिने र प्रस्तावित व्यक्तिहरुलाई समितिसमक्ष आमन्त्रण गरी प्रस्तावित पदका सन्दर्भमा अवधारणा, कार्ययोजना र सोंच समेतको जानकारी लिई सुनुवाई गर्दा प्रस्तावित व्यक्तिहरुको योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा श्री दिपक कुमार कार्की, श्री केदारप्रसाद चालिसे, श्री शारदाप्रसाद घिमिरे, श्री मीरा खड्का, श्री हरिकृष्ण कार्की, श्री विश्वम्भरप्रसाद श्रेष्ठ, श्री ईश्वरप्रसाद खतिवडा, डा० आनन्दमोहन भट्टराई, श्री अनिलकुमार सिन्हा, श्री प्रकाशमान सिंह राउत र श्री सपना प्रधान मल्ललाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गर्ने न्याय परिषद्को निर्णय व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १८५ को उपनियम ५ अनुसार अनुमोदन गर्ने ।<br>● न्याय परिषद्ले एघार (११) जना न्यायाधीशहरुको संसदीय सुनुवाई विशेष समितिमा प्रताव गरी पठाएकोमा मर्यादा क्रम अनुसार नभएको देखिएकोले संसदीय सुनुवाई विशेष समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा यस संसदीय |

| | |
|---|---|
| | सुनुवाई विशेष समितिको मर्यादाक्रम अनुसार नाम प्रस्तावित गर्नुपर्ने मत समेत रहेको कुरा न्याय परिषद्लाई जनाकारी गराउने । साथै यसरी सिफारिस गर्दा समानुपातिक समावेशी प्रतिनिधित्वलाई समेत ध्यान दिई सिफारिस गर्न न्याय परिषद्लाई ध्यानाकर्षण गराउने ।<br>● समितिको आजको बैठकमा विभिन्न देशका प्रस्तावित राजदुत तथा स्थायी प्रतिनिधिहरु विरुद्ध समितिमा प्राप्त सूचना तथा उजुरी खोल्ने निर्णय भयो ।<br>● विभिन्न देशका प्रस्तावित राजदुत तथा स्थायी प्रतिनिधिहरुको संसदीय सुनुवाई हुनुपूर्व नै सम्बन्धित देश/निकायमा एग्रिमो (सहमति) का लागि पठाउने मन्त्रिपरिष्द्ले निर्णय गरेको भन्ने विषयमा छलफल गर्न नेपाल सरकारका मुख्य सचिव, परराष्ट्र मन्त्रालयका सचिवलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय भयो । |
| २०७३/०४/१७ | ● संसदीय सुनुवाई विशेष समितिको अनुमोदन नहुँदै नेपाल सरकार, मन्त्रिपरिषद्को प्रस्तावित राजदुतहरुको एग्रिमो अगाडि बढाउने निर्णयले यस समितिको कार्यक्षेत्रलाई सरकारले गम्भीरताका साथ नलिएको पाइयो । यस्ता विषयमा निर्णय लिंदा संसदीय सुनुवाई विशेष समितिको सुनुवाई प्रकृया नटुंगिएसम्म नियुक्ति प्रकृया अगाडि नबढाउन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने ।<br>● समितिको मिति २०७३/०४/१८ गते बस्ने बैठकमा विभिन्न देशका राजदुत तथा स्थायी प्रतिनिधिहरुको विरुद्धमा उजुरी वा सूचना दिने व्यक्तिबाट उजुरी वा सूचनाको बारेमा जानाकारी लिने र विभिन्न देशका राजदुतको पदमा प्रस्तावित चार (४) जना व्यक्तिहरुलाई समितिसमक्ष आमन्त्रण गरी प्रस्तावित पदका सन्दर्भमा अवधारणा, कार्ययोजना र सोंच समेतका बारेमा जानकारी लिने । |

# अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति

| मिति | बैठकको निर्णय तथा निर्देशन |
|---|---|
| २०७३।१।१२ | ● विकास समिति ऐन, २०१३ ले नेपाल सरकारले विकास योजना वा विकास कार्यलाई कार्यान्वयन गर्न विकास समिति गठन गर्ने व्यवस्था गरेकोमा स्थायी प्रकृतिका कामको लागि विकास समिति गठन नगर्न र अस्थायी प्रकृतिका कामको लागि विकास समिति गठन गर्दा निश्चित अवधि तोकेर मात्र गठन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई निर्देशन दिने ।<br>● विद्यमान विकास समिति ऐन, २०१३ लाई नयाँ संविधान अनुरुप संघीय संरचना ( प्रान्तीय, स्थानीय, विशेष र संरक्षित क्षेत्र) निर्माणको परिप्रेक्षमा विकास समितिहरु गठनको उद्देश्य, आवश्यकता र ओचित्य, विकास समिति र नेपाल सरकारका स्थायी संरचनाहरु बिच कायम हुनु पर्ने अतरसम्बन्ध र समन्वय, विकास समितिहरुको गठन प्रक्रिया र समितिमा रहने सदस्यहरुको योग्यता, पदावधि र पदमुक्तिको प्रावधान समेतको अध्ययन गरी तीन महिना भित्र समिति समक्ष प्रतिवेदन पेश गर्न र उक्त प्रतिवेदन पेश नभएसम्म कुनै पनि विकास समिति गठन नगर्न नेपाल |

| मिति | बैठकको निर्णय तथा निर्देशन |
|---|---|
| | सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने ।<br>● नेपाल सरकारका सबै मन्त्रालयहरु अन्तरगत हालसम्म गठन भएका विकास समितिहरुको कार्य प्रभावकारीताको वस्तुगत मूल्यांकन गरी औचित्यपूर्ण नदेखिएका विकास समितिहरु विघटन गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सबै मन्त्रालयहरुलाई निर्देशन दिने । |
| २०७३।१।१५ | ● आगामी आ.व. ०७३/७४ को बजेट नयाँ संविधानले परिकल्पना गरेको संघीयता लगायतका व्यवस्थाहरुलाई कार्यान्वयनमा सघाउ पुग्ने, भुकम्प पीडितलाई तुरुन्त राहत एवं भुकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुन निर्माण गर्ने, नाकाबन्दीले अर्थतन्त्रमा परेको असर न्युन गर्ने, क्षेत्रिय सन्तुलन कायम हुने र ठोस परिणाम दिन सक्ने राष्ट्रिय महत्वका र रणनीति प्रकृतिका आयोजनामा बजेट केन्द्रित गर्ने गरी योजना तर्जुमा गर्न नेपाल सरकारका सबै मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।<br>● विगतमा नेपाल सरकारको बजेट तथा कार्यक्रममा समावेश भई कार्यान्वयनको प्रकृयामा रही हालसम्म सम्पन्न हुन नसकेका कुनै पनि आयोजना आगामी वर्षको बजेट तथा कार्यक्रमबाट नहटाउन नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।<br>● नेपालको उन्नतीको लागि महत्वपूर्ण योगदान गरेका व्यक्तित्वहरुको प्राथमिकिकरण गरी उहाँहरुको नाउँमा स्थापित प्रतिष्ठानहरुको वर्गीकरण गरी निश्चित मापदण्ड बनाइ बजेट विनियोजन गर्न नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>● नेपाल सरकारका विभिन्न मन्त्रालय र निकायहरुबाट मठमन्दिर संरक्षण, निर्माण र विकासको नाउँमा बजेट विनियोजन गर्ने प्रचलन रहेकोमा आगामी आर्थिक वर्ष देखि मठमन्दिरको संरक्षण, निर्माण र विकासको बजेट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत मात्र विनियोजन गर्न नेपाल सरकारका सबै मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।<br>● ठूलो संख्यामा नेपाली कामदार कार्यरत रहेका मुलुकमा अलपत्र परेका नेपाली श्रमिकहरुको उद्धारका लागि त्यहाँ रहेका नेपाली राजदूतावासमा आपतकालिन राहत कोष स्थापना गर्न र समस्यामा परेका कामदारहरुलाई कानूनी सहयोगको लागि कानून अधिकृतहरुको व्यवस्था र स्थानीय कानुन व्यवसायीहरु परिचालन गर्न यथेष्ट बजेट विनियोजन गर्न नेपाल सरकार, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।१।२४ | नेपाल सरकार शिक्षा मन्त्रालयलाई देहाय बमोजिमका निर्देशन दिने<br>● शैक्षिक परामर्शदाता कम्पनीहरुलाई व्यवस्थित गर्न, गराउन आवश्यक कानून तर्जुमाको साथै अनुगमन गर्ने संयन्त्र तुरुन्त निर्माण गरी प्रभावकारी अनुगमन एवं उचित कारवाही गर्न ।<br>● विदेशमा अध्ययनका लागि कुन विषयमा, कुन देशको, कुन युनिभर्सिटी उपयुक्त छ, यसको अध्ययन गरी सूची प्रकाशित गर्न ।<br>● अध्ययनको लागि पठाउन उपयुक्त देखिएका देशहरुसंग MOUगर्न । |

| मिति | बैठकको निर्णय तथा निर्देशन |
|---|---|
| | • शैक्षिक परामर्शदाता कम्पनीहरुलाई अनुमति दिदा प्रभावकारी मापदण्ड बनाईमात्र दिने । |
| २०७३।१।२७ | • बन्द रहेको एभरेष्ट होटलका मजदूरहरुको स्थिति र होटल संचालनका सम्बन्धमा छलफल हुदा होटल व्यवस्थापन पक्ष र मजदूर प्रतिनिधि पक्ष बीच आपसी सहमती हुन सक्ने पर्याप्त सम्भावना भएको कुरालाई बिचार गरी उक्त सन्दर्भमा व्यवसायी र मजदूर प्रतिनिधिहरु बीच आपसी समझदारी र समन्वय गराई बार्ताद्धारा सृजित समस्याको समाधान गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>• भुकम्पबाट बन्द भएका अन्य होटल र प्रतिष्ठानहरुमा सृजित समस्या समाधानका लागि पहल गर्न तथा संचालनका सम्भावना भएका होटलहरुलाई पुनः संचालन गर्ने व्यवस्थाको लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।<br>• दि बोर्डरल्याण्ड रिसोर्ट होटल प्रा.लि. वर्तमान भोटेकाशी जलविद्युत आयोजनाबाट क्षत्रिग्रस्त भई बन्द भएको स्थिती छ । उक्त होटेल बन्द भएको कारणले त्यहाँ कार्यरत मजदुरहरुको अवस्था दिनानु दिन दयनिय बन्दै गएको र होटलसंग जोडिएको अन्य व्यवसाय पनि प्रभावित भइरहेको सन्दर्भमा उक्त होटल संचालनका अन्य बैकल्पिक उपाय निकाल्न जरुरी छ । यसर्थ त्यस बोर्डरल्याण्ड रिसोर्ट प्रा.लि.ले पाउनु पर्ने उचित क्षत्रिपुर्ति तुरुन्त दिलाई होटल संचालनको व्यवस्था गर्न नेपाल सरकार, उर्जा मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।१।२८ | • तत्कालिन अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिले दिएको मार्गदर्शनलाई दृष्टिगत गर्दै बृटिस गोर्खा भूतपूर्व सैनिकहरुको समस्या समाधानका लागि बृटिस सरकारसंग आवश्यक वार्ता सम्वाद सहित कुटनीतिक प्रयासलाई अझ तिब्र र सघन बनाउदै लैजान नेपाल सरकार, परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।१।३१ | • विमानस्थलको व्यवस्थापन र सञ्चालनमा सुधारका लागि निम्नानुसारका निर्देशन सम्बन्धित निकायलाई दिने ।<br>१. हवाई उडान समयमा गर्ने ।<br>२. सर सफाईमा व्यापक सुधार गर्ने ।<br>३. पार्किङ्गको उचित व्यवस्था गर्ने ।<br>४. विमानस्थलमा संचालित ट्याक्सी व्यवस्थापनमा सुधार गर्ने ।<br>५. लगेज समयमा दिने व्यवस्था गर्ने ।<br>६. विमानस्थल भित्र रहेका पसल र व्यवसायलाई व्यवस्थित गर्ने ।<br>७. जहाजको टिकट मूल्य निर्धारण ठोस मापदण्डको आधारमा पारदर्शी गर्ने ।<br>८. सुरक्षाकर्मी र कर्मचारीहरुलाई मैत्रीपूर्ण व्यवहारका लागि प्रेरित गर्ने ।<br>९. सुरक्षा सतर्कतामा अझ सुधार गर्ने ।<br>• विमानस्थलहरुको भौतिक पूर्वाधार निर्माण कार्यलाई छिटो र प्रभावकारी बनाउन निर्माण कार्यलाई सम्झौतामा तोकिएको समय सीमा भित्र सम्पन्न गर्नु पर्ने हो । तर कतिपय ठेक्का सम्झौतामा विना कारण अनावश्यक म्याद थपी समय बढाउने, |

| मिति | बैठकको निर्णय तथा निर्देशन |
|---|---|
| | अनावश्यक भेरिएसन गर्ने कार्य भएकोले उक्त कार्यको छानविन गरी यसमा संलग्न कर्मचारीहरुलाई आवश्यक कारवाहीको लागि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।२।२८ | ● साउदी अरब लगायतका खाडी देशमा वर्षैदेखि अस्पतालमा उपचार गराई रहेका कामदारहरुलाई नेपाल फर्काउन अविलम्ब पहल गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।२।३० | ● **नीतिगत, कानूनी तथा संरचनागत सुधारका सम्बन्धमा :-**<br>(१) वैदेशिक रोजगारीमा देखिएका समस्या, विकृति र ठगी नियन्त्रण गरी वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन बैदेशिक रोजगार सम्बन्धी विद्यमान नीतिगत, कानूनी र संरचनागत व्यवस्थाको समीक्षा गरी गरिनु पर्ने सुधारको विस्तृत विवरण सहितको कार्ययोजना एक महिनाभित्र समिति समक्ष पेश गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(२) वैदेशिक रोजगारीमा जाने कामदारले कमाएको पैसा र वैदेशिक रोजगार व्यवसायीले विदेशका कम्पनीमा कामदार पठाए वापत प्राप्त गर्ने कमिसन बैंकिङ्ग प्रणालीबाट भित्र्याउन आवश्यक नीतिगत, कानूनी र संरचनागत व्यवस्था गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने ।<br>(३) वैदेशिक रोजगार ऐन २०६४ अनुसार पाँच (५) हजारभन्दा बढी नेपाली श्रमिक रहेका सबै मुलुकहरुमा श्रम सहचारी नियुक्त गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>● **कामदारको विज्ञापन र छनौटका सम्बन्धमा :-**<br>(१) विज्ञापन प्रकाशित गर्दा कामदार माग गर्ने देश, कम्पनीको नाम, कामदारले गर्नुपर्ने काम, चाहिने योग्यता र अनुभव, पाउने तलव लगायतका विवरण प्रकाशित गर्नु पर्ने व्यवस्था गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(२) विज्ञापन प्रकाशन गर्दा कामदार छनौट हुने मिति, समय, स्थान र कामदार छनौट गर्ने प्रकृया खुलाउनु पर्ने व्यवस्था गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(३) कामदार छनौट गर्दा वैदेशिक रोजगार विभागका कर्मचारीको रोहवरमा छनौट गर्न र छनौट भएका कामदारहरुको नामावली वैदेशिक रोजगार विभागबाट स्वीकृत भएपछि मात्र वैदेशिक रोजगारीमा पठाउने व्यवस्था गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>● **नियमन तथा अनुगमन सम्बन्धमा :-**<br>१) वैदेशिक रोजगारीमा भएका विकृति, विसंगति र ठगी नियन्त्रणको लागि वैदेशिक रोजगार विभागले गरेका कार्यहरुको नियमित तथा प्रभावकारी अनुगमन गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(२)वैदेशिक रोजगारीमा भएका विकृति, विसंगति र ठगी नियन्त्रणको लागि संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, श्रम तथा रोजगार मन्त्रालय, नेपाल प्रहरी र वैदेशिक रोजगार व्यवसायीहरु रहेको संयुक्त अनुगमन समिति गठन गर्ने ।<br>● **अन्य सुधारका सम्बन्धमा :-**<br>(१) वैदेशिक रोजगारसँग सम्बन्धित व्यवसायीहरुले नेपाल सरकारलाई तिर्नुपर्ने आय कर |

| मिति | बैठकको निर्णय तथा निर्देशन |
|---|---|
| | आन्तरिक राजस्व कार्यालयमा बुझाउने र नबुझाउनेहरुको विवरण प्रत्येक चार/चार महिनामा समिति समक्ष पेश गर्न नेपाल सरकार, अर्थ मन्त्रालयलाई निर्देशन दिने ।<br>(२)Free Visa/Free Ticket को व्यवस्थालाई प्रभावकारी तवरले लागू गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(३)वैदेशिक रोजगार व्यवसायीको पेशालाई मर्यादित, व्यवस्थित तथा जनमुखी बनाउन तथा उनीहरुको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(४)वैदेशिक रोजगारीमा जाने कामदारलाई दोहोरो-तेहेरो करार सम्झौता पत्र दिने वैदेशिक रोजगार व्यवसायीलाई कडा कारवाही गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(५) समितिले दिएका उपरोक्त निर्देशनहरुको कार्यान्वयनको प्रगति विवरण तीन/तीन महिनामा समिति समक्ष पेश गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।३।१ | • नेपाली नागरिकले विदेशी नागरिकसंग विवाह गरी जन्मेका सन्तानलाई नेपालको संविधान तथा प्रचलित कानूनले प्रदान गरेका अधिकारहरु सहज रुपमा उपलव्ध गराउन नेपाल सरकार गृह मन्त्रालय र मातहतका निकायहरुलाई ध्यानाकर्षण गराउने । |
| २०७३।३।३ | • **विप्रेषणका सम्बन्धमा :**<br>(१) वैदेशिक रोजगारीमा नेपाली कामदार पठाउंन विदेशी मुलुकसंग श्रम सम्झौता गर्दा वा सम्झौता नवीकरण गर्दा अनिवार्य रुपमा नेपाली कामदारले कमाएको रकम बैंकिङ्ग प्रणाली मार्फत भित्र्याउने प्रावधान समावेश गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(२) विदेशमा रहेका नेपालीहरुले बैंकिङ्ग प्रणाली मार्फत नेपालमा विप्रेषण पठाउँदा लाग्ने कमिसन तथा शुल्क नेपाल सरकारले व्यहोर्ने नीतिगत व्यवस्था गर्न नेपाल सरकार, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने ।<br>(३) Remittance कम्पनीहरुले विदेशमा संकलन गरेको सम्पूर्ण विप्रेषणको रकम परिवर्त्य विदेशी मुद्रामा नेपाल भित्र्याउनको लागि Remittance कम्पनीहरुको निगरानी र नियमनको लागि आवश्यक नीतिगत र संरचनागत व्यवस्था गर्न नेपाल सरकार, अर्थ मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने ।<br>(४) नेपाल राष्ट्र बैंक, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो वित्तीय जानकारी इकाई बिचको प्रभावकारी समन्वय र सहकार्यमा विदेशबाट गैर कानूनी रुपमा हुण्डी वा हवाला मार्फत नेपालमा विप्रेषण भित्र्याउने कार्यमा संलग्न संस्था/व्यक्तिहरुलाई कडा कारवाही गर्न नेपाल सरकार, अर्थ मन्त्रालय, गृह मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने ।<br>(५) वैदेशिक रोजगारमा जाने कामदारहरुलाई प्रदान गरिने अभिमुखीकरण तालिममा वित्तीय साक्षरताको विषयलाई विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने ।<br>(६) वैदेशिक रोजगारमा गएका प्रत्येक कामदार वा निजको परिवारको नाममा बैंक खाता खोलेको कुरा सुनिश्चित गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई |

| मिति | बैठकको निर्णय तथा निर्देशन |
|---|---|
| | निर्देशन दिने । <br>● **Manpower कम्पनीको व्यवस्थापन सम्बन्धमा** <br>(१) व्यवस्थापिका संसद, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको २०७१/०७/२१ को बैठकको निर्णय अनुसार माग गरेको Manpowerकम्पनीको कामकारवाही सम्बन्धी विवरण नबुझाएकाManpower कम्पनीहरुको इजाजत पत्र नवीकरण नगर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने । <br>(२) वैदेशिक रोजगारीमा कामदार पठाई आय आर्जन गर्ने तर आन्तरिक राजस्व कार्यालयमा आय विवरण दाखिला नगर्ने तथा कामदार पठाएको अनुपातमा तिर्नुपर्ने सम्पूर्ण आयकर रकम दाखिला नगर्ने समितिको अध्ययन विवरण अनुसारका Manpower कम्पनीहरुको इजाजत पत्र नवीकरण नगर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने । <br>(३) वैदेशिक रोजगारीमा जाने कामदारहरुसंग चर्को शुल्क असुलेको भनी सम्बन्धित निकायमा वारम्वार उजुरी पर्ने र छानविनबाट पटक-पटक दोषी ठहरिएका Manpower कम्पनीहरुलाई ठोस नीति तथा मापदण्ड बनाई इजाजत पत्र नवीकरण नगर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३।३।८ | ● मिति २०७३/०३/०६ गते तदनुरुप सन् २०१६ जुन २० तारिकका दिन अफगानस्तानको काबुलमा नेपाली कामदार सवार बसमाथि भाएको आक्रमणमा परी ज्यान गुमाएकाहरुको शव तत्काल नेपाल ल्याउन हवाइजहाज पठाएकोमा नेपाल सरकारलाई धन्यवाद ज्ञापन गर्दै मृतकका परिवारलाई उचित क्षतिपूर्ती तथा घाइतेहरुको उपचार गर्न नेपाल सरकारलाई निर्देशन दिने । <br>● उक्त घटनाको सत्य तथ्य पत्ता लगाउन र अफगानस्तान लगायतका द्वन्द्वग्रस्त मुलुकबाट नेपाल फर्कन चाहने नेपालीहरुलाई तत्काल नेपाल फर्काउने व्यवस्था मिलाउन नेपाल सरकारलाई निर्देशन दिने । <br>● श्रम स्वीकृति नलिई बैदेशिक रोजगारीमा जान नपाउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्न र श्रम स्वीकृति नलिई अफगानस्तान लगायत प्रतिवन्धित मुलुकमा गैर कानुनी रुपमा कामदार पठाउने वा पठाउनमा संलग्न मेनपावर कम्पनी, मानव तस्कर, दलाल र कन्सल्टेन्सीहरुलाई कडा कारवाही गर्न नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने । <br>● भारत लगायत अन्य देशका विमानस्थल प्रयोग गरी गैर कानूनी रुपमा तेस्रो देश जाने नेपालीहरुलाई सम्बन्धित देशका सरकारसँग प्रभावकारी कुटनीतिक पहल गरी रोक्न नेपाल सरकार, परराष्ट्र मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयलाई निर्देशन दिने । |

# अर्थ समिति

<table>
<tr><th>बैठक मिति</th><th>समितिका निर्णयहरुत</th></tr>
<tr><td>२०७३/०१/०५</td><td>

- आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता सम्बन्धमा छलफल गर्न माननीय अर्थ मन्त्री, माननीय राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, लगायत सम्बन्धित पदाधिकारीहरुलाई समितिको मिति २०७३।०१।०७ गते बिहान ९:०० बजे बस्ने बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।
- समितिमा प्राप्त संशोधन सहितको नेपाल राष्ट्र बैंक ऐन २०५८ लाई संशोधन गर्न बनेको विधेयक २०७१ माथि दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ७ सदस्यीय उपसमिति गठन भयो ।

<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर (वर्णानुक्रममानुसार)</th></tr>
<tr><td>१.</td><td>मा. श्री इच्छाराज तामाङ्ग</td></tr>
<tr><td>२.</td><td>मा. श्री कमला पन्त</td></tr>
<tr><td>३.</td><td>मा. श्री गोपाल दहित</td></tr>
<tr><td>४.</td><td>मा. श्री दलबहादुर सुनार</td></tr>
<tr><td>५.</td><td>मा. श्री विक्रम पाण्डे</td></tr>
<tr><td>६.</td><td>मा. श्री शंकर भण्डारी</td></tr>
<tr><td>७.</td><td>मा. श्री हरिलाल ज्ञवाली</td></tr>
</table>

उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

- समितिमा प्राप्त संशोधन सहितको निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७२ माथि दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको ७ सदस्यीय उपसमिति गठन भयो ।

<table>
<tr><th>क्र.सं.</th><th>नाम, थर (वर्णानुक्रममानुसार)</th></tr>
<tr><td>१.</td><td>मा. श्री केदारप्रसाद संजेल</td></tr>
<tr><td>२.</td><td>मा. श्री गोमा कुँवर</td></tr>
<tr><td>३.</td><td>मा. श्री गौरा प्रसाई</td></tr>
<tr><td>४.</td><td>मा. श्री चन्द्रकान्त भण्डारी</td></tr>
<tr><td>५.</td><td>मा. श्री नरबहादुर चन्द</td></tr>
<tr><td>६.</td><td>मा. श्री रीता शाही</td></tr>
<tr><td>७.</td><td>मा. श्री सिर्जना तरामु खत्री</td></tr>
</table>

उपसमितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।
</td></tr>
<tr><td>२०७३/०१/०७</td><td>

- बैठकमा माननीय अर्थ मन्त्री तथा राष्ट्रिय योजना आयोगका पदाधिकारीसँग आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता सम्बन्धमा छलफल भयो ।
</td></tr>
<tr><td>२०७३/१/३०</td><td>

- बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सचिवसँग आगामी आ.व. २०७३/७४ को बजेट सम्बन्धमा अर्न्तक्रिया तथा छलफल भयो ।
</td></tr>
</table>

| | |
|---|---|
| | ● समितिले यस अघि गरेका निर्णयहरु, पूर्व बजेटको छलफलको सम्बन्धमा दार्चुला, कैलाली र बर्दिया जिल्लाबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरु र आजको बैठकमा माननीय सदस्यहरुले पूर्व बजेट सम्बन्धमा उठाउनु भएका प्रमुख विषयहरुलाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने । <br> ● पूर्व बजेट सम्बन्धमा समितिबाट गएको टोलीले दार्चुला, कैलाली र बर्दिया जिल्लामा गई सो सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रमगरी त्यहाबाट प्राप्त भएका लिखित तथा मौखिक सुझावहरुलाईर्क संकलन गरी तयार पारेको प्रतिवेदन पारित गरियो साथै सो प्रतिवेदनलाई कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो । |
| २०७३/०२/०७ | ● समितिका आगामी बैठकहरुको कार्यसूचीका सम्बन्धमा छलफल भयो । <br> ● वजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा समितिबाट गएको टोलीले सुनसरी, ताप्लेजुङ्ग, दोलखा र सिन्धुपाल्चोक जिल्लामा सो सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रमगरी त्यहाबाट प्राप्त भएका लिखित तथा मौखिक सुझावहरुलाई संकलन गरी तयार पारेको प्रतिवेदन पारित गऱ्यो साथै सो प्रतिवेदनलाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गऱ्यो । |
| २०७३/०२/११ | ● यस समितिले नेपाल सरकारलाई यस अघि दिएको "काठमाडौं तराई/मधेश द्रुत मार्ग" र "निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमान स्थल आयोजना" निर्माण कार्य नेपाल सरकार आफैले गर्ने गरी व्यवस्थापन गर्न निर्देशन दिएकोमा सो कुरा नेपाल सरकारको नीति तथा कार्यक्रममा समावेश भएकोमा समितिको तर्फबाट नेपाल सरकारलाई धन्यवाद दिने निर्णय भयो । <br> ● उक्त आयोजनाहरु ५ वर्षभित्र सम्पन्न गर्ने गरी यस आ.व.मा रु. १५ देखि २० अर्ब बजेट विनियोजन गर्न र हुलाकी राजमार्ग समयमा नै सम्पन्न गर्नको लागि पर्याप्त बजेट विनियोजन गर्न नेपाल सरकारलाई निर्देशन दिने निर्णय भयो । <br> ● "निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति" ले पेश गरेको प्रतिवेदन माथि छलफल भई पारित भयो । साथै सो प्रतिवेदनलाई व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो । |
| २०७३/०२/१२ | ● समितिमा पेश भएका बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ सम्बन्धी उपसमितिले पेश गरेका प्रतिवेदनहरुमाथि विस्तृत छलफल भई संशोधन सहित पारित गरी समितिद्वारा तयार पारिएको प्रतिवेदन व्यवस्थापिका-संसदको बैठकमा पेश गर्ने निर्णय भयो । <br> ● समितिको मिति २०७३।०२।१३ गते बस्ने बैठकमा ओरियण्टल सहकारी संस्था सम्बन्धमा विस्तृत छलफल गर्नको लागि माननीय उपप्रधान मन्त्री, सहकारी तथा गरिवी निवारण मन्त्रालय र माननीय गृह मन्त्री, गृह मन्त्रालय, सो मन्त्रालयका सचिव तथा अन्य पदाधिकारी, ओरियण्टल सहकारी संस्थाद्वारा पिडित पक्ष, राष्ट्रिय सहकारी संघ लिमिटेड लगायतका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने । |
| २०७३/०२/१३ | ● बैठकमा ओरियण्टल सहकारी संस्था सम्बन्धमा माननीय उपप्रधान मन्त्री, सहकारी तथा गरिवी निवारण मन्त्रालय र माननीय गृह मन्त्री, गृह मन्त्रालय, सो मन्त्रालयका सचिव तथा अन्य पदाधिकारी, ओरियण्टल सहकारी संस्थाद्वारा पिडित पक्ष, राष्ट्रिय सहकारी |

| | |
|---|---|
| | संघ लिमिटेड लगायतका प्रतिनिधिहरु वीच सो सम्बन्धमा विस्तृत छलफल भई सम्बन्धित निकायलाई देहाय बमोजिमका निर्देशन दिने निर्णय भयो ।<br>● संशोधनको प्रक्रियामा रहेको सहकारी ऐनलाई समयमानुकूल विस्तृत रुपमा सहकारीमा रहेको समस्यालाई समाधान गर्ने र सहकारी मूल्य मान्यतालाई समेत समेट्ने गरी तत्काल अघि बढाउन तथा समस्याग्रस्त सहकारी संघ संस्थाको व्यवस्थापन पुन : आयोग गठन सम्बन्धी प्रक्रिया तत्काल अगाडि बढाउन सरकारलाई निर्देशन दिने ।<br>● ओरियण्टल सहकारी संस्थाको नाममा रहेको, सो सहकारी संस्थाको अध्यक्ष, संचालक, पदाधिकारी, उच्च ओहदाको कर्मचारी, परिवार तथा नातेदार लगायतको नाममा रहेको चल अचल सम्पत्ति, विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा धितो बन्धक रहेको वा धितो बन्धक नरहेको चल अचल सम्पत्ति, बैंक तथा वित्तिय संस्थाले आफ्नो ऋण असूली गर्ने प्रक्रियामा उक्त चल अचल सम्पत्तिको सार्वजनिक बोल कबोल मार्फत बिक्रि बितरण गरी बैंक तथा वित्तीय संस्थाको ऋण, उक्त सहकारी संस्थामा बचत तथा निक्षेप जम्मा गर्ने बचत तथा निक्षेपकर्ताको बचत तथा निक्षेप फिर्ता हुने गरी दामासाहीको आधारमा आ-आफ्नो ऋण असूल उपर हुने गरी काम कारवाही गर्ने गराउने गरी व्यवस्था गर्न नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकलाई निर्देशन दिने । |
| २०७३/०२/२१ | ● दुर संचार प्रदायक कम्पनी एनसेल, नेपालमा दर्ता भएको, नेपालमा लगानी गरेको र नेपालमा नेपालीहरुसँग कारोवार गरी नाफा कमाएको कम्पनी हो । सो कम्पनीले शेयर बिक्रि गरी स्वामित्व हस्तान्तरण भएपछि त्यसबाट पूँजी आर्जन गरेको अर्थात् पूँजीगत लाभ प्राप्त गरेकोले तिर्नु पर्ने र असूल गर्नुपर्ने सम्पूर्ण कर तत्काल असूल गरी अर्थ समितिलाई जानकारी गराउन नेपाल सरकार, अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>● नेपालमा कम्पनी दर्ता गरी नेपालमा नाफा कमाएपछि र शेयर बिक्रि गरी बिक्रेताबाट स्वामित्व हस्तान्तरण गरेर पूँजीगत लाभ लिए पछि नेपालमा नै बिक्रि कर तिर्नु पर्छ भन्ने कुरा प्रष्ट छ । एनसेलका विगतका शेयर धनीहरुका हकमा विगतमा विभिन्न कारोवारहरु भएका, पटक पटक शेयर स्वामित्व हस्तान्तरण हुँदा कम मूल्य राखी कर दाखिला गरिएको र हालको कारोवार गर्ने पक्षलाई ध्यानमा राखेर को बाट के कति अनियमितता भएको हो सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग मार्फत छानविन गरी दोषीलाई कानूनी कारवाही प्रक्रिया अगाडी बढाउन नेपाल सरकारलाई निर्देशन दिने निर्णय गरियो ।<br>● एनसेलबाट सम्पूर्ण कर असूली गरेसकेपछि मात्र सो कम्पनीको पूँजी बृद्धि लगायतका अन्य थप व्यवसायिक योजना/प्रस्तावहरु अघि बढाउन उद्योग मन्त्रालय र सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो । |
| २०७३/०२/३२ | ● कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक, २०७१ र लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिले तयार पारेका उक्त विधेयक सम्बन्धी प्रतिवेदनहरु समितिमा पेश गऱ्यो साथै बैठकमा ती प्रतिवेदनहरुमाथि छलफल भयो ।<br>● लेखा परीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ का सम्बन्धमा देहाय बमोजिमका संशोधन गर्ने निर्णय भयो । साथै यस सम्बन्धी समितिले तयार पारेको प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने निर्णय भयो । |

| | |
|---|---|
| | १. **लेखा परीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ को प्रस्तावनामा संशोधन** : लेखा परीक्षण (पहिलो संशोधन) विधेयक, २०७१ (यसपछि मूल विधेयक भनिएको) को प्रस्तावनामा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ" भन्ने शब्दहरु राख्ने ।<br>२. **मूल विधेयकको दफा १ मा संशोधन** : मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका<br>"लेखा परीक्षण (पहिलो संशोधन) ऐन, २०७१" भन्ने शब्दहरुको सट्टा "लेखा परीक्षण (पहिलो संशोधन) ऐन, २०७३" भन्ने शब्दहरु राख्ने ।<br>३. **मूल विधेयकको दफा २ मा संशोधन** : मूल विधेयकको दफा २ मा देहायको उपदफा (१) थपी त्यसपछिको क्रम संख्या मिलाउने :-<br>(१) मूल ऐनको दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-<br>"(क) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकायको कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत संघीय, प्रदेश तथा स्थानीय तहका सबै सरकारी कार्यालय र अदालत सम्झनु पर्छ ।"<br>४. **मूल विधेयकको दफा ५ मा संशोधन** : मूल विधेयकको दफा ५ अन्तर्गत मूल ऐनको दफा ४ खण्ड (ज) मा रहेको "अनुशरण गरे नगरेको" भन्ने शब्दहरु पछि "सम्बन्धित सरकारी निकायले आवश्यक बजेट समयमा उपलब्ध गराए नगराएको " भन्ने शब्दहरु थप गर्ने । |
| २०७३/०३/२० | ● बैठकमा नेपाल राष्ट्र बैंक ऐन २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिले तयार पारेका उक्त विधेयक सम्बन्धी प्रतिवेदन उपसमितिका संयोजक मा. श्री विक्रम पाण्डेले समिति समक्ष पेश गर्नु भयो ।<br>● बैठकले कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति ले तयार पारेको प्रतिवेदनमा देहाय बमोजिमको संशोधन गरी पारित गर्‍यो । साथै उक्त विधेयक सम्बन्धी समितिले तयार पारेको प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने निर्णय भयो :<br>**कर्मचारी सञ्चय कोष (नवौं संशोधन) विधेयक २०७१ मा गरिएका परिमार्जनहरु**<br>१. **कर्मचारी सञ्चय कोष (नवौ संशोधन) विधेयक २०७१ को प्रस्तावनामा संशोधन** : कर्मचारी सञ्चय कोष (नवौ संशोधन) विधेयक २०७१ (यसपछि मूल विधेयक भनिएको) को प्रस्तावनामा रहेको "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ" भन्ने शब्दहरु राख्ने । |

| | |
|---|---|
| | २. **मूल विधेयकको दफा १ मा संशोधन** : मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका "कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन २०७१", भन्ने शब्दहरुको सट्टा "कर्मचारी सञ्चय कोष (नवौं संशोधन) ऐन २०७३" भन्ने शब्दहरु राख्ने ।<br>३. **मूल विधेयकको दफा ३ मा संशोधन** : मूल विधेयकको दफा ३ को खण्ड (ख१) मा रहेका "मजदुर तथा चिया बगानका कामदार समेतलाई" भन्ने शब्दहरुको सट्टा "श्रमिक, चिया बगानका श्रमिक तथा सहकारी संघ संस्थामा कार्यरत कर्मचारी समेतलाई" भन्ने शब्दहरु राख्ने ।<br>४. **मूल विधेयकको दफा १२ मा संशोधन : मूल विधेयकको दफा १२ अन्तर्गत रहेको,-**<br>(१) मूल ऐनको दफा १९ को,-<br>(क) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्ने :-<br>"(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायद्वारा प्रबर्द्धित उर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा शेयर लगानी गर्न सक्ने ।"<br>(ख) खण्ड (ट) मा रहेका "घर घडेरी सोझै वा किस्तावन्दीमा" भन्ने शब्दहरु पछि "सञ्चयकर्तालाई" भन्ने शब्द थप्ने ।<br>(ग) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपी त्यसपछिको खण्डक्रम मिलाउने ।<br>"(ठ) कोषले आफै वा अरु संस्थाहरुसँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, उर्जा उत्पादन, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सक्ने ।"<br>(घ) खण्ड (फ) झिकी त्यसपछिको खण्ड क्रम मिलाउने ।<br>५. **मूल विधेयकमा दफा १३ थप गर्ने** : मूल विधेयकको दफा १२ पछि देहायको दफा १३ थपी त्यस पछिका दफाहरुको दफा क्रम मिलाउने :-<br>"१३. **मूल ऐनमा दफा १९क. थप :** मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थप्ने :-<br>"१९क. **असूल उपर गर्ने** : (१) सञ्चयकर्ताको मासिक पारिश्रमिक रकमबाट कोषमा जम्मा गर्ने प्रयोजनको लागि कट्टा गरेको रकम र सो रकममा प्रचलित कानून बमोजिम थप हुने रकम समेत कोषमा जम्मा गरिदिनु पर्ने जिम्मेवारी रहेको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कोषमा रकम जम्मा गर्न नपठाएको पाइएमा त्यस्तो कर्मचारीबाट कोषले सञ्चयकर्ताको कोषमा जम्मा हुनु पर्ने रकम र सो रकममा कोषबाट पाउने व्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम सम्बन्धित सञ्चयकर्ताको कोषको खातामा जम्मा गर्न कोषले अवधि तोकी सम्बन्धित कर्मचारीलाई आदेश दिनेछ ।<br>(२) उपदफा (१) बमोजिम तोकिएको |

| | |
|---|---|
| | अवधिभित्र सम्बन्धित कर्मचारीले सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र सञ्चयकर्ताको रकम कोषमा जम्मा नगरेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कोषले त्यस्तो कर्मचारीको नाउँमा रहेको कोषको खाताको रकमबाट असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।<br>(४) उपदफा (३) बमोजिम असूल गर्दा सञ्चयकर्ताको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा कोषले त्यस्तो कर्मचारीको अन्य चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरी सञ्चयकर्ताको खातामा जम्मा गरिदिनेछ ।"<br>६. **मूल विधेयकमा दफा १५ थप गर्ने** : मूल विधेयकको दफा १४ पछि देहायको दफा १५ थप गरी त्यस पछिका दफाहरुको दफा क्रम मिलाउने :-<br>**"१५. मूल ऐनको दफा २९ मा संशोधन** : मूल ऐनको दफा २९ को उपदफा<br>(३) पछि देहायका उपदफा (४) र (५) थप्ने :-<br>"(४) सञ्चयकर्ताको रकम कोषमा जम्मा गर्नु पर्ने जिम्मेवारी रहेको कर्मचारीले त्यस्तो रकम कोषमा जम्मा नगरेको पाइएमा त्यस्तो कर्मचारीलाई सञ्चयकर्ताको कोषमा जम्मा हुनुपर्ने रकम र सो रकममा कोषबाट पाउने व्याज समेतको हिसाब गरी हुन आउने एकमुष्ट रकम बराबरको रकम जरिबाना हुनेछ ।<br>(५) कोषले सञ्चयकर्ताको रकम कोषमा जम्मा नगर्ने कर्मचारीलाई उपदफा (४) मा उल्लिखित जरिबानाका अतिरिक्त प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउनेछ ।" |
| २०७३/०३/२१ | ● बैठकले नेपाल राष्ट्र बैंक ऐन २०५८ लाई संशोधन गर्न बनेको विधेयक, २०७१ माथि दफावार छलफल गरी समितिमा सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमिति ले तयार पारेको प्रतिवेदनमा देहाय बमोजिमको संशोधन गरी पारित गऱ्यो । साथै उक्त विधेयक सम्बन्धी समितिले तयार पारेको प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने निर्णय भयो :<br>**नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको बिधेयकमा गरिएको परिमार्जनहरु :-**<br>१. **नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको बिधेयक, २०७१ को प्रस्तावनामा संशोधन** : नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको बिधेयक, २०७१ (यस पछि मूल विधेयक भनिएको) को प्रस्तावनामा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।" भन्ने शब्दहरु राख्ने । |

| | |
|---|---|
| | २. **<u>मूल विधेयकको दफा १ मा संशोधन</u>** : मूल विधेयकको दफा १ को उपदफा (१) मा रहेका "नेपाल राष्ट्र बैङ्क (दोश्रो संशोधन) ऐन, २०७१" भन्ने शब्दहरुको सट्टा "नेपाल राष्ट्र बैङ्क (दोश्रो संशोधन) ऐन, २०७३" भन्ने शब्दहरु राख्ने ।<br>३. **<u>मूल विधेयकको दफा ९ मा संशोधन</u>** : मूल विधेयकको दफा ९ अन्तर्गत रहेको दफा ४१ को उपदफा (१) को खण्ड (ग) मा रहेका "नेपाल सरकारको स्वीकृतिमा" भन्ने शब्दहरु हटाउने ।<br>४. **<u>मूल विधेयकमा दफा ११ मा संशोधन</u>** : मूल विधेयकको दफा ११ अन्तर्गत रहेको मूल ऐनको दफा ४५ को उपदफा (१) मा रहेका "नेपाल सरकारको तर्फबाट जारी गरेको ऋणपत्र वा बैङ्क आफैंले जारी गरेको ऋणपत्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको तर्फबाट जारी गरेको ऋणपत्र वा बैङ्कले जारी गरेको वा तोकेको ऋणपत्र" भन्ने शब्दहरु राख्ने ।<br>५. **<u>मूल विधेयकको दफा ५ पछि देहायको दफा ६ थपी त्यसपछिका दफा क्रम संख्या मिलाउने</u>** :<br>**"<u>६. मूल ऐनको दफा ३२ मा संशोधन</u> :-** मूल ऐनको दफा ३२ को उपदफा ३ झिकिएको छ"।<br>**६.** **<u>मूल विधेयकको दफा २८ मा संशोधन</u>** : मूल विधेयकको दफा २८ अर्न्तगत रहेको दफा १०६क को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने ।<br><br>"(२) डिपुटी गभर्नर र बैंकका कार्यकारी निर्देशक आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले तीन वर्षसम्म र बैंकको अधिकृत स्तरको कर्मचारी आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म कुनै पनि बाणिज्य बैंक वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुदैन ।<br>तर यस उपदफामा तोकिएको समयावधि पुरा भएपछि कुनै पनि बाणिज्य बैंक वा वित्तिय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नको लागि सम्बन्धित डिपुटी गभर्नर, कार्यकारी निर्देशक वा अधिकृतले बैंकको पूर्व स्विकृति लिनु पर्नेछ ।" |
| २०७३/०३/२७ | ● बैठकमा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक व्यवस्थापिका-संसदको बैठकले पुन : विचारार्थ समितिमा पठाउनका सम्बन्धमा माननीय अर्थ मन्त्रीज्यूले स्पष्ट पार्नु भयो । साथै सो बैठकमा उक्त विधेयकका सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थ सचिवले पनि आ-आफ्नो धारणा राख्नु भएको थियो । |

# वातावरण संरक्षण समिति

| बैठक मिति | निर्णय /निर्देशन |
|---|---|
| २०७३/०१/१५ | १. राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको विगतका कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भई आएको देखिएको र जनताबाट त्यस्ता कार्यक्रमहरुको बढ्दो माग रहेको अवस्थामा आगामी आ.ब. २०७३/०७४ को बजेट प्रस्तावित गुरुयोजनाले माग गरे बमोजिम नभई चालु आ.ब.को भन्दा निकै कम सिलिङ्ग तोकिएकोले चालु आ.ब.को भन्दा कम्तिमा ३०% बजेट थप गरी आगामी आ.ब.को बजेटको सिलिङ्ग कायम गरी उपलब्ध गराउन नेपाल सरकार मन्त्रिपरिषद्, राष्ट्रिय योजना आयोग, वन तथा भू-संरक्षण मन्त्रालय र अर्थ मन्त्रालयलाई समिति निर्देशन गर्दछ ।<br>२. समय समयमा राष्ट्रिय वनहरुमा व्यापक रुपमा आगजनी/डढेलो समस्या बढी नै रहेकोले वन तथा भू-संरक्षण मन्त्रालयबाट तत्सम्वन्धमा हाल भइरहेका कामहरु र सो सम्वन्धमा मन्त्रालयले वहन गर्नुपर्ने जवाफदेहितालाई समेत समिक्षा गरी आगामी बजेटमा विशेष कार्यक्रमहरु जस्तैः फायरलाइन, पोखरी, ताल/तलैया आदि निर्माण गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई समिति निर्देशन गर्दछ । |
| २०७३/०२/०६ | आजको बैठकमा उठेका विषयवस्तु माथि वातावरण संरक्षण सम्वद्ध सरोकारवाला निकायहरु स“ग समेत थप छलफल गर्नुपर्ने देखिएकोले त्यस्ता निकायहरुको पहिचान गरी आगामी बैठकमा तत् तत् निकायहरु समेतलाई आमन्त्रण गर्ने गरी अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित भयो । |
| २०७३/०२/०७ | आजको बैठकमा सहरी विकास मन्त्रालयको कार्यक्रमहरु माथि छलफल भयो साथै उक्त मन्त्रालयको कार्यक्रमहरुका बारेमा माननीय मन्त्री तथा सचिवले समितिलाई जानकारी गराउनु भयो । |
| २०७३/०२/०९ | आजको बैठकमा खानेपानी तथा सरसफाई मन्त्रालयको कार्यक्रमहरु माथि छलफल भयो साथै उक्त मन्त्रालयको कार्यक्रमहरुका बारेमा माननीय मन्त्री तथा सचिवले समितिलाई जानकारी गराउनु भयो । |
| २०७३/०२/१० | आजको बैठकमा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम माथि छलफल गर्ने कार्य सूची रही विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री श्री शिवलाल थापा र सचिव श्री गजेन्द्रकुमार ठाकुरलाई समितिको बैठकमा आमन्त्रण गरिएकोमा उहा“हरु दुवै जना विना जानकारी समितिको बैठकमा अनुपस्थित रहनु भएकोले समितिको काम कारवाहीमा वाधा पर्न गएको र सोही कारणबाट समितिको आजको बैठक स्थगित गर्नु परेकोले यसबारे आवश्यक निर्देशनका लागि सम्माननीय प्रधानमन्त्रीज्यू र मुख्य सचिवलाई जानकारी गराउने निर्णय गरियो । |
| २०७३/०२/११ | आजको बैठकमा 'वनस्पति विभागको कार्यक्रम तथा नेपालको जडिबुटी विकासमा विभागले गरेका प्रयासहरु' का सम्वन्धमा वन तथा भू-संरक्षण मन्त्रालयका सचिव र वनस्पति विभागका महानिर्देशकबाट समिति समक्ष भएको प्रस्तुतिकरण पश्चात् सो विषयमा समितिमा व्यापक छलफल भयो । |
| २०७३/०२/१७ | आजको बैठकमा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रमहरु बारेमा विज्ञान तथा प्रविधि मन्त्रालयका माननीय मन्त्री, सचिव लगायतका पदाधिकारीहरुले समितिलाई जानकारी गराउनु भयो । |

| | |
|---|---|
| २०७३/०२/३१ | १. आजको बैठकमा सदर चिडियाखानाको भावी कार्यक्रम र नीतिगत अवस्थाका बारे समितिमा व्यापक छलफल पछि देश भरिका प्राणी उद्यान सम्वन्धी व्यवस्थापन गर्न नेपाल सरकारले छुट्टै निर्देशिका ल्याए पनि देश भरिका चिडियाखानाहरुलाई व्यवस्थापन, सुदृढीकरण र नियन्त्रण समेत गर्नको लागि केन्द्रीय चिडियाखाना प्राधिकरणको कानूनी व्यवस्थाको अभाव देखिएकोले चिडियाखाना सम्वन्धी छुट्टै कानूनको व्यवस्था गर्ने विधेयक तर्जुमा गरी व्यवस्थापिका-संसदमा तीन (३) महिना भित्र पेश गर्न वन तथा भू-संरक्षण मन्त्रालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र नेपाल सरकार मन्त्रिपरिषद्लाई निर्देशन दिने ।<br>२. ६ हेक्टर क्षेत्रफलमा फैलिएको ललितपुर, जावलाखेल स्थित सदर चिडियाखानामा हाल करिव १०४ प्रजातिका विभिन्न वन्यजन्तुहरु प्रदर्शनीमा रहेका देखिन्छन भने हात्ति, गैडा, बाघ, भालु, हिप्पो, नीलगाई जस्ता ठूला स्तनधारी वन्यजन्तु लगायत विभिन्न प्रकारका अन्य वन्यजन्तुहरु रहेको उक्त स्थान ज्यादै सा“धुरो हुन पुगेकोले सो चिडियाखानाको विस्तार **(Extention)** को रुपमा भक्तपुर जिल्लाको सूर्य विनायकमा विस्तार गर्न र काठमाडौं उपत्यका वाहेक उपयुक्त अन्य स्थानमा समेत चिडियाखानाको व्यवस्था गर्नका लागि कारवाही अगाडि बढाउन वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय प्रकृति संरक्षण कोषलाई निर्देशन दिने ।<br>३. नेपालका विभिन्न स्थानमा रहेको स-साना चिडियाखाना **(So-called Zoo)** हरुको वर्तमान अवस्था, संख्या र नियमन सम्वन्धी अवस्था बारे एक महिना भित्र जानकारी उपलब्ध गराउन वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिने । |
| २०७३/०३/३० | आजको बैठकमा 'समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण' का सम्वन्धमा जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक र समुदायमा आधारित बाढी तथा हिमताल विष्फोटन जोखिम न्यूनीकरण आयोजनाका प्रमुखबाट समिति समक्ष भएको प्रस्तुतिकरण पश्चात् सो विषयमा समितिमा व्यापक छलफल भयो । |
| २०७३/०३/३१ | १. आजको बैठकमा श्रम तथा रोजगार मन्त्रालय र जनसंख्या तथा वातावरण मन्त्रालयलाई कार्य क्षेत्रमा काम गर्ने कामदारहरुलाई प्रदूषणमुक्त वातावरणमा काम लगाएको/गराएको नदेखिएकोले स्वदेश तथा विदेशमा काम गर्ने नेपाली कामदारहरुको वास्तविक अवस्थाको स्थलगत अनुगमन गरी स्वच्छ र स्वस्थ्य उपयुक्त वातावरणमा काम गर्ने व्यवस्था मिलाउन श्रम तथा रोजगार मन्त्रालय र जनसंख्या तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने ।<br>२. वन तथा भू-संरक्षण उपसमितिले सर्लाही, रौतहट, बा“के, बर्दिया र कैलाली लगायतका तराई-मधेसका केही जिल्लाहरुमा भैरहेको वन अतिक्रमणको सम्वन्धमा दुईवटा भ्रमण टोलीहरु बनाई स्थलगत भ्रमण गर्ने व्यवस्था मिलाउन समितिलाई सिफारिस गरेकोमा उपसमिति र समिति सचिवालयले अनुगमन भ्रमण सम्वन्धी उपयुक्त व्यवस्था मिलाउने ।<br>३. मेलम्ची खानेपानी आयोजना सम्वन्धी उपसमितिको म्याद यही २०७३ साल असार मसान्तसम्म रहेकोमा अरु एक महिनाका लागि थप गर्ने । |

# बिकास समिति

## हुलाकी राजमार्ग बिरगञ्जको स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव

**निश्कर्ष :**
देशकै पुरानो र मधेशको 'लाइफ लाइन' को रुपमा रहेको हुलाकी सडक निर्माणमा भएको ढिलाईबाट राज्यको विकास प्रतिको वेवास्ता गरेको भन्ने कुरा पूर्ण रुपमा झल्किएको देखिन्छ । यो राजमार्गको निर्माणले तराई क्षेत्रका जनताहरुको जीवनस्तर सुदृढ, आय आर्जन, रोजगारीमा बृद्धि, गरिबी निवारण, आर्थिक विकास लगायत राष्ट्रिय एकताको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्दछ । अझै पनि कतिपय ठाउँमा सडकको Alignment परिवर्तन भएको, Right of Way Clear नभएको, स्थानीय अवरोध, मुआब्जा वितरण, जग्गा प्राप्ती, निर्माण सामग्रीको प्राप्ती, वन जंगल तथा अन्य वातावरणीय समस्या, ठेकेदारको लापरवाही जस्ता कारणहरु मुख्य समस्याको रुपमा रहेका छन् ।
व्यवस्थापिका-संसद विकास समितिले देशको सन्तुलित विकासको लागि राष्ट्रिय गौरव लगायतका सडक सञ्जालको समयमा नै निर्माण सम्पन्न गराउने र निर्माण कार्यको थालनी नै नभएका आयोजनाहरुको पनि तत्काल कार्य अगाडि बढाउन लगाउने उद्देश्यले हुलाकी राजमार्ग, मध्य पहाडी लोकमार्ग, तराई मधेश द्रुतमार्ग आदिको निर्माणमा समितिले बारम्बार पहल गऱ्यो । हुलाकी राजमार्ग आयोजना सञ्चालनमा देखिएका उल्लेखित समस्याहरु समाधानको लागि समितिले विभिन्न निकायहरुलाई आमन्त्रण गरी त्यस्ता समस्या समाधान गर्न पहल गरे अनुसार अघिल्लो ठेक्का तोडी नयाँ ठेक्कालगाउने लगायतका धेरै समस्याहरु समाधान पनि भए ।
देशमा लामो समयदेखिको आन्तरिक द्वन्द्व, सशस्त्र युद्ध, लम्बिदो राजनीतिक संक्रमणको अवस्था र राजनीतिक स्थिरताको अभावमा देशका विकास निर्माण कार्य द्रुत गतिमा अगाडि बढ्न सकेको छैन । त्यसमा पनि मिति २०७२ बैशाख १२ गतेको विनाशकारी भुकम्प, तराई मधेश आन्दोलन र सीमा क्षेत्रमा देखिएको अवरोध आदि कारणबाट देश शीथिल परी विकासमा धेरै नै पछाडि परेको छ । अब विकास निर्माण कार्य गर्न ढिलो भै सकेको छ । हामीले समयमा नै सोचेर स्पष्ट दृष्टिकोण सहित विकास र सम्वृद्धिका लागि अगाडि नबढ्ने हो भने देशले प्राप्त गरेको विविध उपलब्धी नै गुम्न गई हामी ठूलो दुर्घटनामा पर्न सक्ने खतरा हुन सक्दछ । त्यसैले अव तराई क्षेत्रमा देखिएको समस्या राजनीतिक दलहरुले वार्ता कै माध्यमबाट समाधान गरी राष्ट्रिय महत्वका आयोजनाहरुको निर्माण तथा समुन्नत नेपालका लागि दीर्घकालिन सोचकासाथ कार्य अगाडि बढाउनुको विकल्प छैन । अब राज्यका सबै शक्तिहरुः राजनीतिक दल, प्रशासन, उद्योगपति, नागरिक समाज, लगायतका सरोकारवाला सबै समुदायले सकारात्मक सोचका साथ अगाडि बढ्नु नितान्त आवश्यक छ ।

**सुझाव :**
- नवलपुर मंलगवा सडक हुलाकी राजमार्गमा समावेश भई निर्माण तथा सुदृढिकरण कार्य तत्काल हुन नसक्दा त्यस सडक वरिपरीका वासिन्दाहरु धुलो र हिलोको कारणबाट घरमा बस्नै नसक्ने र सडकमा यात्रा गर्न पनि नसक्ने अवस्था रहेको छ । त्यसै गरी नवलपुरबाट दैनिक कामका लागि सदरमुकाम जाने सिलसिलामा मंलगवा जाने यात्रुले कष्टकर अवस्थामा यात्रा गर्नु परेको हुँदा उक्त सडक हुलाकी मार्ग अन्तरगत निर्माण कार्य तत्काल अगाडि बढ्न नसक्ने हो भने हुलाकी राजमार्गबाट झिकी छुट्टै योजनाको रुपमा निर्माण गर्नुपर्दछ ।
- सर्लाही जिल्ला सदरमुकाम अन्तर्गतका सडकहरु कुनै पनि पिच भएको नहुदा त्यहाँको वातावरण अति नै प्रदुषित हुन गई जनजीवनमा नकारात्मक असर परेको छ भने भारतको विहारमा भारत सरकारले सीमा क्षेत्रमा निर्माण गरेको चार लेनको भव्य सडक हाम्रो सीमा सम्म जोडिएको अवस्था रहेको छ । जसले गर्दा त्यस सीमा क्षेत्रमा बस्ने मानिसहरुमा अति नै आत्मग्लानी महशुस हुने गरेको हुदा सर्लाही, वीरगञ्ज जस्ता

महत्वपूर्ण तराई जिल्लाका सीमा क्षेत्रका सडक र बजारहरुलाई व्यवस्थित बनाउनेतर्फ नेपाल सरकारबाट योजना बनाई कार्य प्रारम्भ गर्नु पर्दछ ।

- हुलाकी सडक अन्तर्गतका मेची, कन्काई, बाग्मती, अरुवा लगायतका पुलहरुको निर्माणको जिम्मा भेस्वा एण्ड कम्पनीले लिएको, निर्माणकार्य प्रगति नभएको र हाल कार्य सुचारु पनि नभएको हुँदा उक्त निर्माण कार्य तत्काल निरन्तरता दिन नसकिने हो भने उक्त ठेक्का रद्द गरी नयाँ ठेक्का लगाउने कार्य तत्काल आरम्भ गर्नु पर्दछ । त्यसै गरी बाग्मती नदीको पुल निर्माणमा प्राविधिक समस्या समेत देखिएको हुँदा उक्त पुलको पुन परीक्षण गरी कार्य थालनी गर्नुपर्दछ।
- विभिन्न कारण निर्माण हुन नसकेका पुलहरुका सम्बन्धमा सरोकारवाला पक्षहरुसँग छलफल गरी कार्य अगाडि बढाउन पहल गर्ने तथा गैर जिम्मेवार भई लापरबाही गरी निर्माण कार्य अवरुद्ध पार्ने निर्माण व्यवसायीलाई तत्काल कालोसूचीमा राखी आवश्यक कारबाही गर्नुपर्ने ।
- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तरगतका विकास निर्माण कार्यहरु समितिले अनुगमन गर्दा कतिपय स्थानमा प्रभावकारी हुन नसकेको भनी जनगुनासो समेत रहेको पाइयो । कतिपय निर्वाचन क्षेत्रमा भने कार्य सन्तोषजनक भएको पाइए पनि निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको सञ्चालन निश्चित मापदण्ड बनाई विकास कार्यक्रम प्राथमिकताका आधारमा छनौट गरी प्रभावकारी रुपमा सञ्चालन गरिनु पर्दछ ।
- हुलाकी राजमार्गमा पर्ने सदरमुकाम सहित अन्य पुराना बजारहरु उजाड र चहलपहल कम हुँदै गएको र सहरीकरणको लागि आवश्यक पुल, पुलेसा, सडक, दुरसञ्चार, ढल, खानेपानी जस्ता पूर्वाधारहरुको अवस्था साह्रै कमजोर हुदै गएकोले यस्ता विशेष ऐतिहासिक तथा सांस्कृतिक महत्व भएका बजारहरुलाई आधुनिक बजारमा रुपान्तरण गर्नको लागि आवश्यक व्यवस्था गर्ने।
- जिल्लाका विकास निर्माण क्रियाकलाप सञ्चालन, विभिन्न निकायहरुबाट उपभोक्ता समिति जिल्ला विकास समिति र नगरपालिका लगायतबाट विभिन्न किसिमका विकास निर्माण सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदा कामको दोहोरोपना, स्थानीय अवरोध आदिका कारणबाट समयमा नै योजना सम्पन्न हुन नसकेकोले जिल्लास्थित विकास निर्माणका क्रियाकलापको सञ्चालनमा प्रमुख जिल्ला अधिकारीबाट समन्वय र सहजीकरणको भूमिका निर्वाह गरी कार्य अगाडि बढाउनु पर्ने ।
- उपमहानगरपालिका अन्तरगतका स्थानीय कर्मचारीहरुको बृत्ति विकासको अवसर रोकिदा मनोबल कमजोर हुन गएको छ त्यसैले स्थानीय निकायका कर्मचारीहरुको बृत्ति विकासका लागि नियमावली संशोधन गरी बृत्ति विकासको मार्ग सुनिश्चित गर्नुपर्दछ ।
- वीरगञ्ज उपमहानगरपालिका नेपालको आर्थिक नगरी हो । यहाँको अधिकांश सडकहरु धुलाम्मे रहेको र विरगञ्जबाट रक्सौल जाने सडक हाल सम्म दुई लेनको मात्र भएको र सीमा क्षेत्रमा आउने ठूला सवारी साधनहरु र उच्च सवारी चापका कारणले बाटो अति जाम हुने गरेको छ । उक्त सडक ६ लेनको बनाउने नेपाल सरकारको निर्णय समेत भएकोमा सडक वरिपरीका घना बस्तीको कारणले उक्त सडक विस्तार गर्ने कार्यको सुरुवात हुन नसकेको हुँदा त्यस स्थानमा वैकल्पिक बाटो निर्माण गरिनु पर्ने वा बाटो फराकिले गर्ने कार्य तत्काल अगाडि बढाउनु पर्ने
- वीरगञ्ज उपमहानगरपालिकाको विकास निर्माण कामका लागि Matching Fund बाट रकम प्राप्त हुन नसकेको हुँदा उक्त Matching Fund को रकम निकासा नभएर विकास निर्माण कार्य हुन सकेको छैन । वीरगंजले जति राजस्व सरकारलाई बुझाउछ त्यही अनुपातमा वीरगंजले अत्यन्त न्यून अनुदान प्राप्त गर्ने विद्यमान अवस्थाले आर्थिक केन्द्रको रुपमा चिनिएको वीरगंजमा पूर्वाधारको विकास हुन नसकी आधुनिक सहरको रुपमा विकसित हुन नसकेको हुँदा वीरगंजको विकासका लागि सरकारले आवश्यक बजेट व्यवस्था गर्नुपर्दछ ।

# हुलाकी राजमार्ग जनकपुरको स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव

## निष्कर्ष :

समृद्ध राष्ट्रको प्रमुख आधार त्यस देशमा विस्तार भएको व्यवस्थित सडक सञ्जाल नै हो । देशकै पुरानो र मधेशको 'लाइफ लाइन' को रुपमा रहेको हुलाकी सडक निर्माणमा भएको ढिलाईबाट राज्यको विकास प्रतिको वेवास्ता पूर्ण रुपमा झल्किएको देखिन्छ । हुलाकी राजमार्ग अन्तर्गत पर्ने पूर्वदेखि पश्चिमसम्मको सडक ९७५ कि.मि. रहेको छ भने पूर्व पश्चिम राजमार्गबाट मधेशको सदरमुकामसम्म जोड्ने करिव ३२ वटा सडकहरु ८१७ कि.मि. गरी जम्मा १७९२ कि.मि. रहेको छ ।

हुलाकी सडकलाई विभिन्न प्याकेज बनाई एकै चरणमा राखेर कार्य सम्पन्न गर्न सकिने देखिन्छ । पहिलो चरणमा बनाउने भनिएको ६०७ कि.मि. सडक भारत सरकारले निर्माण गर्ने भनेकोमा ६७ कि.मि. सडक निर्माण भई सकेको छ । यसको निर्माण सम्पन्न गर्न १३ अर्ब रुपैया लाग्ने DPR बाट देखिन आएको भए तापनि भारत सरकारले ८ अर्ब मात्र अनुदान सहयोग प्रदान गर्ने भएको हुँदा नेपाल सरकारले ५ अर्ब बजेट सुनिश्चित गरी निर्माण कार्यलाई अगाडि बढाउनु पर्ने देखिन्छ । दोस्रो चरणमा बाँकी रहेको ११५२ कि.मि. सडकहरुको निर्माणका लागि नेपाल सरकारले नै DPR तयार गरी आफ्नै स्रोतबाट कार्य सम्पन्न गर्नु पर्नेछ । यसका लागि यसै आर्थिक वर्षमा आवश्यक रकम छुट्याएर तीन वर्षभित्र सम्पन्न गर्ने गरी काम अगाडि बडाउनु पर्दछ । सडक आयोजना अन्तर्गत पर्ने केही पुलहरु निर्माण सम्पन्न भइसकेको छ भने बाँकी रहेका पुलहरुमा टेन्डर भइसकेको, निर्माण कार्य पूरा नभई समय सिद्धिएको, ठेकेदारले कामलाई तिव्रता नदिई विभिन्न बहाना बनाई छोडेको जस्ता समस्या देखिंएका छन् ।

राजमार्गका सम्बन्धमा करिव २० देखि २५ कि.मि. सम्मको सडक खण्डलाई विभिन्न प्याकेजमा विभाजन गरी निर्माण गर्नु उपयुक्त देखिन्छ । अझै पनि कतिपय ठाउँमा सडकको Alignment परिवर्तन भएको, Right of Way Clear नभएको, मुआब्जा वितरणमा समस्या रहेको देखिएको छ । निर्माणकार्य द्रुत गतिमा सञ्चालन नहुनुमा नाकावन्दीको प्रभावका कारण कच्चा पदार्थ, इन्धन लगायत अत्यावश्यक वस्तु सर्वसुलभ रुपमा प्राप्त गर्न कठिनाई रहेको देखिन्छ । यसैगरी ठेकेदारको लापरवाही तथा निर्माण व्यवसायिको प्रभावकारिता कमजोर रहेको कारण पनि समस्या भएको देखिन्छ ।

यसको निराकरणका लागि सबै भन्दा पहिले राजमार्गको Alignment र Right of Way Clear गर्नु पर्ने हुन्छ । यसको लागि सम्बन्धित मन्त्रालयसँग समन्वय गरी प्रक्रिया अगाडि बडाउनु आवश्यक रहेको छ । यसैगरी मुआब्जा वितरणमा भएको समस्या छिटो भन्दा छिटो सुल्झाउन स्थानीय जिल्ला प्रशासन कार्यालय मार्फत काम अगाडि बडाउनु पर्ने देखिन्छ । ठेकेदार तथा निर्माण व्यवसायीको प्रभावकारीतामा वृद्धि गरी निर्माण कार्यसँग सम्बन्धित अत्यावस्यकीय निर्माण सामाग्री र वस्तुहरुको सहज उपलब्धता सुनिश्चित गरिनु पर्दछ ।

तराईका जिल्लाका अधिकांश सदरमुकाम जोडेर ग्रामीण भेग हुँदै जाने हुलाकी सडक निर्माण सम्पन्न हुँदा मधेसको जीवनस्तरमा सुधार हुने प्रायः निश्चित देखिन्छ । विकास पाउनु नागरिकको अधिकार हो । यसलाई

चरितार्थ गर्न हुलाकी राजमार्गको निर्माण गरी विकास प्रक्रियालाई द्रुत रुपमा अगाडि बडाउनु आजको मुख्य आवश्यकता रहेको छ ।

## सुझाव :

- हुलाकी सडक अन्तरगत पर्ने बाँकी रहेका सडकहरुको Detail Engineering Survey, Desingn गरी Detail Project report (DPR) तयार गर्नेतर्फ आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्ने,
- हुलाकी राजमार्ग अन्तर्गतका सडकहरु व्यवस्थित नभएका कारण आवागमनमा कठिनाई व्यहोर्नु परिरहेको छ । यसको मर्मत सुधारका लागि आवश्यक बजेट व्यवस्थापन गर्नु जरुरी देखिएको,
- समयमा योजना सम्पन्न गर्नको लागी अर्थ मन्त्रालय, वन मन्त्रालय, संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय तथा अन्य सम्बन्धित मन्त्रालयसँग आवश्यक समन्वय गरी निर्माणकार्यमा देखिएका समस्या समाधानका लागि समन्वय हुनु जरुरी देखिएको,
- कन्काई नदीमा निर्माणाधिन ७२३ मि. लामो पुल ठेकेदारले काम विचैमा छाडेको हुनाले विगत १ वर्षदेखि निर्माणकार्य ठप्प रहेको छ । त्यहाँ कार्यरत चौकिदारले समेत केही समयदेखि पारिश्रमिक नपाएको तथा कतिपय सामाग्रीहरुको भुक्तानी समेत नभएको हुँदा उक्त ठेकेदारलाई तुरुन्त कानुन अनुसार कार्वाही गरी तत्काल निर्माणकार्यको थालनी गर्नु पर्ने,
- हुलाकी राजमार्गले दक्षिण तराईका अधिकांश जनतालाई यसमार्गबाट आवतजावत गर्न तथा वैदेशिक व्यापार प्रवर्द्धन गर्न एवं यस अन्तर्गतका साहायक मार्गहरुबाट नेपालको तराई-पाहाडबिच आवत जावत वृद्धि भई देशको सन्तुलित विकास भई राष्ट्रिय एकताको सम्बर्द्धन गर्न महत्वपूर्ण हुने,
- निर्माण सामाग्रीको सहज उपलब्धतताको लागी नेपाल सरकारबाट सुनिश्चितता हुनुपर्ने ।

# कर्णाली अञ्चलको समग्र विकासका सम्बन्धमा गरेको स्थलगत अवलोकनको निष्कर्ष तथा सुझाव

## निष्कर्ष

यातायात पूर्वाधार आर्थिक र सामाजिक विकासको साँचो हो जसले अन्य पूर्वाधार विकास र विस्तारको ढोका खोल्छ । भौगोलिक विकटतासँगै अभाव र अशिक्षाको पर्याय बनेको कर्णाली यातायातको निकटतासँग जोडिएपछि सम्भावनाका चौतर्फी ढोका खुलेका छन् । कर्णाली विकासको मेरुदण्ड मानिएको राजमार्गले यहाँको कलिकोट, जुम्ला र मुगु जिल्लालाई छोईसकेको छ भने बाँकी रहेका दुई जिल्लामा सडक विस्तार कार्य द्रुत गतिमा भएकोले चाँडै नै नेपालका सबै जिल्ला सदरमुकामहरु सडक सञ्जालसँग जोडिने कुरामा विश्वस्त हुन सकिने अवस्था देखिन्छ । भौगोलिक विकटता, मौसमी प्रतिकूलता, विषम सामाजिक तथा राजनीतिक परिस्थिति कडा चट्टानयुक्त भूबनोट भएको यस क्षेत्रमा सामान्य अवस्थाबाट काम सम्पन्न हुन नसक्ने देखिए पछि सरकारले यी सडक खण्डहरुको विस्तारकार्य नेपाली सेनालाई सुम्पिएको हो । सडक विभागले निर्माण गर्दा ढिलाई हुनुको प्रमुख कारण ठेक्का प्रक्रिया हो । आर्थिक वर्षको आधा समय टेन्डर प्रक्रियामा वित्ने र ठेकेदारले विभिन्न कारण देखाएर ढिलासुस्ती गर्ने भएकोले सडक विभागबाट सडक निर्माण गर्दा ढिलाइ हुने भएको हो । सरकारले नेपाली सेनालाई निर्माणको जिम्मा दिनुमा विष्फोटक पदार्थको सुरक्षा र निर्माणमा तिब्रता नै हो । नेपाली सेनाले निर्माणको जिम्मा लिएपछि राष्ट्रिय दायित्व बोध गर्ने र स्थानीय श्रमशक्तिको प्रयोग गरेर निर्माणकार्य गर्ने भएको हुनाले निर्धारित समयमा नै स्तरीय काम सम्पन्न गर्न सक्नेमा स्थानीय बासी ढुक्क देखिएका हुन् ।

सरकारले यसै आर्थिक वर्षमा हुम्लाको सदरमुकाम सिमीकोटलाई उत्तरी नाका हिल्सासँग जोड्ने सडक निर्माण सम्पन्न गर्न तथा डोल्पा सदरमुकामलाई एक वर्षभित्र र हुम्ला सदरमुकामलाई दुई वर्षभित्र सडक सञ्जालमा जोडिने निश्चितता पनि बजेट बक्तव्य मार्फत जनाइसकेको अवस्था रहेको छ ।

आफ्नो जन्मस्थलमा आफ्नै पालामा अत्यास लाग्दा भिर छिचोलेर चार पाङ्ग्रे गाडी आफ्नै घर अगाडि गुड्ला भन्ने सोच्न पनि नसकेका कर्णालीबासी घर अगाडि गाडी गुडेको देख्दा ज्यादै हर्षित देखिएका थिए । सरकारी प्रतिवद्धता र राजनीतिक इच्छा शक्ति जागृत हुने हो भने कुनै पनि कार्य असम्भव छैन । कर्णाली करिडोर र जाजरकोट-डोल्पा (दुनै) सडक विस्तारमा नेपाली सेनाबाट भएको उत्साहजनक कार्य प्रगतिको उच्च मूल्याङ्कन हुनै पर्दछ । नेपाली सेनाबाट भइरहेको यस निर्माण कार्यलाई निरन्तर अनुगमन र पृष्ठपोषण समेत गरी कुनै पनि बाधा व्यवधान आउन नदिई समयमा नै सडक निर्माण सम्पन्न गर्न प्रोत्साहित गर्नु आजको प्रमुख आवश्यकता हो र राज्यको दायित्व पनि हो ।

## सुझाव तथा निर्देशन

कठिन भूगोल रहे पनि प्राकृतिक सुन्दरता र जैविक विविधताले भरिपूर्ण रहेको कर्णालीमा सडकको पहुँचले समृद्धिको ढोका खोल्ने कुरामा दुई मत छैन । नेपाली सेनाबाट निर्माणाधीन कर्णाली करिडोर र भेरी करिडोर ( उत्तर-दक्षिण लोकमार्ग) निर्माण सम्पन्न भए पश्चात् नेपालका सबै जिल्ला सदरमुकामहरु सडक सञ्जालसँग जोडिएका हुनेछन् । अत्यार लाग्दा भिर र पहरामा गोरेटो बाटो बनाई गुजारा चलाएका कर्णालीबासीहरु भिरको बाटोबाट लडेर मृत्यूबरण गर्नु परेको यथार्थ हाम्रा सामु छर्लङगै छ । त्यस्तो कठिन परिवेसमा नेपाली सेनाबाट निर्माणाधीन करिडोरको स्थलगत अवलोकन गर्न विकास समितिको संसदीय टोली त्यहाँ पुगेको थियो । स्थलगत

अवलोकन पश्चात् देखिएका समस्याहरुको समाधानका लागि संसदीय टोली नेपाल सरकारलाई देहाय बमोजिम सुझाव तथा निर्देशन गर्दछ :

- राष्ट्रिय गौरवका आयोजनाहरुलाई कुनै पनि अवस्थामा बजेट अभाव हुन नदिई सम्बद्ध निकायहरुबाट त्यसको अनुगमन निरन्तर रुपमा गरिनु पर्ने ।
- विभिन्न स्थानमा निर्माणाधीन करिडोरहरुको बजेट व्यवस्थापन गर्दा एकमुष्ट रुपमा नगरी छुट्टाछुट्टै रुपमा बजेट व्यवस्थापन गरिनु पर्ने । बजेट व्यवस्थापन रातो किताबमा नै स्पष्ट रुपमा उल्लेख गरिनु पर्ने ।
- निर्माणाधिन करिडोर (कर्णाली करिडोर तथा भेरी करिडोर) हरु अत्याधिक विकट भूबनोटमा रहेको हुँदा यसको अनुगमन र स्तरोन्नति गर्ने काम निरन्तर सम्बन्धित निकायले गर्नु पर्ने ।
- नेपाली सेनालाई दिइने आयोजनाहरु राष्ट्रिय रणनीतिक महत्वको आयोजनाहरु हुनेहुँदा यस्ता आयोजनाहरु समयमा नै प्रभावकारी ढंगले सम्पन्न गर्न आवश्यकीय साधनस्रोतहरु प्राथमिकता पूर्वक सहुलियत खर्चमा उपलब्ध गराउन आवश्यक देखिएको ।
- नेपाली सेना तथा अन्य विभागहरुबाट सडक निर्माण गर्दा स्थानीय जनशक्तिको प्रयोग गरी उनीहरुलाई आवश्यक तालिम उपलब्ध गराउनु पर्ने तथा महिला कामदारहरुलाई सीप मुलक तालिम दिई काम गर्न प्रोत्साहित गर्नु आवश्यक देखिएको ।
- निर्माण कार्यमा द्रुतता ल्याउन र इन्धन, विस्फोटक पदार्थ लगायत उपकरणहरुको ढुवानी गरिरहनु पर्ने हुँदा कर्णाली तथा भेरी करिडोर निर्माणका लागि Arial Support सुलभ तुल्याउन जरुरी भएकाले यी र यस्ता राष्ट्रिय प्राथिमिकता प्राप्त दुर्गम क्षेत्रको सडक निर्माणमा हवाई ढुवानीलाई इन्धन खर्चमात्र व्यहोर्ने गरी ढुवानी गर्ने व्यवस्था गर्न सैनिक हवाई सेवा महानिर्देशनालयलाई निर्देशन हुन सम्बन्धित निकायहरुलाई निर्देशन गरिएको ।
- कर्णाली राजमार्गलाई मृत्युमार्ग भनी विगतमा परिभाषित गरिएको हुँदा सडक निर्माण गर्दा सुरुमै घुम्ती उकालो मिलाई कम्तिमा पनि ६ मि. चौडा बनाई हरेक १०० देखि १५० मि. मा EasyPassing Zone राख्नु पर्ने । अब निर्माण गरिने सडक खण्डहरु २ लेनको बनाउनु पर्ने आवश्यक देखिएको ।
- सडक विभागबाट जारी भएको सडक सम्बन्धी Right of Way भौगोलिक विकटता र भूबनोट अनुसार सबै स्थानहरुमा कार्यान्वयन गर्न कठिनाई हुने भएकोले हिमाल, पहाड र तराईको लागि छुट्टाछुट्टै Right of Way Standard मा परिमार्जन गरिनु पर्ने ।
- उत्तर-दक्षिण सडक विस्तारको साथसाथै अव्यवस्थित रुपमा हुने बस्ती विकास (Ribbon Development) लाई व्यवस्थित सहरी बस्ती विकास गर्नु पर्ने देखिन्छ । यसर्थ जोखिममा रहेका गाउँबस्तिहरुलाई र सडक रेखांकन भित्र अव्यवस्थित रुपमा विकास हुने बस्तीहरु (Infomal Settlement) लाई व्यवस्थित गर्न सहरी वस्ती विकास आयोजनाहरुसँग समन्वय गरी समानान्तर रुपमा बस्ती विकास कार्यक्रमहरु अगाडि बढाउनु पर्ने देखिन्छ ।
- सडक निर्माणसँगै त्यहाँ निर्माण गर्नु पर्ने पुल-पुलेसाहरुको निर्माण पनि सँगसँगै गरिनु पर्ने । पक्की पुल ठेकेदार मार्फत बनाउँदा लामो समय लाग्ने गरेको विगतको परम्पराले स्थानीय जनसमुदायले सडकको प्रयोग निर्वाध रुपमा गर्न नपाउने अवस्था देखिएको हुँदा पक्की पुल नबनिन्जेलका लागि

आवश्यक स्थानहरुमा बेलीब्रिज लगाउने व्यवस्था हुनु पर्ने । छिन्वु जाजरकोट सडकको छेडेगाडामा निर्मित बेलिब्रिज जिल्लाको पहिलो पुल भएकोले र सडक निर्माणमा यसको बहुआयामिक उपयोगिता कायमै रहेकाले यो पुललाई यथावत कायम राख्नु पर्ने देखिएको । कन्काई नेपाल प्रगति जेभीसँग २०६९ असार २८ गते निर्माण सम्झौता भएको खुलालु पुलको निर्माण कार्यमा ठेकेदारबाट गरिएको ढिलाईका सम्बन्धमा आवश्यक छानबिन गरी म्याद गुज्रिसकेको ठेक्का प्रक्रिया रद्द गरिनु पर्ने तथा त्यस्तो ठेकेदारलाई कालो सूचिमा राखी कार्वाही प्रकृया अगाडि बढाउन आवश्यक देखिएको ।

- नेपाली सेनाको विकास निर्माण हेर्ने निकायको कार्यक्षेत्र बढ्दै गएको, Work Volume, कामको प्रकृति थपिएको, अवस्थामा पुरानो संरचनाले कार्य सम्पन्न गर्न कठिनाई देखिएको हुँदा कार्य क्षमतामा अभिवृद्धि गर्न संगठनात्मक संरचनामा विस्तार एवं स्तरोन्नति गरी प्राविधिक जनशक्ति, आवश्यक Equipment, लगायत निर्माणकार्यका लागि आवश्यक सम्पूर्ण सामाग्रीहरुको सही व्यवस्थापन हुनु पर्ने । सडक निर्माणमा संलग्न नेपाली सेनाको मनोबल बढाउन प्रोत्साहन भत्ता समय सापेक्ष रुपमा वृद्धि गरी हालको जिम्मेबारी बहन गर्न प्रोत्साहित गरि सडक निर्माण कार्य तिव्रगतिमा अगाडि बढाउन आवश्यक छ ।

# व्यवस्थापिका-संसद सचिवालय
## विधेयक शाखामा दर्ता भएका विधेयकहरुको विवरण
# दोस्रो अधिवेशन

| दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | मूल/ संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सदनमा प्रस्तुत | सामान्य छलफल | दफावार छलफल | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७३/०१/२६ | सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक | संशोधन | मा. श्री अग्नी प्रसाद खरेल, मन्त्री कानुन, न्याय तथा संसदीय मामिला | २०७३/०१/२७ | २०७३/०३/०१ | २०७३/०३/०१ | | | |
| २ | २०७३/०१/३१ | न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक | मूल | मा. श्री अग्नी प्रसाद खरेल, मन्त्री कानुन, न्याय तथा संसदीय मामिला | २०७३/०१/३१ | २०७३/०३/०१ | २०७३/०३/०१ | | | |
| ३ | २०७३/०२/१५ | आर्थिक विधेयक, २०७३ | मूल | मा. श्री विष्णु प्रसाद पौडेल, मन्त्री, अर्थ | २०७३/०२/१५ | २०७३/०२/१५ | २०७३/०३/२५ | २०७३।०४।०७ | २०७३।०४।०७ गतेको बैठकबाट अस्वीकृत | |
| ४ | २०७३/०२/१५ | ऋण तथा जमानत ( एक्काइसौं संशोधन) विधेयक, २०७३ | संशोधन | मा. श्री विष्णु प्रसाद पौडेल, मन्त्री, अर्थ | २०७३/०२/१५ | २०७३/०३/०१ | २०७३/०३/२५ | २०७३।०४।०७ | २०७३।०४।०७गतेको बैठकबाट अस्वीकृत | |
| ५ | २०७३/०२/१५ | राष्ट्र ऋण उठाउने विधेयक, २०७३ | मूल | मा. श्री विष्णु प्रसाद पौडेल, मन्त्री, अर्थ | २०७३/०२/१५ | २०७३/०३/०१ | २०७३/०३/२५ | २०७३।०४।०७ | २०७३।०४।०७ गतेको बैठकबाट अस्वीकृत | |
| ६ | २०७३/०२/१५ | विनियोजन विधेयक, २०७३ | मूल | मा. श्री विष्णु प्रसाद पौडेल, मन्त्री, अर्थ | २०७३/०२/१५ | २०७३/०३/०१ | २०७३/०३/२५ | | २०७३/०३/३० | २०७३/०३/३० |
| ७ | २०७३/०२/२१ | न्याय प्रशासन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ | मूल | मा. श्री अग्नी प्रसाद खरेल, मन्त्री कानुन, न्याय तथा संसदीय मामिला | २०७३/०२/२३ | | २०७३/०३/१६ | | | |
| ८ | २०७३/०२/३० | न्याय परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ | मूल | मा. श्री अग्नी प्रसाद खरेल, मन्त्री कानुन, न्याय तथा संसदीय मामिला | २०७३/०२/३१ | | २०७३/०३/१७ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | २०७३/०३/०६ | राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ | मूल | मा. श्री भीमबहादुर रावल, मन्त्री, उपप्रधान तथा रक्षा | २०७३/०३/०७ | २०७३।०३।२० | | | | |
| १० | २०७३/०४/०७ | सहकारी सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | मूल | मा. श्री चित्रबहादुर के.सी., मन्त्री, सहकारी तथा गरीबी निवारण | २०७३/०४/०९ | | | | | |
| ११ | २०७३/०४/०९ | राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ | मूल | मा. श्री अग्निप्रसाद खरेल, मन्त्री, शिक्षा | | | | | | |
| १२ | २०७३/०४/०९ | लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ | मूल | सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली | २०७३/०४/१२ | | | | | |

# सूचना तथा जनसम्पर्क शाखा
## (२०७३ वैशाख देखि असार मसान्त सम्म)

| क्र सं. | माननीयहरुलाई वितरित परिचय पत्रको प्रतिलिपि संख्या | पत्रकार परिचय पत्र नयाँ वितरण संख्या | | | पत्रकार परिचय पत्र नविकरण संख्या | | | | विशेष प्रवेश पास | कर्मचारी कक्ष | सूचनाको हक सम्बन्धी ऐन अनुसार सूचना उपलब्ध गराइएको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११ | पत्रकार कक्ष | सूचना केन्द्र कक्ष | फोटो पत्रकार कक्ष | पत्रकार कक्ष | सूचना केन्द्र कक्ष | फोटो पत्रकार कक्ष | एकदिने पास | ४१ | ३०६ | ३ |
| | | २४ | २२ | १० | ७२ | ५ | २७ | १७४ | | | |

## अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वयशाखा
## शाखाबाट २०७३ वैशाख देखि असार मसान्त सम्म सम्पादित मुख्य कार्यहरुको विवरण

| क.सं. | सम्पादित मुख्य कार्यहरु | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | कूटनीतिक राहदानीको लागि सिफारिश | ३७वटा | |
| २. | विशेष राहदानीको लागि सिफारिश | २ ” | |
| ३. | साधारण राहदानीको लागि सिफारिश | ११ ” | |
| ४. | भिषा नोटको लागि सिफारिश | ७१ ” | |
| ५. | नेपालबाट विदेश जाने प्रतिनिधि मण्डलको भ्रमण व्यवस्थापन सम्बन्धी काम | २ ” | |
| ६. | शिष्टाचार भेट व्यवस्थापन सम्बन्धी काम | १ ” | |

## प्रश्न तथा विवरण शाखा

- दोस्रो संविधान सभाको जम्मा बैठक १३६ भएको जस्मा बैठक संख्या १ देखि ४१ सम्म किताव तयार भएको, ४२ देखि ७० सम्म अन्तिम साफि तयार भएको ७१ देखि १३६ सम्म प्रथम चरण तयार भएको जस्मा बैठक संख्या ५२, १०३ देखि ११३ सम्म बांकी भएको ।

## जनशक्ति विकास महाशाखा

| क्र. सं. | तालिम/गतिविधि | खर्च भएको रकम/कैफियत |
|---|---|---|
| १. | मित्र राष्ट्र चीन (CHINA) सरकारले नेपाल सरकारलाई उपलब्ध गराएको 2016 Seminar on Anti-Money laundering for Nepal (Official) सेमिनार कार्यक्रममा यवस्थापिका-संसद सचिवालयका सहसचिव श्री जीवराज बुढाथोकी सहभागिताको लागि मनोनित हुनुभएको । (निर्णय ति : २०७३/०१/२१) | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |
| २. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलद्वारा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरुको लागि क्रम मिति २०७३/०१/२१ गतेदेखि सञ्चालित Advance Course on Management and Development विषयक तीस (३०) कार्यदिने सेवाकालिन प्रशिक्षण कार्यक्रममा सचिवालयका एकजना कर्मचारी उपसचिव श्री सुरेन्द्र अर्याल सहभागी हुनुभएको । (निर्णय मिति : २०७३/०१/२१) | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |
| ३. | नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, सूचना प्रविधि विभागद्वारा सूचना प्रविधि सम्बन्धी कार्य गर्ने (कम्प्युटर अपरेटर/टेक्निसियन/ना.सु./खरिदार वा सो सरह) का कर्मचारीहरुका लागि मिति २०७३/०१/२९ गतेदेखि सञ्चालित तीन (३) दिने Certified Secure Computer User विषयक तालिममा सचिवलायबाट ४ जना कर्मचारीहरु सहभागी हुनुभएको । (निर्णय मिति : २०७३/०१/२६)<br>सहभागी कर्मचारीहरु :<br>- कम्प्युटर अपरेटर श्री नमराज नगरकोटी<br>- कम्प्युटर अपरेटर श्री प्रकाशकुमार लामा<br>- कम्प्युटर अपरेटर श्री सुनिल सुवाल<br>- कम्प्युटर अपरेटर श्री करनबहादुर भाट | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |
| ४. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मन्त्रालयले मिति २०७३ बैशाख १ गतेका दिन आयोजना गरेको "सन्धि सम्झौता वार्ता, तर्जुमा र कानून तर्जुमा सम्बन्धी सरकारी अधिकारीको क्षमता अभिबृद्धि" सम्बन्धी तालिम कार्यक्रममा सचिवालयबाट ४ जना अधिकृतहरु कर्मचारीहरु सहभागी हुनुभएको । (निर्णय मिति : २०७३/०१/३०)<br>सहभागी कर्मचारीहरु :<br>- उपसचिव श्री एकराम गिरी | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |

| | | |
|---|---|---|
| | - उपसचिव श्री रामकुमार पौडेल<br>- कानून अधिकृत श्री हरिसिंह धामी<br>- शाखा अधिकृत श्री उदवीर नेपाली | |
| ५. | नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, सूचना प्रविधि विभागद्वारा मिति २०७३/०२/०६ गतेदेखि ७ गतेसम्म सञ्चालित Ethical Hacking and Countermeasures विषयक दुई (२) दिने तालिममा सचिवालयको तर्फबाट कम्प्युटर अधिकृत श्री प्रदीप कुमार नेपाल सहभागी हुनुभएको । (निर्णय मिति : २०७३/०२/०३) | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |
| ६. | लोकसेवा अयोगको विभिन्न परीक्षाबाट सिफारिस भई व्यवस्थापिका-संसद सेवामा प्रवेश गरेका र सचिवालयकै रिक्त पदमा बढुवा भई नयाँ पदमा नियुक्त भएका कर्मचारीहरुको लागि मिति २०७३ जेठ १८ गतेदेखि ३० गतेसम्म अन्तरक्रियात्मक भिमुखीकरण कार्यक्रम सञ्चालन भएको । (निर्णय मिति : २०७३/०२/०३)<br>सहभागी कर्मचारीहरु :<br>- शाखा अधिकृत श्री प्रदीप गुरागाईं<br>- शाखा अधिकृत श्री रामप्रसाद गैरे<br>- प्रा.स. श्री सुजितकुमार यादव<br>- खरिदार श्री सन्दीप सापकोटा<br>- खरिदार श्री मुनाकुमारी पोखरेल | रु. ४२३००।- |
| ७. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलद्वारा नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरुको लागि मिति २०७३/०२/२५ गतेदेखि मिति २०७३/०२/३१ गतेसम्म सञ्चालन भएको Training cum Workshop on ICT & E- Governance विषयक पाँच (५) कार्यदिने प्रशिक्षण कार्यक्रममा सचिवालयको तर्फबाट शाखा अधिकृत श्री नेत्र बहादुर कार्की सहभागी हुनुभएको । (निर्णय मिति : २०७३/०२/१६) | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |
| ८. | सचिवालयमा कार्यरत सवारी साधन उपलब्ध गराइएका इच्छुक आठ (८) जना सहसचिवहरुलाई सवारी साधनका पाटपुर्जा र तिनको सञ्चालन सम्बन्धी जानकारी तालिम मिति २०७३/०३/०९ गतेदेखि २०७३/०३/१५ गतेसम्म सञ्चालन गरिएको । (निर्णय मिति : २०७३/०२/२४)<br>सहभागी कर्मचारीहरु :<br>- सहसचिव श्री सोमबहादुर थापा<br>- सहसचिव श्री हिमलाल सुवेदी<br>- सहसचिव डा० भरतराज गौतम<br>- सहसचिव डा० रवि शर्मा अर्याल | रु. ६७८००।- |

| | | |
|---|---|---|
| | - सहसचिव श्री ध्रुवप्रसाद घिमिरे<br>- सहसचिव श्री कृष्णहरि खड्का<br>- सहसचिव श्री सुदर्शन खड्का<br>- सहसचिव डा० रोजनाथ पाण्डे | |
| ९. | सचिवालयमा कार्यरत सहसचिव डा० रोजनाथ पाण्डेलाईसावारी चलाउने प्रशिक्षण/तालिम (Driving Training) को लागि पेश्की स्वरुप रकम उपलब्ध गराउने निर्णय भएको । (निर्णय मिति : २०७३/०२/२७) | रु. १४०००।- |
| १० | कर्मचारी प्रशिक्षण प्रतिष्ठान जावलाखेलद्वारा नेपाल सरकारको राजपत्र अनंङ्कित प्रथम र द्वितीय श्रेणीका कर्मचारीहरुको लागि २०७३/०३/१५ गतेदेखि सञ्चालन भएको जीवन जिउने कला (Art of Living) विषय पन्ध्र (१५) कार्यदिने प्रशिक्षण कार्यक्रममा सचिवालयका टा. ना. सु. श्री लक्ष्मी महर्जन र खरिदार श्री चन्द्रा पौडेल सहभागी हुनुभएको । (निर्णय मिति : २०७३/०३/१४) | सम्बन्धित निकायको खर्चमा सञ्चालन भएको । |
| ११. | सचिवालयमा कार्यरत सहसचिव श्री शान्त कुमार तुलाधरलाईसावारी चलाउने प्रशिक्षण/तालिम (Driving Training) को लागि पेश्की स्वरुप रकम उपलब्ध गराउने निर्णय भएको । (निर्णय मिति : २०७३/०३/२१) | रु. १४०००।- |
| १२ | सचिवालयमा कार्यरत आठ जना कम्प्युटर अपरेटर कर्मचारीहरुका लागि मिति २०७३ असार २१ गतेदेखि २८ सम्म (३० घण्टाको) C & C++ तालिम कार्यक्रम सञ्चालन भएको । (निर्णय मिति : २०७३/०३/१९)<br>सहभागी कर्मचारीहरु :<br>- क. अ. श्री सुरेशराज सेढाई<br>- क. अ. श्री नमराज नगरकोटी<br>- क. अ. श्री जीवनकुमार निरौला<br>- क. अ. श्री प्रकाश कुमार लामा<br>- क. अ. श्री अरुण किशोर शर्मा<br>- क. अ. श्री सुनिल सुवाल<br>- क. अ. श्री करनबहादुर भाट<br>- क. अ. श्री लछीराम बुढामगर | रु.४३६००।- |

# कार्य व्यवस्था शाखा

# विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था र प्रयोग

## संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा १०० मा संघीय व्यवस्थापिकाको प्रधानमन्त्रीले र धारा १८८ मा प्रदेश व्यवस्थापिकाका मुख्य मन्त्रीले कुनैपनि वखत आफुमाथि प्रतिनिधिसभा वा प्रदेश व्यवस्थापिकाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वसको मतका लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्न सक्ने व्यवस्था रहेको छ । सम्बन्धित मन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा, सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र विश्वासको मतका लागि सभा समक्ष प्रस्ताव राख्नु पर्ने व्यवस्था संविधानले गरेको छ । उक्त विश्वासको मत सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको वहुमत वाट पारित हुन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुनेछ ।

त्यस्तै संघीय व्यवस्थापिका र प्रदेश व्यवस्थापिकाका प्रधानमन्त्री एवं मुख्य मन्त्रीमाथि सदनको विश्वास छैन भनि प्रतिनिधिसभामा तत्काल कायम रहेको सदस्य संख्याको एकचौथाई सदस्यहरुले हस्ताक्षर गरी अविश्वासको प्रस्ताव पेश गर्न सक्ने व्यवस्था गरेको छ । तर प्रधानमन्त्री वा मुख्य मन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अर्को अविश्वासको प्रस्ताव पेश गर्न नमिल्ने व्यवस्था समेत यस धाराले गरेको छ । अविश्वासको प्रस्तावमा भावी प्रधानमन्त्रीका लागि प्रस्तावित सदस्यको नाम समेत उल्लेख हुनुपर्ने र उक्त प्रस्ताव तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतले पारित हुनुपर्ने छ । साथै उक्त प्रस्ताव पारित भएमा राष्ट्रपति वा प्रदेश प्रमुखले उक्त प्रस्तावित व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गर्न सक्ने व्यवस्था छ ।

## संविधानको संक्रमणकालिन व्यवस्था

संघीय संसदको निर्वाचन भई त्यसको पहिलो अधिवेशन प्रारम्भ नभएसम्मको संक्रमणकालीन अवस्थामा धारा २९८ ले प्रधानमन्त्री निर्वाचनको व्यवस्था गरेको छ भने सोही धाराको उपधारा १२ १३ र १४ ले संक्रमणकालिन प्रधानमन्त्रीमाथिको विश्वास एवं अविश्वासको प्रस्तावको व्यवस्था गर्दै यस धारा बमोजिम नियुक्त प्रधानमन्त्रीले कुनैपनि वखत आफुमाथि व्यवस्थापिका संसदको विशवस छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक ठानेमा विश्वासको मतको लागि व्यवस्थापिका संसद समक्ष प्रस्ताव राख्न सक्ने साथै व्यवस्थापिका-संसदका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एक चौथाई सदस्यले यस धारा बमोजिम नियुक्त प्रधानमन्त्री उपर व्यवस्थापिका संसदको विश्वास छैन भनि लिखित रुपमा अविश्वासको प्रस्ताव पेश गर्न सक्ने र यस धारा बमोजम नियुक्त एउटै प्रधानमन्त्री उपर छ महिनामा एक पटक भन्दा बढी अविश्वासको प्रस्ताव पेश गर्न नसकिने व्यवस्था गरेको छ । उक्त प्रस्तावहरुको निर्णय तत्काल कायम रहेका व्यवस्थापिका-संसद सदस्य संख्याको बहुमतबाट हुने व्यवस्था कायमै राखेको छ ।

## व्यवस्थापिका-संसद नियमावलीमा रहेको व्यवस्था

व्यवस्थापिका-संसद नियमावली, २०७३ को नियम १५९ ले संविधानको धारा २९८ बमोजिम प्रधानमन्त्रीले आफुमाथि व्यवस्थापिका संसदको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक ठानेमा विश्वासको मतको लागि बैठक समक्ष दुई दिन अगावै सूचना दिन सक्ने र दुई दिन पछिको बैठकमा प्रधानमन्त्रीले वक्तव्य सहित विश्वासको मतको लागि प्रस्ताव गर्न सक्नेछ, साथै उक्त प्रस्तावमाथि सभामुखले तोकेको मिति र समयमा छलफल भइसकेपछि प्रधानमन्त्रीले जवाफ दिन सक्ने र त्यसपछि सभामुखले बैठकमा निर्णयार्थ प्रस्तुत गर्न सक्ने व्यवस्था छ ।

त्यस्तै नियमावलीको नियम १६० ले व्यवस्थापिका-संसदका सम्पूर्ण सदस्य संख्याको एकचौथाई सदस्यले प्रधानमन्त्री उपर विश्वास छैन भनि लिखित रुपमा आविश्वासको प्रस्ताव पेश गर्न सक्ने र ७ दिन पछि छलफल हुनेगरी सभामुखले तोकेको मिति र समयमा उक्त प्रस्तावमाथि छलफल भई अन्त्यमा प्रधानमन्त्रीले जवाफ दिइसकेपछि सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ सभामा पेश गरिने व्यवस्था छ । सभामा मत विभाजनबाट उक्त प्रस्तावलाई निर्णयार्थ पेश गर्दा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले पारित हुनु आवश्यक छ। प्रस्ताव पारित भएमा प्रधानमन्त्री आफ्नो पदबाट स्वतः मुक्त हुने व्यवस्था रहेको छ।

## २०४६ पछि हालसम्म प्रस्तुत विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी विवरण

२०४६ को बहुदलीय व्यवस्था पछि २०४७ को संविधान देखि २०७० को संविधानले समेत प्रधानमन्त्रीले विश्वासको मत लिन सक्ने र व्यवस्थापिका-संसदका एकचौथाई सदस्यले अविश्वासको प्रस्ताव राख्न सक्ने व्यवस्था कायमै राखेको छ । सो अनुसार यस सम्बन्धमा भएका काम कारवाहीहरु निम्नानुसार रहेको पाइन्छ:-

### विश्वासको मत

| अधिवेशन | प्रस्तावक | मतदान मिति | प्रस्तावको पक्षमा परेको मत | विपक्षमा परेको मत | अवस्था |
|---|---|---|---|---|---|
| आठौं | प्र.म. मनमोहन अधिकारी | ०५१।९।७ | १९८ | ० | स्वीकृत |
| नवौं | प्र.म. शेरबहादुर देउवा | ०५२।६।२ | १०७ | ८६ | स्वीकृत |
| एघारौं | प्र.म. शेरबहादुर देउवा | ०५३।२११।२३ | १०१ | ९२ | अस्वीकृत |
| एघारौं | प्र.म. लोकेन्द्र बहादुर चन्द | ०५३।१२।६ | ११३ | ८५ | स्वीकृत |
| बाह्रौं | प्र.म. सूर्यबहादुर थापा | ०५४।६।२३ | १०९ | २ | स्वीकृत |
| तेह्रौं | प्र.म. गिरिजाप्रसाद कोइराला | ०५५।१।५ | १४४ | ४ | स्वीकृत |
| पन्ध्रौं | प्र.म. गिरिजाप्रसाद कोइराला | ०५५।९।३० | १३६ | ४० | स्वीकृत |

### अविश्वासको प्रस्ताव

| अधिवेशन | विरुद्ध | प्रस्तावकहरु | छलफल मतदान मिति | प्रस्तावको पक्षमा परेको मत | विपक्षमा परेको मत | अवस्था |
|---|---|---|---|---|---|---|
| विशेष अधिवेशन | प्र.म. मनमोहन अधिकारी | प्रमुख विपक्षी दलका नेताश्री शेरबहादुर देउवा. समेत ७७जना | ०५२।५।२२, २३, र २४ गते | १०७ | ८८ | स्वीकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | माननीय सदस्यहरु | | | | |
| विशेष अधिवेशन | प्र.म. शेरबहादुर देउवा | प्रमुख विपक्षी दलका नेताश्री मनमोहन अधिकारी. समेत १०२ जना माननीय सदस्यहरु | ०५३।६,, ७ र ८ गते | १०१ | ८४ | अस्वीकृत |
| वाह्रौं | प्र.म. लोकेन्द्र बहादुर चन्द | प्रमुख विपक्षी दलका नेताश्री गिरिजाप्रसाद कोइराला समेत ८६ जना माननीय सदस्यहरु | ०५४।६।१६ , १७ र १८ गते | १०७ | ९४ | स्वीकृत |
| नेपालको संविधान प्रारम्भ भए पछिको दोस्रो अधिवेशन | प्र.म. के.पि. शर्मा ओली | प्रतिपक्षी दलका नेता मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) सहित १८१ जना माननीय सदस्यहरु | २०७३।४। ७, ८ र ९ गते | प्रस्ताव स्वीकृतिको लागि सदनमा प्रस्तुत गर्नु अगाडि नै प्रधानमन्त्रीले राष्ट्रपति समक्ष राजीनामा दिनुभई प्रस्ताव निर्णयार्थ पेश नभएको । | | |

# अनुसूची १

## आम्दानी, खर्च तथा आर्थिक कारोवारको विवरण

नेपाल सरकार
संविधान सभा /व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौ
**खर्चको फाँटवारी ( चालु खर्च)**
२०७३ साल असार महिना

म.ले.प.फा.नं. १२

आर्थिक वर्ष २०७२/७३
बजेट शिर्षक २०२०११३ संविधानसभा / व्यवस्थापिका -संसद

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वितिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी बजेट | बाँकी निकासा |
|---|---|---|---|---|---|---|
| ६०,६४०,४१०.०० | ४९९,३२४,४३७.४७ | २११११ तलब | ५३६,६०५,०००.०० | ४९९,३२४,४३७.४७ | ३७,२८०,५६२.५३ | |
| ६२०,०००.०० | ६,७४८,७८१.२४ | २१११३ महँगी भत्ता | ७,१८८,०००.०० | ६,७४८,७८१.२४ | ४३९,२१८.७६ | |
| ८,२४२,४४७.५० | ४९,५७६,४४७.५० | २१११९ अन्य भत्ता | ६१,६१७,०००.०० | ४९,५७६,४४७.५० | १२,०४०,५५२.५० | |
| १,११३,७९२.८९ | ६,८६३,५०३.१२ | २११२३ औषधी उपचार खर्च | ७,०९२,०००.०० | ६,८६३,५०३.१२ | १२८,४९६.८८ | |
| ८,२५१,६१६.०० | १६,८५२,८११.७४ | २२१११ पानी तथा बिजुली | १७,५३६,११६.०० | १६,८५२,८११.७४ | ६८३,३०४.२६ | |
| १,१००,०००.०० | १४,०७०,३४७.७७ | २२११२ संचार महसुल | १४,६७६,०००.०० | १४,०७०,३४७.७७ | ६०५,६५२.२३ | |
| ३८,३०५,३६३.३३ | १४०,४३१,८४२.८९ | २२२११ घर भाडा | १४३,३७१,०००.०० | १४०,४३१,८४२.८९ | २,९३९,१५७.११ | |
| ६७७,११५.०० | ९,११०,०३६.२१ | २२२२१ इन्धन | १४,११५,०००.०० | ९,११०,०३६.२१ | ५,००४,९६३.७९ | |
| १,७५३,२१५.३० | ४,७४४,१८६.९६ | २२२३१ संचालन तथा मर्मत संभार | ४,७५०,०००.०० | ४,७४४,१८६.९६ | ५,८१३.०४ | |
| १,३१५,७७८.५० | १०,१०३,३६८.२८ | २२३११ कार्यालय सम्बन्धी खर्च | १३,५५०,०००.०० | १०,१०३,३६८.२८ | ३,४४६,६३१.७२ | |
| ११५,९६५.०० | १,५४०,५७८.५३ | २२४११ सेवा र परामर्श खर्च | ३,०००,०००.०० | १,५४०,५७८.५३ | १,४५९,४२१.४७ | |
| -१७०,८०७.०० | ४३,९११,६००.०० | २२५११ कार्यक्रम खर्च | ४६,३८९,६४२.०० | ४३,९११,६००.०० | २,४७८,०४२.०० | |
| ५७१,६३८.०० | १,७४६,३१७.५० | २२५२१ औषधी खरिद | १,७५०,०००.०० | १,७४६,३१७.५० | ३,६८२.५० | |
| ६७७,११२.०० | २९,१८२,६०६.०० | २२६११ अनुगमन,मूल्यांकन खर्च | ३६,५८८,६०४.०० | २९,१८२,६०६.०० | ७,४०५,९९८.०० | |
| -१२६,२५०.०० | १,४९७,७३८.४४ | २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ४,०००,०००.०० | १,४९७,७३८.४४ | २,५०२,२६१.५६ | |
| १३,६६८,८८९.९५ | १०१,८४६,४३१.३६ | २२७११ विविध खर्च | ११३,४७०,०००.०० | १०१,८४६,४३१.३६ | ११,६२३,५६८.६४ | |
| १३४,०६४,९९९.५९ | ९२९,४६२,२३३.१२ | कुल जम्मा : | १,०१६,७६६,४६२.०० | ९२९,४६२,२३३.१२ | ८७,३०४,२२८.८८ | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च ९२९४६२२३३.१२
पेश्की :
म्याद नाघेको ०
म्याद ननाघेको ६२११०९५
पेश्की घटाई खुद खर्च ९२३२५११३८.१२

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

म.ले.प.फा.नं. १३

नेपाल सरकार
संविधान सभा /व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौ

## खर्चको फाँटवारी ( चालु खर्च)

२०७३ साल असार महिना

आर्थिक वर्ष २०७२/७३

बजेट शिर्षक २०२००१३ संविधानसभा / व्यवस्थापिका संसद

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / वितिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ३९३,८८२.५० | ४,४४४,८२१.६० | २११११ तलब | ४,५५६,०००.०० | ४,४४४,८२१.६० | १११,१७८.४० | |
| ३,०००.०० | १५,०००.०० | २१११३ महंगी भत्ता | १५,०००.०० | १५,०००.०० | ०.०० | |
| १५,१००.०० | ११२,६००.०० | २१११९ अन्य भत्ता | १४६,०००.०० | ११२,६००.०० | ३३,४००.०० | |
| ०.०० | ०.०० | २११२३ औषधी उपचार खर्च | ३००,०००.०० | ०.०० | ३००,०००.०० | |
| ६,९००.०० | ८०,४००.०० | २२१११ पानी तथा बिजुली | ८१,०००.०० | ८०,४००.०० | ६००.०० | |
| ६,९००.०० | ८०,४००.०० | २२११२ संचार महसुल | ८१,०००.०० | ८०,४००.०० | ६००.०० | |
| ०.०० | ०.०० | २२१२१ घर भाडा | ३००,०००.०० | ०.०० | ३००,०००.०० | |
| २०२,५१५.०० | १,०३१,२३८.०० | २२२११ इन्धन | १,३८८,०००.०० | १,०३१,२३८.०० | ३५६,७६२.०० | |
| १,७००.०० | ४५,०००.०० | २२३११ कार्यालय सम्बन्धी खर्च | ४९,०००.०० | ४५,०००.०० | ४,०००.०० | |
| ८०८,०३०.०० | २,२४२,७०४.०० | २२६११ अनुगमन,मूल्यांकन खर्च | ४,०३०,०००.०० | २,२४२,७०४.०० | १,७८७,२९६.०० | |
| ०.०० | ३,४५१,८८७.७७ | २२७११ विविध खर्च | ३,६००,०००.०० | ३,४५१,८८७.७७ | १४८,११२.२३ | |
| १,४३८,०२७.५० | ११,५०४,०५१.३७ | कुल जम्मा : | १४,५४६,०००.०० | ११,५०४,०५१.३७ | ३,०४१,९४८.६३ | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च ११५०४०५१.३७
पेश्की :
म्याद नाघेको ०
म्याद ननाघेको ०
पेश्की कटाई खुद खर्च ११५०४०५१.३७

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

प्रतिवेदन नं . २११ प्रयोगकर्ता : मिति २०७३-०४-०३ पाना नं १ / १

म.ले.प.फा.नं. १३

नेपाल सरकार
संविधान सभा /व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौ

## खर्चको फाँटवारी ( पुंजीगत खर्च)

२०७३ साल असार महिना

आर्थिक वर्ष २०७२/७३

बजेट शिर्षक : २०२०१२४ संविधानसभा / व्यवस्थापिका -संसद सचिवालय

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / विनियोजन संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | बजेट | निकासा |
| ०.०० | ०.०० | २९२२१ भवन निर्माण | १९,८००,०००.०० | ०.०० | १९,८००,०००.०० | |
| २६८,८७८.०० | १,९९८,४८६.६७ | २९३११ फर्निचर तथा फिक्चर्स | २,०००,०००.०० | १,९९८,४८६.६७ | १,५१३.३३ | |
| ५,३३५,०००.०० | ७,३१६,१४१.०० | २९४११ सवारी साधन | ७,३३५,०००.०० | ७,३१६,१४१.०० | १८,८५९.०० | |
| १,६६६,६३८.४० | ४,०४८,७४९.२६ | २९५११ मेसिनरी औजार | ४,३१०,०००.०० | ४,०४८,७४९.२६ | २६१,२५०.७४ | |
| ५,७७२,४३८.०० | १२,४७०,६१४.२१ | २९६११ पूँजीगत सुधार खर्च -सार्वजनिक निर्माण | १२,६००,०००.०० | १२,४७०,६१४.२१ | १२९,३८५.७९ | |
| १३,४६५,१५४.४० | २५,८४४,०९१.१३ | कुल जम्मा : | ४६,०४५,०००.०० | २५,८४४,०९१.१३ | २०,२००,९०८.८७ | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च २५८४४०९१.१३
पेश्की :
म्याद नाघेको : ०
म्याद ननाघेको : ०
पेश्की कटाई खुद खर्च : २५८४४०९१.१३

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

प्रतिवेदन नं . २११ प्रयोगकर्ता : मिति २०७३-०४-११ पाना नं १ / १

म.ले.प.फा.नं. १३

नेपाल सरकार
संविधान सभा /व्यवस्थापिका - संसद
व्यवस्थापीका संसद सचिवालय, सिंहदरबार,काठमाण्डौ

## खर्चको फाँटवारी ( चालु खर्च)

२०७३ साल असार महिना

आर्थिक वर्ष २०७२/७३

बजेट शिर्षक : २०२०१२३ संविधानसभा / व्यवस्थापिका -संसद सचिवालय

| महिनाको खर्च | महिना सम्मको निकासा | खर्च / विनिय संकेत नम्बर | अन्तिम बजेट | महिना सम्मको खर्च | बाँकी बजेट | बाँकी निकासा |
|---|---|---|---|---|---|---|
| ६,४०५,९२१.५८ | १०,७१६,२६२.७० | २११११ तलब | १०९,७०३,००७.०० | १०,७१६,२६२.७० | ११,९८१,७७४.३० | |
| १४३,८८८.११ | ३,९६३,७८०.३२ | २१११३ महंगी भत्ता | ३,४४०,०००.०० | ३,९६३,७८०.३२ | ४७६,१२१.१८ | |
| ८,७०६,७९७.१० | ९३,२७०,८३१.३१ | २११३४ अन्य भत्ता | ११०,६९१,०००.०० | ९३,२७०,८३१.३१ | १७,४२०,१६८.६९ | |
| ३१९,६११.०० | १,७७७,४११.०० | २११२१ पोशाक | १,९१०,०००.०० | १,७७७,४११.०० | १३२,५८९.०० | |
| ७३८,३६४.०६ | ३,२९९,६२४.१३ | २२१११ पानी तथा बिजुली | ४,६००,०००.०० | ३,२९९,६२४.१३ | १,३००,३७५.८७ | |
| १४७,१८०.१३ | ३,०८८,३१०.७८ | २२११२ संचार महशुल | ३,९००,०००.०० | ३,०८८,३१०.७८ | ८११,६८९.२२ | |
| ६६९,४४६.०० | ७,८२२,३४५.११ | २२२११ इन्धन | ९,३४८,०००.०० | ७,८२२,३४५.११ | १,५२५,६५४.८९ | |
| २,३११,३११.०० | ११,९७८,८८७.२२ | २२२१२ संचालन तथा मर्मत संभार | १२,०००,०००.०० | ११,९७८,८८७.२२ | २१,११२.७८ | |
| -४,९४७.०० | १,४६६,४९६.०० | २२२१३ बिमा | १,६६०,०००.०० | १,४६६,४९६.०० | १९३,५०४.०० | |
| ८२८,२४१.०० | १३,६४८,०९३.६६ | २२३११ कार्यालय सम्बन्धी खर्च | १४,४५४,०००.०० | १३,६४८,०९३.६६ | ८०५,९०६.३४ | |
| ८१,७७३.०० | ३४१,४०१.०० | २२३१३ पुस्तक तथा सामग्री खर्च | ४००,०००.०० | ३४१,४०१.०० | ५८,५९९.०० | |
| १,१९६,०३८.०० | १,६६४,००७.०० | २२४११ सेवा र परामर्श खर्च | ३,०५०,०००.०० | १,६६४,००७.०० | १,०८५,९९३.०० | |
| ६०४,३८४.०० | ४,१३७,२४३.१२ | २२४१९ अन्य सेवा शुल्क | ४,७७८,०००.०० | ४,१३७,२४३.१२ | ७४०,६६६.८८ | |
| ४१५,७९४.०० | ६०९,१७९.०० | २२५११ कर्मचारी तालिम | ६१०,०००.०० | ६०९,१७९.०० | १०,८११.०० | |
| ०.०० | ५००,०००.०० | २२५२९ अन्य कार्यक्रम खर्च | ५००,०००.०० | ५००,०००.०० | ०.०० | |
| ०.०० | १,४३१,११६.०० | २२६११ अनुगमन,मूल्यांकन खर्च | १,४४०,०००.०० | १,४३१,११६.०० | ८,७८४.०० | |
| ४,७५०.०० | १३,७००.०० | २२६१२ भ्रमण खर्च | ५००,०००.०० | १३,७००.०० | ४८६,३००.०० | |
| ७४०,९४४.०० | ३,२६९,००१.८२ | २२७११ विविध खर्च | ३,६०९,०००.०० | ३,२६९,००१.८२ | ३३९,९९८.१८ | |
| १४,९६६,८२४.९४ | २४६,२९८,९४०.७२ | कुल जम्मा : | २९४,८४४,०००.०० | २४६,२९८,९४०.७२ | ४८,५४५,०५९.२८ | |

कोषको अवस्था

बैंकको नाम :
जम्मा खर्च २४६२९८९४०.७२
पेश्की :
म्याद नाघेको : १३४०००
म्याद ननाघेको : ०
पेश्की कटाई खुद खर्च : २४६१६४९४०.७२

बैंकको खाता नं :
बैंक मौज्दात :
नगद मौज्दात :
जम्मा :

तयार गर्ने
हस्ताक्षर
दर्जा
मिति :

सिफारिस गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

स्वीकृत गर्ने :
हस्ताक्षर
दर्जा
मिति :

# अनुसूचि–२

## व्यवस्थापिका-संसद

### दोस्रो अधिवेशन

## २०७३ वैशाख बाट २०७३ असार मसान्त सम्म बसेका बैठक बसेको मिति, प्रारम्भ र अन्त्य सम्बन्धी विवरण

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| १. | १ | २०७३/०१/२१ | ११:०५ | ११:१० |
| २. | २ | २०७३/०१/२२ | ११:०५ | ५:०५ |
| ३. | ३ | २०७३/०१/२३ | १०:०५ | ६:१५ |
| ४. | ४ | २०७३/०१/२४ | ११:०५ | ५:०० |
| ५. | ५ | २०७३/०१/२५ | ११:१० | ५:५० |
| ६. | ६, ७ | २०७३/०१/२६ | ४:१०<br>६:३० | ५:३५<br>६:४० |
| ७. | ८ | २०७३/०१/२८ | ११:०५ | ५:१५ |
| ८. | ९ | २०७३/०१/२९ | ११:०५ | ४:३० |
| ९. | १० | २०७३/०१/३० | ११:०५ | ६:३० |
| १०. | ११, १२ | २०७३/०१/३१ | ११:०५<br>१२:४० | १२:२५<br>३:०० |
| ११. | १३ | २०७३/०२/१३ | ११:१५ | १२:१० |
| १२. | १४ | २०७३/०२/१४ | २:१० | ३:२० |
| १३. | १५,<br>१६ | २०७३/०२/१५ | ४:०५<br>६:३५ | ६:१५<br>६:४५ |
| १४. | १७ | २०७३/०२/१७ | ११:०५ | ११:२० |

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| | | | १२:१०<br>१:३५<br>३:०५ | १२:१५<br>१:४०<br>३:१० |
| १५. | | २०७३/०२/१८ | सूचना प्रकाशित | |
| १६. | १८ | २०७३/०२/१८ | १:३० | ५:३५ |
| १७. | १९ | २०७३/०२/१९ | ११:०५ | ६:०० |
| १८. | २० | २०७३/०२/२० | ११:१५ | ६:१० |
| १९. | २१,<br>२२ | २०७३/०२/२१ | ११:०५<br>३:०५ | १:१०<br>४:१० |
| २०. | २३ | २०७३/०२/२२ | ३:१० | ५:२० |
| २१. | २४, २५ | २०७३/०३/०१ | ११:२०<br>३:१० | १२:५५<br>३:३५ |
| २२. | २६ | २०७३/०३/०५ | ११:२५<br>१:५० | १:०५<br>२:०५ |
| २३. | २७ | २०७३/०३/०६ | ११:१०<br>१२:५० | १२:०५<br>३:३५ |
| २४. | २८ | २०७३/०३/०७ | ११:०५ | ५:०० |
| २५. | २९ | २०७३/०३/०८ | ११:१० | २:४० |
| २६. | ३० | २०७३/०३/०९ | ११:१० | ११:२० |
| २७. | | २०७३/०३/१० | सूचना प्रकाशित | |
| २८. | ३१ | २०७३/०३/१२ | ११:१५ | ११:३० |

| सि.नं. | बैठक संख्या | मिति | शुरु समय | अन्त्य समय |
|---|---|---|---|---|
| | | | १२:४५<br>१:५० | १२:५५<br>२:०० |
| २९. | ३२ | २०७३/०३/१३ | १:१५ | १:३० |
| | | | सूचना प्रकाशित | |
| ३०. | | २०७३/०३/१४ | सूचना प्रकाशित<br>सूचना प्रकाशित | |
| ३१. | ३३ | २०७३/०३/१५ | सूचना प्रकाशित | |
| ३२. | | | २:१० | ५:०५ |
| ३३. | ३४ | २०७३/०३/१६ | ११:०५ | ४:३५ |
| ३४. | ३५ | २०७३/०३/१७ | ११:०० | ३:२० |
| ३५. | ३६, ३७ | २०७३/०३/१९ | ११:००<br>११:४५ | ११:०५<br>४:५५ |
| ३६. | ३८ | २०७३/०३/२० | ११:०५ | ४:४५ |
| ३७. | ३९ | २०७३/०३/२१ | ११:०५ | ५:१० |
| ३८. | ४० | २०७३/०३/२२ | ११:०५ | ५:१० |
| ३९. | ४१ | २०७३/०३/२४ | ११:१५ | ६:१५ |
| ४०. | ४२ | २०७३/०३/२५ | १:१० | ७:५५ |
| ४१. | | २०७३/०३/२९ | सूचना प्रकाशित<br>सूचना प्रकाशित | |
| ४२. | | २०७३/०३/३१ | सूचना प्रकाशित | |